# आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड,२०६९

# ( Standards for Operation and Management of Residential Child Care Homes, 2012)

२०६९

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

# विषय सूची


| क्र.सं. | बिषय | पेज नं. |
|---|---|---|
| १. | प्रयोजन तथा औचित्य | ३ |
| २. | आवासीय बालगृहको सुविधा आवश्यक भएको सुनिश्चित गर्ने र बालबालिकाको भर्ना प्रक्रिया | ८ |
| ३. | बालगृहको आवासीय सुविधा,पूर्वाधार र परिवेश | १४ |
| ४. | बालगृहमा संरक्षित बालबालिकाको आधारभूत अधिकारको प्रत्याभुति | १९ |
| ५. | बालबालिकाको अधिकारको रक्षा एवं बालसंरक्षणसम्बन्धी व्यवस्था | ३२ |
| ६. | बालगृह सञ्चालनको न्यूनतम शर्त र बालगृहको व्यवस्थापन, स्रोत तथा मानव संशाधन | ४२ |
| ७. | बालबालिकाको बिदाइ / पुनर्एकीकरण वा पुनर्मिलन योजना | ४७ |
| ८. | बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रकृयाहरु | ५० |
| अनुसूचिहरु : | | |
| १. | एच.आई.भी. संक्रमित बालबालिकाका लागि बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्ड, कार्यविधि निर्देशिका २०६७ | ५४ |
| २. | बालसंरक्षण कार्ययोजनाको रुपरेखा | ५८ |
| ३. | आवासिय बालगृह प्रतिवेदन ढाँचा | ६१ |

## १. प्रयोजन तथा औचित्य (Rationale)

### १.१ पृष्ठभुमि (विषय प्रवेश, सन्दर्भ)

बाल्यावस्था विशेष स्याहार र सहयोग प्रदान गरिनुपर्ने अवस्था हो । खासगरी वयस्क स्याहारकर्ताले बालबालिकालाई सहज बाल्यकाल दिन अर्थात् अवसर र सम्भावनाहरुलाई बढोत्तरी गर्ने वातावरण तयार गर्न तथा उनीहरूलाई सबै किसिमका नकारात्मक अनुभवहरूबाट जोगाउने जिम्मेवारी वा उत्तरदायित्व लिएका हुन्छन् र लिनुपर्दछ ।

बालबालिका हुर्कनका लागि सबैभन्दा उत्तम स्थान परिवार नै हो । परिवारले आफ्ना सम्पूर्ण सदस्यहरूको र बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण प्रदान गर्दै र समाजको आधारभूत इकाइको रुपमा कार्य गर्दछ । सामान्य अवस्थामा परिवारले आफ्नो यो अहम दायित्वलाई पालना गर्दछ नै । तर कुनै कारणवश परिवारले आफ्नो दायित्व निर्वाह गर्न नसकेको खण्डमा परिवारलाई आवश्यक संरक्षण र सहयोग प्रदान गरिनुपर्दछ, जुन प्राथमिक रुपमा राज्यको दायित्व हो । परिवारमा बाबुआमा वा अन्य स्याहारकर्ता नभएर अथवा भएर पनि बालबालिकाको स्याहारको जिम्मेवारी निर्वाह गर्ने अवस्थामा नभएर कुनै बालबालिकाको आधारभूत अधिकारको उपभोग हुन नसक्ने अवस्था उत्पन्न भएको खण्डमा राज्यले त्यस्तो बालक वा बालिका वा बालबालिकाको स्याहारसुसार वा पालनपोषणको जिम्मेवारी वहन गर्नुपर्दछ । यसरी राज्यले जिम्मेवारी वहन गर्दा सम्भव भएसम्म परिवारलाई आवश्यक सहायता उपलब्ध गराई सो बालक वा बालिकालाई आफ्नो वृहद सामाजिक र साँस्कृतिक परिवेश, नातागोता तथा अन्य यस्तै पारिवारिक वातावरणमा नै उनीहरूको स्याहार सुसारको व्यवस्था गर्नुपर्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान एवम् प्रतिवद्धताअनुरूप समेत यो राज्यको दायित्व हो । सरकारी निकाय र गैरसरकारी सामाजिक संघसंस्थाले बालबालिकाको अधिकार प्रवर्द्धनका लागि अथवा बालसंरक्षणको लागि कार्य गर्दा सकेसम्म बालबालिकालाई पारिवारिक वातावरणमा नै सहयोग प्रदान गर्नुपर्दछ किनभने सबै बालबालिकालाई उनीहरूको आफ्नो व्यक्तित्वको पूर्ण र सामञ्जस्यपूर्ण विकासको लागि प्रसन्नता, मायाममता र समझदारीपूर्ण पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकार छ ।

आमाबाबु दुबै नभएका वा भएर पनि हेरचाह गर्ने शारीरिक वा मानसिक अवस्थामा नभएका परिवारका बालबालिकाको हेरचाह सकेसम्म उसको वृहद परिवार (Extended Family) र नजिकको नातेदारले गर्नुपर्छ र राज्यले त्यसमा सघाउनुपर्दछ । परिवारको संरक्षण पाउन नसक्ने अवस्थामा रहेका र नपाएका बालबालिकाको अभिभावक राज्य हो र राज्यले त्यस्ता बालबालिकाको अधिकार संरक्षण गर्ने उत्तरदायित्व बहन गर्नुपर्दछ ।

राज्यले पारिवारिक वातावरण अर्थात् वृहद परिवार वा नातेदारको हेरचाह वा संरक्षण पाउन नसक्ने अवस्था भएमा मात्र बालबालिकालाई पारिवारिक वातावरणमा हुर्कन सक्ने अरू विकल्पहरू पालन-प्रथा (Foster Care), देशभित्रै धर्मसन्तान हुने जस्ता विकल्प उपलब्ध गराउनुपर्छ । परिवारमा हुर्कन पाउने माथि भनिएका जस्ता कुनै पनि विकल्प उपलब्ध नभएका बालबालिकाका हकमा मात्र राज्यले त्यस्ता बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उपभोग गर्ने अवसर उपलब्ध गराउन सकेसम्म कम समयका लागि आवासीय बालगृहमा राख्न अनुमति दिने र व्यवस्था गर्नुपर्दछ ।

राज्यले संस्थागत स्याहार अर्थात् आवासीय बालगृहमा स्याहार र संरक्षण प्राप्त गर्ने बालबालिकाको अधिकारको संरक्षण एवम् बालबालिकाको उच्चतम हितको रक्षा गर्न आवश्यक सबै कानूनी, प्रशासनिक, संरचनागत व्यवस्थाहरू सुनिश्चित गर्नुपर्दछ । एउटा बालक वा बालिकाले परिवारमा जस्तै मायाममता, अपनत्व तथा सम्मानपूर्ण वातावरण संस्थागत स्याहार अर्थात् आवासीय बालगृहमा पाउन तथा शिक्षा, स्वास्थ्य, स्याहार र संरक्षणलगायतका उसको आधारभूत अधिकारहरू सुनिश्चित गर्न तथा बालबालिकाको उच्चतम हित र आत्मसम्मानको रक्षा गर्न राज्यले कानून, नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ । यसो गर्दा राज्यले खासगरी बालबालिकाको शारीरिक, मानसिक, भावनात्मक वा संवेगात्मक तथा सामाजिक विकासको लागि चाहिने वातावरण तयार गर्ने र बालबालिकामाथि आइपर्न सक्ने संरक्षणका जोखिमहरूलाई न्यून गर्ने गरी कार्य गर्नुपर्दछ । विभिन्न अध्ययनहरूबाट के पुष्टि भएको छ भने परिवारमा रहेकाभन्दा बालगृहमा रहेका बालबालिका दूर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेलचेक्राइँबाट बढी पीडित हुने गरेका छन् । अतः

बालगृहमा रहेका बालबालिकाको संरक्षणमा विशेष ध्यान दिनु राज्यको कर्तव्य हुनआउँछ । यसो गर्दा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बालसंरक्षणको मूल्य मान्यता साथै राष्ट्रिय परिवेश र आवश्यकताअनुसार बालबालिकाको संरक्षणको व्यवस्था सुनिश्चित गर्नुपर्दछ । राज्यको यिनै उत्तरदायित्व परिपालनामा सहयोग पुर्‍याउन तथा बालबालिका बालगृहमा रहेका अवस्थामा बालअधिकारको उपभोग, दूर्व्यवहारबाट रक्षा तथा वैयक्तिक विकासका अवसर सुनिश्चित गर्न यी न्यूनतम मापदण्डहरू तय गरिएका हुन् ।
यी मापदण्डहरू मूलतः बालअधिकारसम्बन्धी महासन्धि १९८९ का धारा ७, ८, ९, १०, १२, १३, १६, १८, १९, २०, २४, २५, २७, २८, ३०, ३१, ३७, ३९ बालबालिकासम्बन्धी ऐन, २०४८ का दफा ३५, ३७, ४१-४५, बालबालिकासम्बन्धी नियमावली, २०५१ को नियम १५, २०, २१, २२, २४, २८, बालकल्याण गृह सञ्चालन निर्देशिका, २०५५ को नियम ५, ६, बाल सुधारगृह सञ्चालन कार्यविधि, २०५७ को नियम ४, ६, ११ र बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड, २०६० बाट निर्देशित छन् । साथै मापदण्ड तयारीमा अन्य अन्तर्राष्ट्रिय मापदण्ड र निर्देशिकाहरूको पनि आधार लिइएको छ ।

## १.२ उद्देश्य

यो न्यूनतम मापदण्डले अन्तर्राष्ट्रिय मानवअधिकार कानून विशेषगरी बालअधिकारसँग सम्बन्धित महासन्धिहरूका व्यवस्थालाई आवासीय बालगृहमा हेरचाह वा संरक्षण पाइरहेका बालबालिकाको मानवअधिकार, उनीहरूको उच्चतम हित तथा उनीहरूको सम्वृद्धिलाई प्रवर्द्धन गर्ने उद्देश्य राख्दछ । यसको साथसाथै यस मापदण्डले उल्लिखित बालबालिकाको मानवअधिकारका प्रावधानहरूलाई व्यवहारिकरुपमा कार्यान्वयन गर्न आवश्यक संयन्त्रको विकास गर्ने तथा तिनको सुदृढीकरण गर्ने अनि संस्थागत स्याहारसँग सम्बन्धित ज्ञान र अनुभवको विकास गर्ने अभिप्राय राखेको छ । यस मापदण्डलाई आवासीय बालगृह सञ्चालन गर्ने सम्बन्धित निकाय वा संघसंस्था समेतले व्यवहारिक ढंङ्गबाट कार्यान्वयन गर्न सहयोग पुर्‍याई उनीहरूको सेवा तथा संस्थागत प्रभावलाई अभिवृद्धि गर्ने प्रयासको साथ तर्जुमा गरिएको हो ।

## १.३ संक्षिप्त नाम र प्रारम्भ :

(१) यी मापदण्डहरूको नाम **"आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९"** रहेको छ ।

(२) यी मापदण्डहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

## १.४ परिभाषा

यो न्यूनतम मापदण्डका सन्दर्भमा तलका परिभाषा लागू हुनेछन् :

क) "बालबालिका" भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई सम्झनुपर्दछ ।

ख) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, हजूरबुबा, हजूरआमासमेत सदस्य भएको एउटै चुल्होमा पकाएर खाने परिवारलाई सम्झनुपर्छ र सो शब्दले एकासगोलमा बस्ने अन्य नातेदारलाई समेत जनाउँछ

ग) "बाबु वा आमा" भन्नाले बालबालिकालाई जन्म दिने बाबु वा आमा सम्झनुपर्छ र सो शब्दले सौतेनी बाबु वा आमा वा धर्मसन्तान लिने बाबु वा आमालाई समेत जनाउँछ ।

घ) "आवासीय बालगृह" भन्नाले विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह र संरक्षणको लागि नेपाल सरकार वा स्थानीय निकायले वा कुनै संस्थाले प्रचलित कानुनअनुसार स्वीकृति लिई स्थापना गरी सञ्चालनमा रहेका आवासीय बालगृहलाई सम्झनुपर्छ । "आवासीय बालगृह" ले संस्थागत स्याहार, आवासीय हेरचाह प्रदान गर्ने गृह, बालगृह, अनाथालयजस्ता जुनसुकै नाममा सञ्चालित गृहसमेतलाई बुझाउनेछ ।

ङ) "विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले देहायका बालबालिकालाई सम्झनुपर्छ:

१) बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका,
२) बाबुआमाबाट त्यागिएका वा बिछोडिएका वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका,
३) बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेलाँ र दूर्व्यवहार गरिएका,

४) बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका,

५) घर वा बसोबासको स्थायी ठेगान नभएका समेतका बालबालिका ।

च) “आवासीय स्याहार वा हेरचाह” भन्नाले परिवारभन्दा बाहिर कुनै खास समूहलाई पुर्‍याइने स्याहार वा हेरचाह सेवालाई बुझाउँछ ।

छ) ‘‘बाल-अश्लीलता” भन्नाले बेहोस पारी वा नपारी बालबालिकाको यौन अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौन क्रियाकलापमा संलग्न गराई भिडियो वा तस्वीर खिच्ने वा उतार्ने वा विद्युतीय वा कुनै पनि सञ्चार माध्यम वा पत्रपत्रिका, पोष्टर, छापा, चलचित्र वा यस्तै अन्य माध्यमबाट अश्लील चित्रण एवं प्रदर्शन गर्ने गराउने वा त्यस्ता सामग्रीको उत्पादन, बिक्री वितरण, संकलन वा प्रचारप्रसार गर्ने गराउने कार्य सम्झनुपर्छ ।

ज) ‘‘बाल-यौनदुर्व्यवहार’’ भन्नाले बालबालिकाको स्वीकृति लिई वा नलिई कुनै प्रलोभन, लोभ, लालच, डर, त्रास, धाक-धम्की देखाई कुनै आर्थिक फाईदाका लागि वा अन्य अनुचित उद्धेश्यले बालबालिकालाई शारीरिक वा मानसिक रुपमा क्षति पुग्ने वा व्यक्तित्व वा चरित्रमा आघात पुग्ने गरी प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रुपमा गरिने यौनजन्य क्रियाकलाप सम्झनुपर्छ ।

झ) “बाल-वेश्यावृत्ति” भन्नाले पारिश्रमिक वा अरु कुनै प्रकारको प्रतिफलको लागि यौनजन्य क्रियाकलापहरूमा बालक वा बालिकाको प्रयोग गर्ने कार्य सम्झनुपर्छ ।

ञ) “शोषण” भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ ।

ट) “मनोवैज्ञानिक सहयोग” भन्नाले कार्यक्रमको त्यस्तो संरचनालाई बुझाउँछ जसले बालबालिका, परिवार तथा समुदायलाई संकट व्यवस्थापन गर्न तथा स्वस्थ मनोसामाजिक विकास पुनर्प्राप्ति गर्न तथा चुनौतिपूर्ण परिवेशमा लचकता अपनाउन सहयोग गर्छ ।

ठ) “चिकित्सक” भन्नाले नेपाल मेडिकल काउन्सिलले तोकेको योग्यता पुगेको र त्यहाँ दर्ता भई अनुमति प्राप्त गरेका चिकित्सकलाई बुझाउनेछ ।

ड) “मनोचिकित्सक” भन्नाले नेपाल सरकार तथा नेपाल मेडिकल काउन्सिलले तोकेको योग्यता पुगेको र प्रचलित कनुनअनुसार तोकिएको निकायमा दर्ता भई मनोचिकित्सकको अनुमति प्राप्त व्यक्तिलाई बुझाउनेछ ।

ढ) “हेरचाहकर्ता” भन्नाले आवासीय बालगृहमा बालबालिकाको प्रत्यक्ष हेरचाह कार्य गर्न सक्ने अवस्थामा रहेको वयस्क महिला वा पुरुषलाई बुझाउनेछ ।

ण) “बालमनोविज्ञ” भन्नाले मनोविज्ञान वा यससँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता पुरा भई बालबालिकाको क्षेत्रमा कार्यरत वा कुनै पनि विषयमा स्नातक तहको शिक्षा हासिल गरी कम्तीमा ४ महिनाको बाल-मनोविज्ञानसम्बन्धी तालिम प्राप्त गरी बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई बुझाउँछ ।

त) “सामाजिक कार्यकर्ता” भन्नाले सोसियल ओर्क वा यससँग सम्बन्धित विषयमा स्नातक तहको शिक्षा हासिल गरेको वा मानविकी तथा समाजशास्त्र वा अन्य कुनै संकायमा स्नातक भई कम्तीमा ४ महिनाको समाजिक कार्यकर्ताको तालिम लिई समाजिक क्षेत्रमा कार्यरत व्यक्तिलाई बुझाउनेछ ।

थ) “कानूनसँग विवादमा परेका बालबालिका” भन्नाले प्रचलित कानूनले अपराध ठहरिने कार्य गरेको भनी अभियोग लागेको वा अदालतबाट त्यसमा ठहर भई सजाय तोकिएको बालक वा बालिकालाई बुझाउनेछ ।

द) “बालबालिकाविरुद्धको हिंशा” भन्नाले प्रचलित कानूनले निषेध गरे अनुरुप बालबालिकालाई गम्भीर आघात पर्ने गरी उनीहरूमाथि भएको सबै प्रकारको शारीरिक, मानसिक, यौनजन्य वा भावनात्मक दूर्व्यवहारलाई बुझाउनेछ ।

### १.५ आधारभूत सिद्धान्तहरू

बालबालिकाको सर्वपक्षीय उन्नति, प्रगतिको लागि जिम्मेवार व्यवसायिकरुपमा दक्ष व्यक्तिहरू तथा अन्य जिम्मेवार व्यक्तिहरूले आवासीय बालगृहमा हेरचाह वा स्याहार तथा संरक्षणका लागि रहेका बालबालिकाको मानवअधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिका लागि खासगरी बालअधिकारसम्बन्धी महासन्धि १९८९ तथा बालबालिकाको अधिकारसँग सम्बन्धित अन्य अन्तरर्राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रावधानहरूमा उल्लेख भए अनुरुप देहायका एकअर्कामा सम्बन्धित (Cross-cutting) सिद्धान्तहरूलाई सम्मान गर्नुपर्दछ :

क) **सम्मान (Dignity)**: प्रत्येक बालक वा बालिका आफैंमा एक विशिष्ट तथा मूल्यवान व्यक्तित्व हो र ऊ मानव समुदायको एक महत्वपूर्ण सदस्य हो । तसर्थ ऊसको व्यक्तिगत सम्मान तथा मर्यादा, उसका खासखास आवश्यकताहरू तथा गोप्यताको उचित सम्मान र संरक्षण गरिनुपर्दछ ।

ख) **भेदभाव रहितता (Non-Discrimination)**: प्रत्येक बालक वा बालिकासँग उसको वा अभिभावकको वा कानूनी अभिभावकको वर्ण, जातजातीयता, रंग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक उत्पत्ति, क्षेत्रीयता, सम्पत्ति, अपाङ्गता तथा जन्म वा अन्य अवस्था लगायतका कुनै पनि कुराका आधारमा बिभेद गर्न पाइनेछैन । साथै सबै बालबालिकालाई माथि उल्लेखित अवस्थाहरूबाट पृथक रहेर स्वच्छ तथा समान व्यवहार पाउने अधिकार छ ।

ग) **बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child)**: प्रत्येक बालबालिकालाई उसको सर्वोत्तम हितलाई पहिलो प्राथमिकता दिइएको पाउने अधिकार हुन्छ । यसको मतलव सार्वजनिक अथवा निजामती कल्याणकारी, सामाजिक संस्थाहरू, प्रशासनिक वा न्यायिक निकायहरूले बालबालिकासँग सम्बन्धित काम गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनुपर्दछ । बालबालिकाको उच्चतम हितको सिद्धान्त वा प्रावधानले कुनै पनि बालक वा बालिकालाई सम्भावित सबै प्रकारका नकारात्मक अनुभवबाट उसको संरक्षणको अधिकार तथा उच्चस्तरको विकासको लागि चाहिने अवसरलाई समेट्छ ।

- ***संरक्षण (Protection)***: प्रत्येक बालबालिकालाई बाँच्न पाउने तथा जीवन रक्षाको अधिकार छ र उसलाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहार तथा वेवास्ताबाट संरक्षित हुने अधिकार छ । आवासीय बालगृहको हेरचाह वा संरक्षणमा रहेका बालबालिकासमेत संरक्षणको जोखिममा पर्न सक्ने हुनाले यसबाट जोगाउन विशेष उपायहरु अपनाउनुपर्दछ ।

- ***सर्वाङ्गिण तथा सन्तुलित विकास (Harmonious Development)***: प्रत्येक बालबालिकालाई सकेसम्म उच्चस्तरको सर्वाङ्गिण तथा सन्तुलित विकासको अवसर पाउने अधिकार छ । त्यसैगरी उसलाई आफ्नो शारीरिक, बौद्धिक, आत्मीक, नैतिक तथा सामाजिक बृद्धि र विकासका लागि पूर्ण अवसर सहितको उच्चस्तरीय जीवन यापन गर्न पाउने अधिकार छ । गम्भीररुपमा आघातमा परेको (Tramatized) बालक वा बालिकालाई उसको स्वस्थ्य विकासको प्रत्याभूत गराउन सबै उचित कदमहरू चालिनुपर्दछ ।

घ) **विचार अभिव्यक्ति र सहभागिताको अधिकार (Right to Expression and Participation)**: प्रत्येक बालबालिकालाई उनीहरूसँग प्रत्यक्ष वा अप्रतक्ष्य सम्बन्ध राख्ने विषयमा आफ्नो दृष्टिकोण, विचार तथा विश्वास, उनको आफनै शब्दमा स्वतन्त्ररुपमा प्रकट गर्न पाउने अधिकार छ । हरेक बालबालिकालाई उनीहरूको जीवनमा असर गर्ने हरेक निर्णयमा आफ्ना दृष्टिकोणहरू सहित योगदान पुरयाउने अधिकार छ । बालबालिकाको अभिव्यक्तिको अधिकार तथा निर्णमा सहभागी हुन पाउने अधिकारलाई उसको बढ्दो क्षमता, उमेर, बौद्धिकविकासको सापेक्षतामा उचित एवम् जिम्मेवारीपूर्ण ढंङ्गमा सम्मान एवम् कदर गरिनुपर्दछ ।

## १.६ यो मापदण्डको कार्यान्वयन

**यो मापदण्डको कार्यान्वयन गर्दा-**

- समाजको आधारभूत समूहका रुपमा रहेका बालबालिकाको विकास, हित तथा संरक्षणको लागि परिवार सबैभन्दा महत्वपूर्ण इकाई भएकाले बालबालिकालाई सकेसम्म आफ्ना बाबुआमा वा अभिभावक तथा संभव भएसम्म अन्य वृहद परिवारका सदस्य वा नातेदारहरूसँग रहने गरी परिवारमा फर्कन सक्षम बनाउन जोड दिइनेछ ।

- कुनै खास बालक वा बालिकाको सन्दर्भमा खास खास कारणले गर्दा आवासीय बालगृहमा राखेर गरिने हेरचाह वा संरक्षण आवश्यक छ यसको अरु कुनै विकल्प छैन अर्थात् तत्कालीन अवस्थामा यो उपयुक्त तथा व्यवहारिक हुन्छ भनी सक्षम अधिकारीबाट एकीन गरिएको अवस्थामा मात्र आवासीय बालगृहको सेवा सीमित हुनेछ ।

- यो विस्तृत मापदण्डको सकेसम्म प्रभावकारी रुपमा तथा क्रमवद्ध कार्यान्वयन सुनिश्चित गर्नका लागि राज्यको तर्फबाट आवश्यक मानवीय तथा वित्तिय श्रोतहरु विनियोजन गर्न सबै सम्भाव्य उपायहरूमा जोड दिइनेछ ।

- देशमा हाल विद्यमान आर्थिक तथा सामाजिक अवस्थाले गर्दा यो विस्तृत मापदण्डमा उल्लेख भएका सबै प्रावधानहरूको पूर्ण कार्यान्यनमा केही समय लाग्न सक्दछ । त्यसो भए तापनि बालगृहको सञ्चालन गर्दा एवम् त्यहाँ संरक्षित बालबालिकाको आधारभुत मानवअधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि यस मापदण्डले अख्तियार गरेका आधारभूत सिद्धान्तहरुलाई खासरूपमा मनन् गरिनेछ । साथै, यस मापदण्डको पूर्ण कार्यान्वयनको लागि सम्बन्धित सबै निकाय वा संघसंस्थाको क्षमता अभिवृद्धिको लागि आवश्यक अभिमुखीकरण र तालीम सञ्चालन  गरिनेछ ।

- यो न्यूनतम मापदण्डको कार्यान्वयनको नियमितरूपमा अनुगमन तथा मुल्याङ्कन गर्न प्रचलित राष्ट्रिय कानूनको मातहतमा एक स्वतन्त्र संयन्त्र वा निकायको सुनिश्चित गर्नु राज्यको उत्तरदायित्व हुनेछ ।

## २. आवासीय बालगृहको सुविधा आवश्यक भएको सुनिश्चित गर्ने र बालबालिकाको भर्ना प्रक्रिया (Entry Process and Admission Procedure)

यस अध्यायमा सातवटा मापदण्डहरू रहेका छन् । यी मापदण्डहरूले अन्यकुराहरूको अलावा देहायका पक्षहरूमा जोड दिएका छन्:

- आवासीय बालगृह बालबालिकाको लागि अन्तिम विकल्पको रुपमा हुनुपर्नेछ र त्यहाँ उनीहरूलाई सकेसम्म कम समयको लागि राखिनुपर्दछ ।
- आवासीय बालगृहले भर्ना भएका र त्यहाँ बसिरहेका प्रत्येक बालबालिकाको व्यक्तिगत विवरण फाइल तयार पार्ने र अद्यावधिक गर्नुपर्नेछ ।
- दुर्व्यवहार, यातना वा भेदभाव पीडित वा दुर्घटनामा परेका कुनै पनि बालक वा बालिका आवासीय बालगृहमा भर्नाका लागि आएमा वा पठाइएमा बालगृहले तत्काल उसको स्वास्थ्य परीक्षण, मनोसामाजिक स्याहार र कानुनीको प्रक्रिया शुरु गरिहाल्नुपर्नेछ ।
- आवासीय बालगृहमा भर्ना भएपछि बालबालिकालाई खानपीन, आवास र पोशाक उपलव्ध गर्नुपर्नेछ ।
- आवासीय बालगृहले बालबालिका भर्ना प्रक्रिया, बालगृहका सेवा सुविधाहरू र जिम्मेवारी तथा कर्तव्यहरू, गोपनीयता, अनुशासनसम्बन्धी नीति तथा नियमहरू, बालबालिकाको बिदाइ र अनुगमन योजनालगायतका पक्षहरूलाई समेटेर आन्तरिक कार्यनिर्देशिका बनाएर लागू गर्नुपर्नेछ ।
- यदि बालबालिकाको आमाबाबु वा आफन्तजनहरू पत्ता लागेमा वा फेला परेमा उनीहरूलाई आवासीय बालगृहमा भर्ना भएका बालक वा बालिकाको बारेमा जानकारी दिनुपर्नेछ ।
- आवासीय बालगृहमा रहेका बालबालिकाको सम्पत्ति वा अरु पैतृक अधिकारको संरक्षणको जिम्मा लिनुपर्नेछ यसको लागि बालगृहले सम्बन्धित सरकारी निकाय तथा अधिकारीहरूसँग समन्वय गरी कार्य गर्ने जिम्मेवारी लिनुपर्नेछ ।

### मापदण्ड : १ आवासीय बालगृह बालबालिकाको हेरचाहको अन्तिम उपाय भएको सुनिश्चित गरिनुपर्दछ ।

बालगृहले भर्नाका लागि ल्याइएका वा कतैबाट सिफारिस भै आएका बालबालिका आवासीय बालगृहमा राख्नुपर्ने अवस्थाका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका हुन् र उनीहरूलाई आवासीय बालगृहको स्याहार र संरक्षण आवश्यक छ भनी एकीन गर्नुपर्दछ । साथै, त्यस्ता बालबालिकालाई परिवार वा संयुक्त परिवार वा नातेदारको संरक्षणमा राखेर स्याहारसुसार, पालन र भरणपोषण हुन सक्ने अवस्था विद्यमान नरहेको हुनुपर्दछ । यस कुराको निश्चित गर्नको लागि बालबालिका भर्ना गर्दा बालगृहले देहायका कागजात लिनुपर्दछ :

क. सम्बन्धित बालबालिकाको आमाबाबु नभएको वा भएर पनि अति गरिवी वा विपन्नताको कारण तथा शारीरिक वा मानसिक अवस्थाका कारण पालनपोषण गर्ने अवस्थामा नरहेको र परिवारको कुनै सदस्य, संयुक्त परिवार र नजिकका नातेदार वा अरू कुनै परिवारमा राखेर पालनपोषण गर्न सकिने अवस्था नभएको व्यहोरा खुलेको जिल्ला प्रशासन कार्यालय र गाउँविकास समिति वा नगरपालिका वा स्थानीय प्रहरी कार्यालयको पत्र,

ख. स्थानीय जिल्ला प्रशासन कार्यालय वा गाउँविकास समिति वा नगरपालिका वा सम्बन्धित प्रहरी कार्यालय वा अन्य यस्तै अख्तियार प्राप्त निकायले बालक वा बालिकालाई बालगृहमा भर्ना गरिदिन गरेको सिफारिस वा अनुरोध पत्र,

ग. वेवारिस वा असहाय अवस्थामा फेला परेका वा फेला परी पठाइएका नवजात शिशु वा आफ्नो आमाबाबु र परिवारका बारेमा जानकारी दिन नसक्ने अवस्थामा रहेका बालबालिकाका हकमा सोही व्यहोरा खुलेको बालगृह रहेको ठाउँको गाउँविकास समिति वा नगरपालिकाको प्रतिनिधिसमेतको रोहबरमा तयार गरिएको सर्जमिन मुचुल्का, र

घ. सम्भव भएमा भर्ना हुने बालक वा बालिकाको जन्मदर्ता प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजात ।

उल्लिखित कागजातको आधारमा सो बालक वा बालिकालाई बालगृहमा राखी भर्ना गर्नुपर्ने अवस्था देखिएमा सम्बन्धित बालगृहको प्रमुख वा बालगृहका अख्तियारी प्राप्त व्यक्तिले सोही बालगृहका कम्तीमा अरू २ जना कर्मचारीसमेतको रोहबरमा सो बालक वा बालिकालाई बालगृहमा भर्ना गर्ने निर्णय गरी त्यसलाई बालगृहको निर्णय पुस्तिकामा लिखितरुपमा

लेखी भर्ना गर्नेछन् । यसरी निर्णय पुस्तिकामा निर्णय उतार गर्दा सो बालक वा बालिकालाई भर्ना गर्दाको अवस्थामा के के कागजात उपलब्ध भएको थियो सोससमेत विवरणमा खुलाउनुपर्नेछ ।

कुनै पनि बालक वा बालिकालाई बालगृहमा भर्ना गर्ने वा नगर्ने निर्णय गर्नको लागि बालगृहले छानविनको विस्तृत प्रक्रिया अपनाउनुको साथै भर्ना गर्दा बालक वा बालिकाको आवश्यकताको आधारमा योजना बनाउनुपर्दछ । साथै, बालगृहले आफ्नो संस्थागत संरचनाभित्र बालक वा बालिकालाई भर्ना गर्ने निर्णय लिनको लागि एक संयन्त्र वा पद्धति निर्धारण गर्नुपर्दछ । बालक वा बालिकालाई बालगृहमा भर्ना गर्ने कुरा निजको अवस्था र आवश्यकता या भनौं 'केस बाई केस' को आधारमा उपयुक्त वा दक्ष व्यक्तिहरु जस्तै सामाजिक कार्यकर्ता, मनोविमर्शकर्ता, बालगृहका प्रशासक, स्थानीय निकायका प्रतिनिधिहरु सहितको टोलीले गर्नुपर्दछ । यस्तो निर्णयको प्रक्रियामा बालक वा बालिकाको उमेर, विकासको स्तर र परिपक्वताको आधारमा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुको साथसाथै संभव भएसम्म उसको बाबुआमा, अभिभावक वा संरक्षकको समेतलाई संलग्न गराइनुपर्दछ ।

बालक वा बालिकालाई बालगृहमा भर्ना गरिसकेपछि उसँग भर्ना गर्दाको वखत उपलब्ध सबै कागजातको प्रति, बालगृहले भर्ना गर्ने निर्णय गरेको निर्णय पुस्तिकाको प्रतिको साथसाथै देहायको विवरण समेत खुलाई बालक वा बालिकाको व्यक्तिगत विवरण फाइल तयार गर्नुपर्नेछ *(मापदण्ड २ पनि हेर्नुहोस्)* :

अ) बालबालिकालाई गृहमा भर्ना गर्न ल्याउने वा पठाउने व्यक्ति वा संस्थाको नाम, ठेगाना सहितको विवरण खुलेको कागज । बालगृहले भर्ना गर्न ल्याउने व्यक्तिको नागरिकताको प्रमाणपत्र र निज कुनै संस्थासँग आवद्ध भएको भए परिचयपत्रको नक्कल प्रति माग गर्नुपर्नेछ ।

आ) बालबालिकाको भर्ना गर्न ल्याउँदाको अवस्थालाई झल्कने गरी बालगृहले तयार गरेको व्यक्तिगत अवलोकन फाराम ।

इ) बालक वा बालिकाको नाम, ठेगाना, उमेर र शारीरिक अवस्थासमेत झल्कने गरी बालगृहले तोकिएको ढाँचामा भरेको फाराम ।

ई) बालक वा बालिकाको उमेर र अवस्थालाई विचार गरी आफ्नो बारेमा कुराकानी गर्न सक्ने अवस्थामा रहेको बालक वा बालिकासँग भर्ना गर्दाकै समयमा सामाजिक कार्यकर्ता वा बालमनोविज्ञ समेतको उपस्थितिमा सामान्य सोधपुछ गरी त्यसको अभिलेख र भर्नागर्दाका बखतमा प्राप्त अन्य सबैखाले जानकारिको फेरिहस्त ।

उ) बालक वा बालिका सिकिस्त बिरामी भएमा वा गम्भीर चोटपटक लागेमा वा अन्य संकटमा परेमा जानकारी दिनुपर्ने व्यक्ति, संस्था र स्थानीय निकायको पूर्ण ठेगानासहितको विवरण ।

**टिप्पणी**

- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकामा- अ) बाबुआमा दुबै नभएका र परिवारका अरु कसैले पनि हेरचाह नगरेका, आ) बाबुआमाबाट त्यागिएका वा बिछोडिएका वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका, इ) बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेलाँ र दुर्व्यवहार गरिएका, ई) बाबु वा आमा भएर पनि शारीरिक वा मानसिक अशक्तताका कारणले बालबालिकाको हेरचाह गर्न सक्षम नभएका, र/वा उ) घर वा बसोबासको स्थायी ठेगान थाहा नभएका बालबालिका हुन् ।
- बालगृहमा ल्याइएको वा सिफारिस भै आएको वा पठाइएको बालबालिकाको जीवन नै जोखिममा परेको वा सिकिस्त बिरामी भएको अवस्थामा निजलाई आवश्यक स्वास्थोपचारलगायतको सेवाहरू तत्काल उपलब्ध गराए र मात्र अरू प्रक्रिया थाल्नुपर्दछ ।
- बालगृहमा भर्ना गर्ने निर्णय भएपछि सो बालक वा बालिकालाई गृहमा रहेका अरू बालबालिका र कर्मचारीसँग घुलमिल गराउन बालसहज वातावरणमा स्वागत कार्यक्रमको आयोजना गर्नुपर्दछ ।
- बालक वा बालिकालाई बालगृहमा भर्ना गरिसकेपछि सिफारिसकर्ता निकाय, सम्बन्धित जिल्लाको जिल्ला बालकल्याण समिति र जिल्ला प्रशासन कार्यालयलाई सोको जानकारी दिनुपर्दछ ।
- सो बालक वा बालिकालाई बालगृहमा भर्ना गरेपछि स्थानीय गाउँविकास समिति वा नगरपालिकाबाट प्राप्त सिफारिसको व्यहोरा ठीक साँचो हो वा होइन भनी बुझ्न आवश्यक ठानेमा बालगृहले आवश्यक छानबिन गर्न सक्दछ । यदि कुनै कागजातमा कुनै किसिमको संका लागेमा सकेसम्म छिटो स्थानीय अधिकारी वा जिल्ला वा केन्द्रीय बालकल्याण

समितिलाई जानकारी गराउनुपर्दछ ।

- बालगृहले बालक वा बालिकालाई भर्ना गर्न सिफारिस गर्ने निकायलाई निज बालक वा बालिकाको हक लाग्ने सम्पत्ति भए नभएको विषयमा पनि उल्लेख गर्न लगाउनुपर्छ र प्राप्त विवरणलाई व्यवस्थित रुपमा बालबालिकाको व्यक्तिगत विवरण फाइलमा संरक्षित गरेर राख्नुपर्दछ ।
- कुनै पनि बालगृहले बालक वा बालिकाको जन्मको स्थिति, उसको परिवारको जातजाति, भाषा, सम्प्रदाय, वर्ण, धर्म, लिङ्ग, शारीरिक अवस्था वा असक्तता आदिको आधारमा मात्र भर्ना नगर्ने निर्णय गर्नुहुँदैन । तर, बालगृहमा कुनै खास अवस्थामा रहेका अर्थात् विशेष हेरचाहको आवश्यकता भएका बालबालिकालाई आवश्यक विशिष्टिकृत सेवा उपलब्ध नभएको आधारमा भर्ना नलिने निर्णय गरेकोलाई यस नियमको उलंघन गरेको मानिनेछैन । बालगृहले त्यस्तो विशेष स्याहार वा विशिष्टीकृत सेवा उपलब्ध भएको बालगृहको बारेमा उपलब्ध भएसम्मको जानकारी दिई सहयोग गर्नु उसको कर्तव्य हुनेछ । तत्कालको लागि त्यस्तो सेवा प्रदान गर्ने निकाय फेला नपरेमा छोटो अवधिको लागि बालगृहले सकेसम्म विशेष संरक्षणको व्यवस्था गर्नुपर्नेछ ।
- सम्बन्धित सरकारी निकाय वा स्थानीय निकायबाट आफूले प्रदान गर्ने सेवासँग मेल खाने अवस्थामा रहेका बालक वा बालिका भर्नाको लागि सिफारिस भै आएका खण्डमा आफ्नो बालगृहमा भर्ना गर्नु सम्बन्धित बालगृहको कर्तव्य हुनेछ ।
- बालगृहले आफ्नो बालगृहमा बस्दाको अवस्थामा बालबालिकालाई संरक्षकत्व प्रदान गर्नेछ ।
- बालगृहले बालगृहमा भर्ना भएका बालबालिकाको-क) कानूनी कागजात समेत उल्लेख भएका व्यक्तिगत विवरण फाइल, ख) स्वास्थ्यसम्बन्धी विवरण फाइल र ग) विद्यालय जाने बालबालिकाको हकमा शिक्षासम्बन्धी विवरण फाइल गरी ३ वटा फाइल खडा गरी दुरुस्त राख्नुपर्नेछ । यस्ता फाइलहरू अख्तियारप्राप्त अधिकारी वा निकायले अवलोकन गर्न चाहेको बेलामा तुरुन्त उपलब्ध गराउनुपर्नेछ । साथै बालगृहमा रहेका बालबालिकाको स्थानान्तरण भै अन्यत्र गएमा वा परिवारमा वा समाजमा पुनर्स्थापना भै गएमा सो फाइलको आवश्यक कागजात जिल्ला बालकल्याण समितिको रोहवरमा १ प्रति बालबालिकासँगै दिई पठाउने, १ प्रति जिल्ला बालकल्याण समितिलाई दिने र १ प्रति आफैंसँग सुरक्षित राख्नुपर्दछ ।

**मापदण्ड : २ बालगृहमा भर्ना गरिने बालबालिकाको पूर्ण परिचय खुल्ने व्यक्तिगत विवरण तयार गर्नुपर्दछ ।**

व्यक्तिगत विवरणमा निम्नअनुसारका कागजपत्रहरू संलग्न हुनुपर्दछ :

**क. बालबालिकाको पुर्ख्यौली परिचय कायम हुने, हक स्थापित हुने तथा अन्य व्यक्तिगत विवरण खुल्ने कागजपत्र ।**
**ख. बालगृहमा भर्ना गर्न ल्याइएका वा सिफारिस भै आएका वा पठाइएका बालबालिकाले आफ्नोबारेमा दिएको जानकारी ।**
**ग. भर्ना गर्ने समयमा खिचिएको बालबालिकाको तस्वीर ।**
**घ. बालबालिकाको स्वास्थ्य र पोषणको स्थिति, उचाइ तथा तौलसहितको विवरण ।**
**ङ. बालबालिकाको साथमा रहेको कुनै गहना वा अन्य परिचय खुल्ने वस्तु वा मूल्यवान वा अन्य कुनै वस्तुको विवरण ।**
**च. भर्ना गर्न पठाउने वा ल्याउने व्यक्ति वा संस्थाको अनुरोध, सिफारिस पत्र वा सर्जमिनको कागज ।**
**छ. बालबालिकाको शैक्षिक, स्वास्थ्य तथा अन्य कुनै विवरण भएका कागजपत्र भए सोसमेत ।**

**टिप्पणी**

- लिखित कागजातमा उल्लेख भएको र बालबालिकाले दिएको जानकारीमा फरक परेमा बालगृहले आवश्यक छानबिन गरी यथार्थता एकिन गर्नुपर्दछ ।
- भर्खरै जन्मेका वा जन्मदर्ता नभएका बालक वा बालिकाको हकमा बालगृहले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निजको जन्मदर्ता गरिदिनुपर्दछ । यस्तो बालिकाको जन्मदर्ता गर्नु स्थानीय पञ्जिकाधिकारीको कतर्व्य हुनेछ ।
- बालगृहमा भर्ना गर्दा प्राप्त भएका र पछि जुटाइएका प्रमाणहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा कानूनबमोजिम तोकिएको निकायबाट प्रमाणित गराई राख्नुपर्दछ ।
- भर्ना गर्नु पूर्व खिचिएको बालबालिकाको तस्विर भेटिएमा त्यसलाई पनि सोही व्यहोरा जनाई व्यक्तिगत विवरणमा संलग्न गर्नुपर्दछ ।
- व्यक्तिगत विवरणको एकप्रति बालबालिकालाई बालगृहमा भर्नाका लागि ल्याउने वा पठाउनेलाई पनि दिनुपर्दछ ।
- दुर्व्यवहारपीडित वा अन्य कुनै कारणले परिचय गोप्य राख्नुपर्ने बालबालिकाका हकमा भने यस्तो विवरण दिंदा निजको परिचय नखुल्ने गरी नाम गोप्य राखेर मात्र दिनुपर्दछ ।

- व्यक्तिगत विवरणको १ प्रति सम्बन्धित बालगृहको प्रमुखकहाँ सुरक्षित राख्नुपर्दछ ।
- बालबालिकाको व्यक्तिगत विवरणमा आधिकारिक व्यक्तिको मात्र पहुँच हुनुपर्दछ ।
- बालबालिकाले चाहेमा व्यक्तिगत विवरणको जानकारी दिनुपर्दछ ।
- वेवारिसे अवस्थामा रहेका वा सडकमा आश्रित बालक वा बालिकालाई बालगृहमा भर्ना गर्दा निजले दिएको जानकारीअनुसारको विवरण तयार गरे पछि विवरणको सत्यता सुनिश्चित गर्न आवश्यक छानबिन गर्नुपर्दछ ।
- बालबालिकालाई गृहमा भर्ना गर्दा आमाले ल्याएको अवस्थामा उनले बताउन नचाहेमा उनलाई आफ्नो सन्तानको बाबुको नाम बताउन वाध्य गर्नुहुँदैन र सन्तानको बाबुको सहमति प्रस्तुत गर्न वाध्य गर्नुहुँदैन तर त्यस्तो बालबालिकाको बाबुले चाहेमा र बालबालिका सहमत भएमा परिवारमा राखी आफ्नो सन्तानको हेरचाह गर्ने अवसर उपलब्ध गराई आमालाई त्यसको लिखित जानकारी दिनुपर्दछ ।
- बालगृहमा भर्ना गर्ने समयमा बालबालिकालाई सम्झाइबुझाई गर्दा पनि नमानेमा आमा, बाबु वा अभिभावक बारेमा जानकारी दिन बाध्य बनाउनुहुँदैन ।
- बालगृहका बालबालिकालाई कुनै विद्यालय वा छात्रावासमा भर्ना गर्दा बालबालिकाले चाहेमा आमा वा बाबु एक जनाको मात्र नाम उल्लेख भए पनि पुग्ने व्यवस्था मिलाउनुपर्दछ ।
- पहिचान गोप्य राख्नुपर्ने दुर्व्यवहार पीडित वा कानूनसँग विवादमा परेका बालबालिकाका बारेमा आधिकारिक निकाय वा बालबालिकाबाहेक अरूलाई पहिचान खुल्ने सूचना, जानकारी दिनुहुँदैन र प्रचलित कानूनले गोप्य राख्नुपर्ने भनी किटान गरिएका सूचनालाई सार्वजनिक गर्नुहुँदैन ।

**मापदण्ड : ३ दुर्व्यवहार, हिंसा, शोषण वा भेदभावबाट पीडित वा दुर्घटनामा परेको बालक वा बालिका बालगृहमा भर्ना हुन आएमा तत्काल आवश्यक स्वास्थोपचार, मनोसामाजिक हेरचाह र कानूनी कारबाहीको प्रक्रिया शुरु गर्नुपर्दछ ।**

दुर्व्यवहार, हिंसा, शोषण वा भेदभावबाट पीडित वा दुर्घटनामा परेको बालक वा बालिकालाई बालगृहमा भर्ना गर्दा देहायबमोजिम गर्नु, गराउनुपर्दछ :

क) पीडित बालक वा बालिकाको शरीरमा घाउचोट र नीलडाम देखिएको र नदेखिएको अवस्थामा समेत रजिस्टर्ड ( अनुमति प्राप्त) चिकित्सकबाट स्वास्थ्य जाँच गराई औषधिउपचार गर्ने र तोकिएको ढाँचामा त्यसको विवरण तयार गरी सुरक्षित राख्ने,

ख) आवश्यक कानुनी कारबाही अगाडि बढाउने (यसको लागि प्रमाण संरक्षण गर्न र सुरक्षित राख्न विशेष ख्याल गर्ने) । त्यस्तो स्वास्थ्य जाँच, उपचार र कानुनी कारबाहीका बारेमा निजको व्यक्तिगत विवरणमा उल्लेख गरी सुरक्षितरूपमा राख्ने,

ग) पीडित बालबालिकाको अवस्थाका सम्बन्धमा निजका अभिभावक वा नातेदार र स्थानीय निकायलाई जानकारी दिने ।

घ) दुर्व्यवहारजन्य व्यवहार वा दूर्घटनाका बारेमा सम्बन्धित निकायमा पहिले नै सूचना दिई कारबाही भएको भए त्यसको विवरण संकलन गरी त्यसलाई सुरक्षित रुपमा राख्ने,

ङ) पीडित बालक वा बालिकालाई आवश्यक मनोसामाजिक सेवा र कानूनी परामर्श तथा सहायताको व्यवस्था गर्ने र यस्तो कारबाही शुरु गरिएपछि त्यसको किनारा नलागून्जेल अनुगमनको व्यवस्था गर्ने,

च) पीडित बनाइएका बालबालिका उपचार गर्नुपर्ने वा कानूनी कारबाही चलाउनुपर्ने अवस्थामा भएमा उपचार वा कानूनी कारबाहीको आवश्यकता र परिणामबारे उसको उमेर र परिपक्वताको सापेक्षतामा निजले बुझ्ने भाषामा जानकारी दिई सहमति लिने ।

**टिप्पणी**

- दुर्व्यवहार, हिंसा, शोषण वा भेदभावबाट पीडित वा दुर्घटनामा परेको बालक वा बालिकाको ज्यान जोखिममा पर्ने वा अंगभंग हुने गम्भीर अवस्थामा उपचार गर्न वा प्रचलित कानूनको गम्भीर उल्लंघन भएका अवस्थामा कानुनी कारबाही चलाउन निज बालबालिका सहमत नभए पनि बालगृहका सम्बन्धित अधिकारीले सम्बन्धित क्षेत्रका विशेषज्ञको राय, सल्लाह र सिफारिससमेत लिई कारबाही अगाडि बढाउनुपर्दछ ।
- बालबालिकालाई जानकारी दिने र उनीहरूको राय बुझ्ने कार्यमा आवश्यक परेमा बालगृहले मनोविमर्शकर्ताको सहयोग

लिनुपर्दछ ।

- कानूनी उपचार वा कारबाही अगाडि बढाउने सम्बन्धमा बालक वा बालिका सहमत भएको वा नभएको व्यहोरा निजको व्यक्तिगत विवरणमा उल्लेख गर्नुपर्दछ ।

**मापदण्ड : ४ बालबालिकालाई बालगृहमा भर्ना गर्ने बित्तिकै आवास, पोसाक र भोजनको व्यवस्था गर्नुपर्दछ ।**

यस्तो व्यवस्था देहायअनुसार मिलाउनुपर्दछ :

क. बालबालिकाको उमेर र अवस्थाअनुसारको बस्ने कोठा र ओछ्यान, लगाउने लुगाफाटा र व्यक्तिगत सरसफाइका लागि आवश्यक सामानको व्यवस्था ।

ख. उमेर र अवस्थाअनुसारको खानाको व्यवस्था ।

ग. तस्विरसहितको परिचयपत्र ।

घ. पकेट खर्चका रूपमा केही नगद ।

ङ. बालगृहमा पाउने सेवा र सुविधा तथा पालना गर्नुपर्ने नियमहरूको लिखित तथा मौखिक जानकारी ।

बालगृहमा भर्ना गरिएका बालक वा बालिकाले पाउने सेवा र सुविधाको जानकारीमा देहायका विषय समावेश गर्ने :-

१. आवास र भोजनको व्यवस्था ।

२. शिक्षा, स्वास्थ्य र मनोरञ्जनको व्यवस्था ।

३. अनुशासन र उजुरी तथा सुनुवाईको व्यवस्था ।

४. बालगृहको नक्सा, रूपरेखा, गृहमा पहुँच र संकटकालीन सुरक्षा प्रबन्धको व्यवस्था ।

५. बालगृहबाट बाहिर जाने र भित्र आउने प्रक्रियालगायत अन्य नियमको जानकारी ।

६. बालगृहबाट बिदाइ/पुनर्मिलनसम्बन्धी योजनाको सूचना ।

**टिप्पणी**

- बालबालिकालाई पकेट खर्चका रूपमा दिइएको रकम आफूखुसी खर्च गर्न पाउने तर यस्तो रकम सुर्तीजन्य पदार्थ वा अन्य लागू पदार्थ र मदिरा किन्न खर्च गर्न नहुने जानकारी दिनुपर्दछ । त्यस्तो रकम उपलब्ध गराएको र निजले खर्च गरेको व्यहोरा बालबालिकाको व्यक्तिगत विवरणमा उल्लेख गर्नुपर्दछ ।

**मापदण्ड : ५ बालगृहले बालबालिकाको भर्ना, सेवा र सुविधा, दायित्व, गोपनियता, अनुशासन, बिदाई/पुनर्मिलन योजनाजस्ता विषय उल्लेख भएको व्यक्तिगत विवरण फाराम र बालगृहको आन्तरिक निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।**

यस्तो निर्देशिकामा देहायको विवरण उल्लेख हुनुपर्दछ :

क. बालगृहको दर्ता, आवद्धता, अनुमतिजस्ता आधिकारिकता खुल्ने विवरण ।

ख. बालगृह व्यवस्थापन समितिको संरचना र सदस्य एवम् पदाधिकारीको नाम ठेगानासहितको विवरण ।

ग. बालगृहको आर्थिक स्रोत तथा कार्यरत जनशक्तिको संरचना र विवरण ।

घ. बालगृहमा उपलब्ध सेवा र सुविधाको विवरण ।

**टिप्पणी**

- बालगृहको यस्तो निर्देशिकाबारे बालबालिका जानकारी गराउनुपर्दछ र सम्बन्धित सरोकारवालालाई निकायलाई त्यसको प्रति उपलब्ध गराउनुपर्दछ । बालगृहले बनाएको निर्देशिका केन्द्रीय बालकल्याण समिति र सम्बन्धित जिल्लाको जिल्ला बालकल्याण समितिलाई अनिवार्य रुपमा उपलव्ध गराउनुपर्दछ ।
- यस्तो निर्देशिका तयार गर्दा र संशोधन गर्दा बालगृहका कर्मचारी र उमेर, अवस्था र परिपक्वताअनुसार बालगृहमा रहेका बालबालिकालाई पनि संलग्न गराउनुपर्दछ ।

बालगृहमा भर्ना गरिएका सबै बालबालिकाको व्यक्तिगत हितको संरक्षण, विकास र बिदाई/पुनर्मिलनको योजना बनाउँदा देहायअनुसार गर्नुपर्दछ :

क. भर्ना गरिएको १५ दिनभित्र बालबालिकाको उमेर, व्यक्तित्व, लिंग र बालगृहमा आउनु पर्नाको कारण तथा शारीरिक एवम् मानसिक अवस्थाको मूल्यांकन र विश्लेषण गरी नीजको व्यक्तिगत विवरण फाराम तयार गरी समय समयमा अद्यावधिक गरी राख्नुपर्दछ (यस्तो प्रतिवेदनको ढाँचा अनुसूचि ३ मा उपलव्ध गराइएको छ )

ख. बालगृहमा भर्ना भएका बालबालिकालाई निजको उमेर, लिङ्ग, शारीरिक र मानसिक अवस्था तथा व्यक्तिगत विकासको आवश्यकतालगायत अन्य आवश्यक कुराहरूको पहिचान गर्ने र त्यसको सम्बन्धमा विस्तृत योजना तयार गरी त्यसको कार्यान्वयनको व्यवस्था मिलाउने ।

ग. सुरक्षा जोखिम भएका बालबालिकालाई बालगृहभित्र वा बाहिर कुनै पनि जोखिमबाट पूर्ण सुरक्षित हुने बन्दोबस्त मिलाउने ।

घ. बालबालिकाको उमेर र शारीरिक तथा मानसिक अवस्था अनुरूपको स्वास्थ्य, मनोरञ्जन र शिक्षाको योजना बनाई त्यसको कार्यान्वयनको व्यवस्था मिलाउने ।

ङ. बालबालिकाको विकास, सहभागिता र सुरक्षासम्बन्धी योजनाहरू भर्ना गरिएको १ महिनाभित्र तयार गर्ने ।

**मापदण्ड : ६ बालबालिकाका परिवारका सदस्य वा अन्य नातेदार पत्ता लागेमा उनीहरूलाई बालबालिकाका बारेमा सूचना दिनुपर्दछ ।**

यसरी सूचना दिंदा देहायबमोजिम गर्नुपर्दछ :

क) बालगृहमा भर्ना गरिएको १५ दिनभित्र परिवारका सदस्य अन्य नातेदारको खोजी शुरु गरी पत्ता लाग्ने बित्तिकै निज बालक वा बालिका बालगृहमा रहेको जानकारी छिटो र भरपर्दो माध्यमबाट दिने ।

ख) यस्तो जानकारीमा बालबालिकाको उमेर, शारीरिक र मानसिक अवस्था, स्वास्थ्य स्थिति र उपचारको व्यवस्था, कुनै कानुनी कारबाही भएको भए सोको विवरण र बालगृहमा निजले पाउने सेवा एवम् सुविधाको बारेमा उल्लेख गर्ने ।

ग) लामो विदा वा अन्य समयमा बालबालिकालाई बालगृहबाट बाहिर लैजान पुऱ्याउनु पर्ने विधिका बारेमा उल्लेख गर्ने । यसलाई सम्बन्धित बालगृहको कार्य सञ्चालनसम्बन्धी आन्तरिक कार्यनिर्देशिकामा समेत समावेश गर्नुपर्नेछ ।

घ) बालबालिकाको बिदाई/पुनर्मिलन योजनाको जानकारी दिने ।

ङ) परिवारका सदस्य वा नातेदार पत्ता नलागेका वा नभएका बालबालिकाका हकमा निजको परिवारको पुर्ख्यौली थलो वा बसोवास गर्ने ठाउँको स्थानीय निकाय र प्रहरीलाई सूचना दिने र त्यसको जानकारी बालबालिकाको व्यक्तिगत विवरणमा उल्लेख गर्ने ।

**मापदण्ड : ७ बालगृहमा भर्ना गरिएका बालबालिकाको हक लाग्ने पुर्ख्यौली वा अन्य सम्पत्तिको खोजी र संरक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।**

सम्पत्ति संरक्षणका लागि देहायअनुसार गर्नुपर्दछ :

क. बालबालिकाको परिवारलगायतको उपलब्ध विवरण उल्लेख गरी निजको हक लाग्ने सम्पत्ति भए नभएको जानकारी पाउन सम्बन्धित गाउँविकास समिति वा नगरपालिका, मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालयसँग पत्राचार गर्ने ।

ख. परिवार वा स्थानीय निकाय वा मालपोत वा अन्य कुनै व्यक्ति वा संस्थाबाट बालबालिकाको हक लाग्ने सम्पत्तिको जानकारी वा विवरण प्राप्त भएमा त्यसको लगत राखी संरक्षण गर्न कानूनबमोजिमको कारबाही चलाउने । यसको लागि सम्बन्धित जिल्लाको बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला मालपोत कार्यालयसँग समन्वय र सहकार्य गर्ने ।

ग. बालबालिकालाई सम्पत्ति र त्यसको संरक्षणका लागि भएको प्रबन्धको जानकारी दिने ।

घ. बालबालिकाको हक लाग्ने सम्पत्ति र संरक्षणका लागि भएको कारबाहीको जानकारी निजको व्यक्तिगत विवरणमा उल्लेख गर्ने ।

## ३. बालगृहको आवासीय सुविधा, पूर्वाधार र परिवेश
## (Residential Care facilities, Infrastructure and Environment)

यस अध्यायमा नौवटा मापदण्डहरू समावेश छन् । यी मापदण्डहरूले विशेषगरी निम्न कुरालाई लक्षित गरेका छन् :

- आवासीय बालगृह बालबालिकाको लागि सुरक्षित, आवश्यक सुविधा उपलब्ध भएको र बालबालिकाको पहुचयुक्त हुनुपर्नेछ ।
- बालगृहले बालबालिकाको उमेरअनुसार सुरक्षित, सहज हुने तथा सुविधायुक्त सुत्ने ठाउँ उपलब्ध गरराउनुपर्नेछ ।
- बालगृहमा बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालय तथा स्नानगृह हुनुपर्नेछ ।
- बालबालिकाको व्यक्तिगत सरसफाइको लागि आवश्यक सफा पानी तथा पिउनको लागि स्वच्छ पानी दिनुपर्नेछ ।
- आवासीय बालगृहमा आवश्यक सेवा तथा सुविधाका लागि पढने कोठा, प्राथमिक उपचार कक्ष, भान्छा कोठा तथा खाना खाने कोठा  लगाएतका कक्षहरु वा कोठाहरु हुनुपर्नेछ ।
- बालगृहमा बालबालिका खेल्नको लागि आवश्यक खेल मैदान हुनुपर्नेछ ।
- बालगृहमा जैविक तथा अजैविक फोहोरको उचित व्यवस्थापनको व्यवस्था हुनुपर्नेछ ।
- बालगृह प्राकृतिक प्रकोपहरु जस्तै भूइचालो र आगोबाट सुरक्षित रहने गरी भौतिक पूर्वाधारयुक्त हुनुपर्नेछ र त्यहाँ आकस्मिक सेवा पनि उपलब्ध हुनुपर्नेछ ।

**मापदण्ड : ८ बालगृह रहेको भवन बालबालिकाका लागि सुरक्षित, सुविधाजनक र पहुँचयुक्त हुनुपर्दछ ।**

भवनलाई बालबालिकाका लागि सुरक्षित, सुविधाजनक र पहुँचयुक्त बनाउन देहायको व्यवस्था मिलाउनुपर्दछ :

***क. बालगृहका लागि भवन बनाउँदा वा भाडामा लिँदा देहायअनुसारको स्थानमा हुनुपर्ने :***

१. सार्वजनिक विद्यालय, सार्वजनिक पार्क, अस्पताल, प्रहरी कार्यालय, बजार, हुलाक, सञ्चारको सुविधा, बैंकजस्ता आवश्यक सबै सेवासुविधाका लागि पायक पर्ने ।
२. आँधीबेहरी, पहिरो, आगजनी, बाढी, बन्यजन्तुको आक्रमण जस्ता विपत्तिको जोखिम न्यून भएको ।
३. अपराध, हुलदङ्गा, औद्योगिक उत्पात, आणविक, रासायनिक र ध्वनि प्रदूषणको जोखिम नभएको वा कम भएको ।
४. यौन व्यवसायको लागि निर्धारित (वा त्यसका लागि बदनाम भएको) क्षेत्र, औद्योगिक क्षेत्र, बसपार्क, विमानस्थल, राजमार्ग वरपर तथा फोहोर थुपार्ने ठाउँ (डम्पिङ साइट), घनाजंगल, सैनिक ब्यारेक र सिनेमा घर, श्मसान घाट, सर्कस, मेला लाग्ने ठाउँको नजिक नभएको ।

***ख. बालगृह सञ्चालन भएको भवन मर्मत सम्भार गर्नुपर्ने अवस्थाको भएमा तत्काल मर्मत सम्भार गर्ने :***

१. बालगृह रहेको भवनको स्तर र सुरक्षाको अवस्था सुनिश्चित गर्न मर्मत संभार र अन्य नियमित कार्यको बालगृहको प्रशासक/ व्यवस्थापकले चौमासिक रुपमा जाँच गरी आवश्यक व्यवस्था मिलाउने र त्यसको विवरण अद्यावधिक गरिराख्ने ।
२. बालगृहको कुनै वा सबै भागको मर्मत गर्दा गृहमा रहेका बालबालिकाको सुविधा र सुरक्षाको व्यवस्था मिलाउने ।
३. मर्मतसम्भारपछि उपलब्ध सुविधा बालबालिकाले पहिले पाएकोभन्दा कम नहुने सुनिश्चित गर्ने ।
४. यस्तो मर्मतको आवश्यकता, मर्मत गरेको कार्य र मितिको विवरण स्पष्ट हुनेगरी अभिलेख राख्ने ।
५. बालगृहको मर्मतको सुपरिवेक्षण इजाजत-पत्र प्राप्त प्राविधिकबाट गराउने व्यवस्था मिलाउने ।

***ग. अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकाको पहुँच सुनिश्चित गर्न देहायको व्यवस्था मिलाउने :***

१. बालगृहको सबै सुविधा र सेवामा सबै प्रकारको अपाङ्गता भएका बालबालिकाको पहुँच सहज हुने गरी भौतिक पूर्वाधारको व्यवस्था गर्ने ।
२. भवन निर्माण वा मर्मत गर्दा सबै प्रकारका अपाङ्गता वा विशेष आवश्यकता भएका बालबालिकाको पहुँच सहज बनाउन प्राथमिकता दिने । यसरी पहुँच सुनिश्चित गर्न विषय विशेषज्ञको सल्लाहअनुसार गर्ने ।

३. बालगृहमा रहेका अपाङ्गता वा विशेष आवश्यकता भएका बालबालिकालाई आवश्यक उपयुक्त सहायक सामग्री, फर्निचर वा उपकरण उपलब्ध गराउने ।
४. भवनको मर्मतसंभार गर्दा अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकाको सुविधा र पहुँच कायम राख्न ध्यान दिने ।

*घ. बालगृहमा कुनै दुर्घटना भएमा वा बालबालिकालाई आपतकालिन अवस्था भएमा तत्काल सूचना दिने व्यवस्था मिलाउने ।*

१. आकस्मिक दुर्घटनाको खतरासूचक घन्टी बजाउन सबै कर्मचारी र बालगृहमा रहेका बालबालिकालाई सिकाउने ।
२. यस्तो घन्टी बजेमा तत्काल बालगृहका कर्मचारी मद्दतका लागि पुग्नुपर्छ भन्ने जानकारी कर्मचारी र बालबालिकालाई दिने ।
३. यस्तो घन्टी अपाङ्गता भएका वा विशेष आवश्यकता भएका व्यक्ति वा बालबालिकासमेत सबै बालबालिकाले सजिलै बजाउन सक्ने गरी राख्ने ।
४ आकस्मिक खतराको सूचना ध्वनि र प्रकाश दुबै माध्यमबाट दिने व्यवस्था मिलाउने ।
५. कुनै बालबालिका दुर्घटनामा परेमा वा चोटपटक लागेमा तत्काल बालगृहको व्यबस्थापनलाई सूचना दिने र तत्काल औषधि उपचारको व्यवस्था मिलाउने ।

*ङ. बालगृहमा सुरक्षा र गोपनियता कायम राख्न देहायको व्यवस्था मिलाउने :*

१. बालगृह रहेको भवन र अरू भवन वा क्षेत्रबाट छुट्टै हुनुपर्नेछ ।
२. बालगृहमा बाहिरबाट चियाउन नमिल्ने व्यवस्था हुनुपर्नेछ ।
३. बालगृहमा बाहिरको व्यक्ति बिनाअनुमति आउनजान नसक्ने व्यवस्था मिलाउने ।
४ बालगृहको गतिविधिको बिनाअनुमति तस्वीर खिच्न वा अन्य प्रकारबाट अंकन गर्न नमिल्ने व्यवस्था मिलाउने ।
५ बालबालिकाका बस्ने, सुत्ने र पढ्ने कक्षमा आकस्मिक प्रकाशको व्यवस्था मिलाउने ।

**टिप्पणी**

- सामान्यतया बालगृहको संरचना सामान्य घरकोभन्दा फरक देखिनुहुँदैन ।
- बालगृह रहेको भवन र बालबालिकाको सुरक्षाका लागि अग्लो पर्खाल वा काँडे तारको सुरक्षा घेरा बनाएर कारागारको जस्तो आकार र प्रभाव दिनुहुँदैन ।
- बालगृहमा रहेका बालबालिकाले आफू सुरक्षित रहेको तर थुनामा नपरेको अनुभव गर्ने गरी सुरक्षा व्यवस्था मिलाउनुपर्दछ ।
- भवन र बालबालिकाको सुरक्षाको प्रबन्ध सुरक्षाका लागि तालिमप्राप्त व्यक्तिबाट गर्नुपर्दछ ।

**मापदण्ड : ९ बालबालिकालाई उमेर र अवस्थाअनुसार सुरक्षित, सहज र सुविधाजनक सुत्ने व्यवस्था मिलाउनुपर्दछ ।**

बालबालिकाको शयन कक्षमा देहायअनुसार हुने प्रबन्ध मिलाउनुपर्दछ :

क. शयन कक्षमा प्रत्येक बालबालिकाका लागि कम्तीमा ३० वर्ग फिट सतह पर्ने गरी ठाउँको व्यवस्था गर्नुपर्दछ ।
ख. प्रत्येक बालबालिकाका लागि अलग्गै सुत्ने ओछ्यानको व्यवस्था गर्नुपर्दछ ।
ग. बालबालिकाको उमेर, लिङ्ग र स्वास्थ्य स्थिति आदि समेतलाई आधार मानी सुत्ने व्यवस्था मिलाउनु पर्दछ ।
घ. बालबालिकाको ओछ्यान खाटमा लगाउने र खाट बढीमा दुई तल्लाको मात्र हुनुपर्दछ ।
ङ. प्रत्येक बालबालिकालाई स्थानीय स्तरअनुरूपको पर्याप्त ओढ्नेओछ्याउने उपलब्ध गराउनुपर्दछ ।
ज. तन्ना र सिरकको खोलजस्ता सामग्री सफा राख्न कम्तीमा २/२ वटा उपलब्ध गराउने र धुनका लागि उमेरअनुसार बालबालिकालाई सहयोग गर्ने ।
झ. बालक र बालिकाको सुत्ने व्यवस्था सकेसम्म बेग्लाबेग्लै भवनमा गर्ने । बेग्लैबेग्लै भवनको व्यवस्था नभएमा बेग्लै तलामा गर्ने र सो पनि हुन नसकेमा अलग्गै खण्डमा गर्ने । बालबालिकाको संरक्षणको लागि पर्याप्त व्यवस्था मिलाउन भवनको एउटै तलामा बालक र बालिका सुत्ने व्यवस्था भएको अवस्थामा बालक सुत्ने कोठा र बालिका

सुत्ने कोठाका बीचमा निश्चित दूरी हुनुपर्दछ । यसका लागि बालगृह व्यवस्थापनले विशेष सावधानी अपनाउनुपर्दछ ।

**टिप्पणी**

- सिकिस्त बिरामी, अशक्त वा ६ वर्ष मुनिका बालबालिकालाई सुरक्षा र हेरचाहका निम्ति आवश्यक भएमा हेरचाहकर्तालाई नजिकै सुताउने विशेष व्यवस्था मिलाउन सकिनेछ । त्यसैगरी अपाङ्गता भएका वा विशेष आवश्यकता भएका र शिशुहरूको हेरचाहमा संलग्न परिचारकलाई भने नजिकै सुत्ने व्यवस्था मिलाउनुपर्दछ ।
- माथि उल्लेख गरिएको ३० वर्गफिट भित्र कार्यालय, कर्मचारी आवास, भण्डार कोठा, भान्सा र बालबालिकासम्बन्धी क्रियाकलाप नहुने अन्य ठाउँसमेतको नापलाई समावेश गरिनुहुँदैन ।
- स्याहारकर्ताले बालबालिकाको निद्रा नबिथोलिने गरी एक्लो वा सामूहिक शयन कक्षको नियमित सुपरिवेक्षण गर्नुपर्दछ ।
- बालबालिकाको शयन कक्षमा बालगृहका कर्मचारी सुत्नुहुँदैन तर आकस्मिक अवस्थामा सजिलै खबर गर्न वा थाहा पाउनसक्ने गरी नजिकै सुत्नुपर्दछ ।
- आफ्ना निजी सरसामान र कपडा राख्नको लागि प्रत्येक बालबालिकालाई सुरक्षित स्थान उपलब्ध गराउनुपर्दछ ।
- बालबालिकाले चाहेमा सुत्ने बस्ने ठाउँमा उपयुक्त तस्विर राख्न तथा सजावट गर्न दिनुपर्दछ ।

**मापदण्ड : १० बालक र बालिकाका लागि अलग्गै शौचालय र स्नानघरको व्यवस्था हुनुपर्दछ ।**

शौचालय र स्नानघरको व्यवस्था देहायअनुसार मिलाउनुपर्दछ :

क. प्रत्येक १० जना बालबालिकाका लागि कम्तीमा २ वटा शौचालय र १ स्नानघरको दरमा व्यवस्था मिलाउने ।
ख. शौचालयलाई ओभानो र दुर्गन्धमुक्त राख्न नियमित सफाइको व्यवस्था मिलाउने ।
ग. सबै बालबालिकाले नित्यकर्म स्वच्छ, गोप्य र मर्यादितरूपमा सम्पन्न गर्न सक्ने व्यवस्था मिलाउने ।
घ. शौचालय र स्नानघर निर्माण गर्दा बालबालिकाको गोपनीयता, वैयक्तिक आवश्यकता, मर्यादा, सुरक्षा तथा अपाङ्गता भएका बालबालिकाको सहज पहुँच हुने गरी बनाउने ।

**टिप्पणी**

- बालबालिकाले प्रयोग गर्ने शौचालय आकस्मिक अवस्थामा बाहेक कर्मचारी वा आगन्तुकले प्रयोग गर्नुहुँदैन । शौचालय सुत्ने तथा मनोरञ्जन कक्षबाट सजिलै पुग्न सकिने ठाउँमा हुनुपर्दछ ।
- शौचालय सफा गर्न बालबालिकालाई कर लगाउनुहुँदैन तर १३ वर्ष माथिका बालबालिकाले आफ्नै अग्रसरतामा शौचालय सफा गर्न चाहेमा आवश्यक सामग्री र सल्लाह दिई सहयोग गर्नुपर्दछ ।
- शौचालय र नुहाउने ठाउँको ढोका आपतकालीन अवस्थामा गृहका कर्मचारीले बाहिरबाट खोल्नसक्ने खालको हुनुपर्दछ ।
- शौचालय र स्नानघरमा एउटाबाट अर्कोमा चियाउन वा आउनजान नमिल्ने तथा बालक र बालिका एकान्तमा नहुने व्यवस्था मिलाउनुपर्दछ ।

**मापदण्ड : ११ बालबालिकालाई व्यक्तिगत सरसफाइका लागि आवश्यक स्वच्छ पानी उपलब्ध हुनुपर्दछ ।**

व्यक्तिगत सरसफाइको व्यवस्था मिलाउँदा देहाय बमोजिम गर्नुपर्दछ :

क. बालबालिकालाई नुहाउन र लुगाधुन उपयुक्त स्वच्छ पानी पर्याप्त, नियमित र सहजरुपमा आपूर्ति हुने व्यवस्था मिलाउने ।
ख जाडोमा बालबालिकालाई नुहाउनका लागि तातो पानीको व्यवस्था मिलाउने ।

**मापदण्ड : १२ बालगृह रहेको भवनमा बालबालिकाको निम्ति आवश्यक सेवा र सुविधाका लागि चाहिने कक्षहरूको व्यवस्था हुनुपर्दछ ।**

***क. बालगृहमा कम्तीमा देहायका कक्षहरू हुनुपर्दछ :***

| | | | |
|---|---|---|---|
| १ | भान्सा र भण्डार कक्ष | २ | भोजन कक्ष |
| ३ | शयन कक्ष | ४ | अध्ययन कक्ष |
| ५ | पुस्तकालय कक्ष | ६ | मनोरञ्जन कक्ष |
| ७ | भेटघाट कक्ष | ८ | मनोविमर्श कक्ष र सामाजिक कार्यकर्ताको कार्यकक्ष |
| ९ | प्राथमिक उपचार कक्ष र | १० | कार्यालय कक्ष |

***ख. बालगृहका कक्षहरूमा देहायअनुसारको व्यवस्था हुनुपर्दछ :***

१. पर्याप्त उज्यालोका लागि प्राकृतिक र कृत्रिम प्रकाशको व्यवस्था ।
२. पर्याप्त दोहोरो हावा खेल्ने गरी झ्यालको व्यवस्था ।
३. आवश्यकताअनुसार उपयुक्त र पर्याप्त फर्निचरको व्यवस्था ।
४. हल्ला, धुवाँ, धूलो र दुर्गन्ध नहुने तथा बाहिरका अरू कसैको गतिविधिबाट कक्षमा वाधा नपुग्ने व्यवस्था ।

**टिप्पणी**

- बालगृहमा बालबालिकाको संख्या २० भन्दा कम भएमा अध्ययन र पुस्तकालय, मनोविमर्श र प्राथमिक उपचार कक्षका लागि एक एकवटा कक्षाबाट पनि काम लिन सकिनेछ । तर भेटघाट र मनोरञ्जन कक्ष भने एउटै हुनुहुँदैन ।

**मापदण्ड : १३ बालगृहको परिसरमा बालबालिकाको संख्याअनुसार खेलकुदका लागि पर्याप्त खुला ठाउँ हुनुपर्दछ ।**

खेल मैदान देहायअनुसारको हुनुपर्दछ :

क. खेल मैदान सफा, चोटपटक लाग्ने खतरा नभएको र हरियो दुबो वा घाँस उम्रेको र ओभानो अर्थात् हिलो नहुने र पानी नजम्ने हुनुपर्ने ।
ख. अपाङ्गता भएका बालबालिका र साना उमेरका बालबालिकाको लागि पनि सहज र पहुँचयुक्त ।

**मापदण्ड : १४ बालगृहको फोहोरलाई दूर्गन्ध नफैलने र बालबालिकाको स्वास्थ्यमा हानि नपुग्ने गरी तह लगाउनुपर्दछ ।**

फोहोर फाल्ने व्यवस्था देहायअनुसार मिलाउनुपर्दछ :

क. फोहर फाल्ने ठाउँ भान्सा, आवास, खेल मैदानबाट टाढा हुनुपर्ने ।
ख. कुहिने र नकुहिने फोहोर अलग्गै थान्को लगाउने व्यवस्था भएको हुनुपर्ने ।
ग. फोहोरमा छर्किने विषादिलाई बालबालिकामाथि दुष्प्रभाव नपर्ने गरी पर्याप्त दूरी कायम गरी राख्ने ।

**मापदण्ड : १५ बालगृह रहेको भवनमा भूकम्प, आगलागी वा अन्य प्राकृतिक प्रकोपबाट सुरक्षित रहने र आपतकालीन सुरक्षाको प्रबन्ध हुनुपर्दछ ।**

बालगृहमा आपतकालीन अवस्थामा सुरक्षाको व्यवस्था गर्न देहायअनुसार गर्नु, गराउनुपर्दछ :

क. बालगृह बनाउँदा भवन निर्माण संहितामा व्यवस्था भएका सुरक्षा नियमहरूको पालना गर्ने र त्यस्ता नियम लागू नगरिएको अवस्थामा विशेषज्ञको सल्लाहअनुसार आपतकालीन सुरक्षाको प्रवन्ध मिलाउने ।
ख. बालगृहका लागि भवन निर्माण गर्दा भूकम्प प्रतिरोधक प्रविधि अपनाउने र पहिले बनेको घरमा बालगृह सञ्चालन गरिएको अवस्थामा विशेषज्ञको सल्लाहअनुसारको भूकम्प प्रतिरोधक हुने गरी मर्मतसम्भार गर्ने र त्यसको विवरण उल्लेख गरी राख्ने ।
ग. बालगृहका सबै कर्मचारी र बालबालिकालाई उनीहरूको उमेर अवस्था सुहाउँदो गरी भूकम्प तथा अन्य प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिम र त्यस अवस्थामा सुरक्षित रहनका लागि अपनाउनु पर्ने सावधानी तथा आगो निभाउने साधन र सामग्री प्रयोग गर्ने तरिकासम्बन्धी तालिम दिने र त्यसको लिखित विवरण राख्ने ।

घ. आगलागी वा अन्य प्राकृतिक प्रकोपका समयमा बालबालिकाको सुरक्षालाई प्राथमिकता दिनुपर्ने र बालबालिकामा पनि शिशु, अपाङ्गता भएका, बिरामी तथा अशक्तको सुरक्षामा विशेष ध्यान राख्नुपर्ने जानकारी कर्मचारीलाई गराउने ।

ङ. बालगृहको भवनलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज पहुँच पुग्ने खालको भवन हुनुपर्ने ।

च. आगलागीका अवस्थामा आगो निभाउनका लागि प्रयोग गरिने साधन र सामग्री नियमित रूपमा अद्यावधिक गरिराख्ने र यसको सुनिश्चितताका लागि बालगृहको प्रमुखले वा तोकिएको अधिकारीले नियमित सुपरिवेक्षण गर्ने ।

छ. आगलागी भएमा सोबाट बच्न भवनबाट सुरक्षित रूपमा बाहिर निस्कने बाटोलाई स्पष्ट देखिने गरी चहकिलो रंगले चित्रित गरिराख्ने ।

ज. भवनमा आगलागी भएमा खतराको जानकारी दिने घन्टी बज्ने व्यवस्था मिलाउने र खतरा जनाउने आपतकालीन घन्टी (Emergency Bell) स्वचालित नभएको अवस्थामा अपाङ्गता भएकालगायत बालगृहमा बस्ने सबै बालबालिकाले बजाउन सक्ने गरी राख्ने ।

**टिप्पणी**

- बालगृह रहेको भवन आगलागीबाट सुरक्षा र बचावटको दृष्टिले उपयुक्त रहेको र कानुनले तोकेबमोजिमको सुरक्षा मापदण्ड पूरा भएको छ भनी एकीन गर्न भवनसम्बन्धी विशेषज्ञबाट जाँच गराई प्रमाणित गराउनुपर्दछ ।

**मापदण्ड : १६ बालबालिकालाई सुरक्षित सवारी साधनमा आवतजावत गराउनुपर्दछ ।**

बालगृहका बालबालिकालाई सवारी साधनमा आवतजावत गराउँदा देहायका विषयमा ध्यान दिनुपर्दछ :

क. बालगृहको सबारी साधन सुरक्षित र बालसहज हुनुपर्ने ।

ख. सवारी साधनलाई सडकमा गुडाउन योग्य अवस्थामा राख्ने र नियमबमोजिम बीमा गराउने ।

ग. बालबालिका आवतजावत गर्ने सवारी साधन सवारी चालक अनुमति पत्र प्राप्त अनुभवी चालकलाई मात्र चलाउन दिने ।

घ. बालगृहको सवारी चलाउने चालकलाई बालअधिकार र बालबालिकाप्रति संवेदनशील रुपमा गरिनुपर्ने व्यवहारको बारेमा जानकारी दिने र यस्तो जानकारी भाडामा लिइएको सवारी साधनको चालकलाई पनि अनिवार्यरुपमा दिने व्यवस्था गर्ने ।

ङ. सवारी साधनको अवस्था र चालकलाई दिएको तालिमको सम्बन्धमा बालगृहले लिखित विवरण राख्ने ।

## ४. बालगृहमा संरक्षित बालबालिकाको आधारभूत अधिकारको प्रत्याभुति
## (Realization of Basic Rights of Children Living in Residential Care Homes)

यो अध्याय २९ मापदण्डहरु सहितको एक ठूलो अध्याय हो । यो अध्यायमा मुख्यतः खाना र पोशाक, शिक्षा, स्वास्थ्य, मनोरञ्जन तथा खेलकुद, मनोसामाजिक सेवा र अन्य यस्तै पक्षहरुमा जोड दिइएको छ जुन आवासीय बालगृहमा रहेका बालबालिकाको आधारभूत अधिकारको परिपूर्ति र उनीहरुको विकासको आवश्यकता तथा अधिकार परिपूर्तिको लागि आवश्यक हुनेछ । =

### ४.१ भोजन र पोषण

**मापदण्ड : १७ बालबालिकालाई सफा, ताजा र सन्तुलित तथा पौष्टिक खाना उपलब्ध गराउनुपर्दछ ।**

बालगृहमा खानाको प्रबन्ध गर्दा देहायअनुसार गर्नु, गराउनुपर्दछ :

क. बालबालिकाको उमेरअनुसार आवश्यक क्यालोरी प्राप्त हुने विहान बेलुका अघाउने गरी खाना र विहान र दिउँसोको खाजा गरी दिनमा कम्तीमा ४ पटक खुवाउने ।

ख. बालगृहमा व्यवस्थापन, भान्से तथा बालगृहका बालबालिकासमेतको सहभागितामा पौष्टिक गुण भएको, बालबालिकाको रुचि, साँस्कृतिक पहिचान र नियमित उपलब्धताका आधारमा साप्ताहिकरुपमा खानाको सूची तयार गरी सबैले देख्ने ठाउँमा टाँस्ने । यसोगर्दा समय समयमा पोषणविद्को सल्लाह लिन सकिन्छ ।

ग. यसरी खानाको सूची बनाउँदा दूध, फलफूल, माछामासु तथा प्रोटिन प्राप्त हुने अरू प्राकृतिक स्रोत समावेश भएको र शाकाहारी बालबालिकालाई पनि आवश्यक प्रोटिनको आपूर्ति गर्ने प्रकारको खानाको व्यवस्था गर्ने ।

घ. बालगृहमा बालबालिकालाई खुवाइसकेपछि मात्रै भान्से र कर्मचारीले खाना खाने व्यवस्था मिलाउने ।

ङ. पकाइएको वा नपकाइएको खानाको राखनधरन सफासुग्घर तरिकाले गर्ने र खाना खाने एवम् राख्ने ठाउँमा झिंगा, कीरा, ढुसी वा अरू प्रकारका कीरा वा फोहोर नहुने र खानेकुरा राख्ने ठाउँ वा भाँडामा कीटनाशक विषादि नपर्ने गरी व्यवस्थापन गर्ने ।

च. बालगृहमा खुवाइने खानाको पौष्टिक गुण र पानीको स्वच्छताको नियमित परीक्षण गर्ने र उपभोग्य मिति सकिएको खानेकुरा बालबालिकालाई नखुवाइने कुरा सुनिश्चित गर्ने ।

च. खाद्य विशेषज्ञबाट कम्तीमा ६/६ महिनामा खानाको गुणस्तरको परीक्षण गरी त्यसको लिखित विवरण राख्ने । यसको लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक जनशक्तिको व्यवस्था गरिदिनु सम्बन्धित सरकारी निकायको कर्तव्य हुनेछ ।

**टिप्पणी**

- पोषणका लागि आवश्यक भएमा बालबालिकालाई थप विशेष खाना खुवाउनुपर्दछ । यस्तो खाना स्वास्थ्यका कारणबाट बन्देज गरिनुपर्ने अवस्थामा बाहेक सामान्यतया बालबालिकाको रुचिअनुसारको हुनुपर्दछ ।
- ५ वर्षभन्दा कम उमेरका बालबालिकालाई आवश्यकताअनुसार ४ पटक भन्दाबढी पटक खानेकुरा खुवाउनुपर्दछ ।
- बालगृहमा रहेका १४ वर्षमाथिका बालबालिकाले खाना तयार गर्ने र किनमेल गर्ने कार्यमा सहयोग गर्न चाहेमा उनीहरूको शिक्षा, स्वास्थ्य र मनोरञ्जनमा प्रतिकूल प्रभाव नपर्ने गरी कार्यतालिका बनाई सहभागी गराउनुपर्दछ ।
- बालबालिकालाई आवश्यक क्यालोरी निर्धारण गर्दा सामान्यतः राष्ट्रिय औसतलाई आधार बनाउनुपर्दछ तर बालगृहको भौगोलिक अवस्थिति र बालबालिकाको उमेरका आधारमा पोषणविद्को सहयोगमा स्वास्थ्य मन्त्रालयबाट तयार भएको पोषण मापदण्डअनुसार पर्याप्त क्यालोरी पुग्नेगरी निर्धारण गर्नुपर्दछ ।

**मापदण्ड : १८ बालबालिकाको पोषणस्तरको नियमित अनुगमन गर्नुपर्दछ ।**

पोषण अनुगमनका लागि देहायअनुसार गर्नु गराउनुपर्दछ :

क. तीन वर्ष वा सोभन्दा कम उमेरको शिशुको प्रत्येक महिनामा, ३ वर्षदेखि ५ वर्षसम्मको बालबालिकाको हरेक ३ महिनामा र सोभन्दा बढी उमेरका बालबालिकाको ६ महिनामा एकपटक तौल र नाप लिने तथा सामान्य स्वास्थ्य

स्थिति जाँच गरी र निजको व्यक्तिगत विवरणमा समावेश गरी राख्ने तथा आवश्यकताअनुसार सोको जानकारी चिकित्सकलाई उपलब्ध गराउने ।

ख. उमेरअनुसारको तौल र उचाइ नभएका वा कुपोषण भएका बालबालिकालाई चिकित्सक र पोषणविद्‌ले सिफारिस गरेअनुसारको थप पौष्टिक आहार खुवाउने व्यवस्था मिलाउने र आवश्यकताअनुसार तत्काल उपचारको व्यवस्था मिलाउनुपर्दछ ।

ग बालबालिकाले लगातार खान नमानेमा, उमेर र शारीरिक अवस्था सुहाउँदोभन्दा धेरै खाने गरेमा वा अन्य प्रकारको भोजनसम्बन्धी असन्तुलन देखिएमा तत्काल चिकित्सक र पोषणविद्‌ तथा आवश्यकताअनुसार मनोविमर्शकर्ताको सल्लाह लिई स्वास्थोपचार वा पोषणको व्यवस्था मिलाउने ।

**मापदण्ड : १९ खाना तयार गर्ने र खाने ठाउँ सफा र बालबालिकाका लागि सुविधाजनक हुनुपर्दछ ।**

भोजन कक्ष र भान्सामा देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. भान्सा, भण्डार र भोजनकक्ष बेग्लाबेग्लै बनाउने । खाना पकाउने ठाउँको धुवाँ बस्ने कोठामा र पढने कोठामा नजाने गरी कोठाहरुको व्यवस्था गर्ने ।

ख. भोजनकक्ष, भान्सा र भण्डारमा कीरासांग्ला नलाग्ने, मुसा, कुकुर, बिरालो आदि पस्न नसक्ने गरी सुरक्षित हुने व्यवस्था मिलाउने ।

ग. बालबालिकाले खाना खाने ठाउँमा धुँवा, ध्वाँसो नहुने र पर्याप्त प्राकृतिक तथा कृत्रिम उज्यालो आउने र दोहोरो हावा खेल्ने व्यवस्था मिलाउने ।

घ भोजनकक्ष बालबालिकाले खाना खान पालो पर्खनु नपर्ने गरी फराकिलो र अपाङ्गता भएका लगायत सबै बालबालिकाका लागि पहुँचयुक्त र सुविधाजनक हुने गरी बनाउने ।

ङ. सिकिस्त बिरामी अवस्थामा बाहेक बालबालिकालाई सुत्ने ठाउँमा खाना नखुवाउने ।

च. बालबालिकालाई खानेकुरा र पानी खानका लागि प्रत्येकलाई पुग्ने गरी अलगअलग थाल, कचौरा, गिलास उपलब्ध गराउने ।

**टिप्पणी**

- धेरै गर्मी हुने ठाउँमा भोजन कक्ष शितल पार्ने व्यवस्था हुनुपर्दछ । भान्से सफा सुग्घर र तालिम प्राप्त हुनुपर्दछ ।

**मापदण्ड : २० सबै बालबालिकाले सजिलै पाउनसक्ने गरी पर्याप्त मात्रामा स्वच्छ खानेपानी उपलब्ध गराउनुपर्दछ ।**

पिउने पानीको स्वच्छता र पर्याप्तता सुनिश्चित गर्न देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. प्रत्येक बालबालिकालागि कम्तीमा दैनिक ५ लिटर पर्ने गरी स्वच्छ पिउने पानीको व्यवस्था गर्ने ।

ख. बालगृहमा प्रयोग गरिने पानीको स्वच्छताको कम्तीमा वर्षमा १ पटक परीक्षण गराई त्यसको लिखित विवरण राख्ने ।

ग. पिउनेपानी अपाङ्गता भएका लगायत सबै बालबालिकाको पहुँचमा हुने गरी राख्ने ।

घ. पिउनेपानीलाई उपयुक्त प्रशोधन विधि अपनाएर पिउनयोग्य बनाउने ।

ङ. बालगृहको पानी टंकी नियमितरूपमा सफा गर्ने ।

**मापदण्ड : २१ बालबालिकालाई स्वास्थ्यको कारणले बाहेक अरू कारणले खान निषेध गर्न वा खान कर लगाउनु हुँदैन ।**

यसको लागि :

क. अनुशासनात्मक कारबाही वा अरू कुनै पनि कारण देखाई बालबालिकालाई नियमित वा अरू साथीहरूलाई दिए सरहको खानामा निषेध गर्नुहुँदैन ।

ख. बालबालिकालाई स्वास्थ्य र पोषणको कारणबाहेक कुनै खानेकुरा खान जवर्जस्ती गर्नुहुँदैन ।

ग. बालबालिकाको साँस्कृतिक वा पारिवारिक पृष्ठभूमिअनुसार निषेध गरिएको कुनै खानेकुरा कुनै बालबालिकाले खान नमानेमा उसलाई बलपूर्वक खुवाउन वा खान वाध्य पार्नुहुँदैन ।

**मापदण्ड : २२ बालबालिकालाई पाकेको खाना मागेर ल्याएर वा बालगृह बाहिर अर्कै प्रयोजनका लागि पकाएको खानेकुरा खुवाउनुहुँदैन ।**

यसमा

क. बालबालिकालाई अर्कै प्रयोजनका लागि पकाएर उब्रेको खाना खुवाउनुहुँदैन ।

ख. पर्व विशेष वा अन्य कुनै अवस्थामा कसैले खाना खुवाउन चाहेमा पूर्व जानकारी दिई बालगृहमा नै पकाएको वा सोही प्रयोजनका लागि तयार गरिएको खाना मात्र खुवाउनुपर्दछ ।

ग. बाहिरको कसैले बालबालिकालाई खाना खुवाउँदा त्यस्तो कार्य सम्मानजनक रूपमा गरिएको हुनुपर्दछ ।

## ४.२ शिक्षा

**मापदण्ड : २३ बालबालिकालाई उमेरअनुसारको औपचारिक शिक्षाको व्यवस्था मिलाउनुपर्दछ ।**

उमेरअनुसारको औपचारिक शिक्षाको व्यवस्था मिलाउन देहायको प्रक्रिया र विधि अपनाउनुपर्दछ :

क. बालगृहमा भर्ना हुने बित्तिकै बालबालिकाको शैक्षिक अवस्थाको जानकारी लिई सोको अभिलेख राख्ने ।

ख. बालबालिकालाई उमेर र शैक्षिकस्तरअनुसार अनिवार्यरुपमा विद्यालयमा पढ्ने व्यवस्था मिलाउने । ठूलो उमेरका बालबालिकाको हकमा अनौपचारिक तथा व्यवसायिक शिक्षाको व्यव्यस्था गरिनुपर्ने ।

ग. उमेरअनुसारको कक्षामा पढ्न नसकेका बालबालिकाका लागि शैक्षिक स्थितिको मूल्याङ्कन गरी शैक्षिक परामर्श र आवश्यक थप पढाइको व्यवस्था मिलाउने तथा उसको शैक्षिक स्थितिको नियमित पुनरावलोकन गरी त्यसमा आवश्यकताअनुसार समायोजन गर्दै जाने ।

घ. बालबालिकाको शैक्षिक स्थितिको नियमित मूल्याङ्कन गरी निजको व्यक्तिगत विवरणमा उल्लेख गर्ने ।

ङ. शैक्षिक सत्रका बीचमा बालगृहमा भर्ना भएका बालबालिकाको पढाइ विद्यालयमा नियमित गर्न कठिनाइ भएमा त्यसपछि लगत्तै शुरु हुने शैक्षिक सत्रमा निजलाई भर्ना गर्ने तयारीका लागि बालगृहले औपचारिक पाठ्यक्रमअनुरूपको शिक्षा दिने प्रवन्ध गर्ने ।

च. बालबालिकाको पढाइमा थप सघाउ पुर्‍याउन हरेक बालगृहमा कम्तीमा एकजना शिक्षकको अनिवार्य व्यवस्था गर्ने र ३५ जनाभन्दा बढी बालबालिका भएको बालगृहका हकमा सोही अनुपातमा थप शिक्षकको व्यवस्था गर्ने ।

छ. अपाङ्गता भएका बालबालिकाका लागि स्वीकृत विशेष शिक्षा पाठ्यक्रम लगायत आवश्यक शैक्षिक सामग्री, सहायकसामग्री एवम् पाठ्यसामग्रीको व्यवस्था गर्ने ।

ज. बालबालिकालाई आवश्यकताअनुसारको विद्यालय पोशाक, जुत्ता, मोजा र शैक्षिक सामग्री उपलब्ध गराउने ।

यस्तो सामग्री उपलब्ध गराउँदा देहायअनुसार गर्ने :

१. बालबालिका भर्ना गरिएको विद्यालयले तोके अनुरुप मौसमअनुसारको बालबालिकाको उमेर र शरीरलाई सुहाउँने विद्यालय युनिफर्म (पोशाक, जुत्ता, मोजा) कम्तिमा वर्षको २ जोर उपलब्ध गराउने ।

२. पोसाक सफा र सही अवस्थामा राख्न बालबालिकालाई उमेर र अवस्थाअनुसारको सहयोग पुऱ्याउने ।

३. अपाङ्गता वा अरू कुनै कारणले आफ्नो पोसाक र शैक्षिक सामग्रीको हेरचाह गर्न नसक्ने बालबालिकाको हेरचाह गर्न बालगृहका कुनै कर्मचारीलाई जिम्मा दिने ।

**टिप्पणी**

- बालगृहको नजिक कुनै बालक वा बालिकाको शैक्षिकस्तर अनुरुप मातृभाषामा पढाइ हुने विद्यालय भएमा र बालबालिकाले चाहेमा निजलाई त्यस्तो विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- अतिरिक्त पढाइको व्यवस्था गर्दा बालबालिकाको स्वास्थ्य तथा मनोरञ्जनको समयसँग सन्तुलन कायम गर्नुपर्दछ ।
- बालगृहका बालबालिका पढ्ने विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि पनि सहज पहुँच हुनुपर्दछ ।
- एक शैक्षिक सत्रभन्दा थोरै समय बालगृहमा रहेका कारण बालबालिकालाई विद्यालयमा भर्ना गर्ने अवसर नमिलेमा अनौपचारिक शिक्षाको प्रवन्ध मिलाउनुपर्दछ ।

- बालगृहमा बालबालिकालाई आवश्यकताअनुसार शैक्षिक परामर्श उपलब्ध गराउनुपर्दछ। बालगृहमा शैक्षिक परामर्श उपलब्ध गराउने जनशक्ति नभएमा बाहिरका विषय विशेषज्ञको सहयोग लिनुपर्दछ।
- बालगृहले कम्तीमा वर्षको एकपटक बालबालिकालाई पिकनिक, सिनेमा, आर्ट ग्यालरी, चिडियाखाना तथा गाउँको स्थलगत भ्रमणमा लाने व्यवस्था गर्नुपर्दछ।

**मापदण्ड २४. बालबालिकालाई नागरिक शिक्षा, जीवनोपयोगी ज्ञान, व्यावसायिक सीप र सामाजिकीकरण तालिमको व्यवस्था मिलाउनुपर्दछ।**

बालबालिकाको सामाजिकीकरणका लागि देहायबमोजिमको व्यवस्था मिलाउनुपर्दछ :

क. बालअधिकार र जीवनोपयोगी शिक्षा पाउने व्यवस्था गर्ने।

ख. समुदायमा सामना गर्नुपर्ने चुनौति र उपलब्ध अवसरको जानकारी तथा आत्मविश्वास बढाउने प्रशिक्षण प्रदान गर्ने।

ग. समुदायको सम्पर्कमा जाने र बुझ्ने अवसर प्रदान गर्ने।

घ. उमेर पुगेका बालबालिकालाई रुचिअनुसारको रोजगारमूलक सीप सिक्ने व्यवस्था मिलाउने।

**टिप्पणी**

- १३ वर्षमाथिका बालबालिकालाई जीवनोपयोगी सीप, यौनशिक्षा तथा प्रजनन स्वास्थ्य र यौनरोग तथा एचआइभी र एड्सको ज्ञान दिनुपर्दछ।
- रोजगारमूलक सीप वा सामाजिकीकरण तालिमका लागि बालगृहबाट बाहिर जानुपर्ने भएमा उपयुक्त यातायात र खाजाको व्यवस्था मिलाउनुपर्दछ।
- कुनै बालबालिकाले सीप रोज्न नसकेका अवस्थामा विशेषज्ञको सहयोग लिएर निजको रुचि र क्षमताअनुसारको सीप पहिचान गर्न सघाउनुपर्दछ ।
- रोजगारमूलक सीप सिक्नका लागि १४ वर्ष वा सोभन्दा माथिका बालबालिकालाई मात्र प्रोत्साहित गर्नुपर्दछ।
- सीपमूलक व्यावसायिक तालिम लिने बालबालिकाको व्यक्तिगत सुरक्षा, समस्या र प्रगतिका विषयमा नियमित सुपरिवेक्षण गरी त्यसको लिखित प्रगति विवरण तयार गरी राख्नुपर्दछ।
- समाजिक चालचलनसँग परिचित गराउन राष्ट्रिय चाडपर्वहरू, सामाजिक, धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरूमा बालबालिकालाई संलग्न गराउनुपर्दछ।

**मापदण्ड : २५ बालबालिकालाई लेखपढ गर्नका लागि अलग्गै अध्ययन कक्ष तथा पुस्तकालयको व्यवस्था गर्नुपर्दछ।**

अध्ययन कक्ष देहायअनुसारको व्यवस्था हुनुपर्दछ :

क. पर्याप्त उज्यालोको लागि प्राकृतिक र कृत्रिम प्रकाशको व्यवस्था सुनिश्चित गर्ने।

ख. दोहोरो हावा खेल्ने गरी कोठाको आकारअनुसारको झ्यालको व्यवस्था भएको हुनुपर्ने।

ग. अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकाकासमेत सबै बालबालिकालाई लेखपढ गर्न उपयुक्त र पर्याप्त फर्निचरको व्यवस्था भएको हुनुपर्ने।

घ. बालगृहमा असह्य हल्ला, धुवाँ, धूलो र दुर्गन्ध नहुने तथा कर्मचारी र बाहिरका अरू कसैको गतिविधिबाट वाधा नपुग्ने खालको व्यवस्था मिलाउने।

ङ. नियमित सरसफाइको व्यवस्था गर्ने।

बालगृहको पुस्तकालयमा देहायअनुसारको व्यवस्था हुनुपर्दछ :

क. बालबालिकाको रुचि, उमेर र शैक्षिक अवस्थाअनुसारका पुस्तक, पत्रिका र अन्य शैक्षिक सामग्री भएको।

ख. अपाङ्गता भएका बालबालिकाको समेत सहज पहुँच हुने गरी दराज, मेच र टेबुलको व्यवस्था भएको।

ग. पर्याप्त उज्यालोका लागि प्राकृतिक र कृत्रिम प्रकाशको व्यवस्था भएको।

घ. दोहोरो हावा खेल्ने गरी कोठाको आकारअनुसार झ्यालको व्यवस्था भएको।

ङ. असह्य हल्ला, धुवाँ, धूलो र दुर्गन्ध नहुने तथा कर्मचारी र बाहिरका अरू कसैको गतिविधिबाट वाधा नपुग्ने गरी व्यवस्था भएको तथा नियमित सरसफाइ हुने व्यवस्था भएको ।

**टिप्पणी**

- बालगृहमा रहेका बालबालिकाको उमेर र शैक्षिक अवस्था सुहाउँदा पुस्तकहरू भएको पुस्तकालयको व्यवस्था गृहभित्र मिलाउन नसकिएमा वा बालबालिकाले चाहेमा नजिकको सामुदायिक वा निजी पुस्तकालयमा उनीहरूको पहुँच कायम गरिदिनुपर्दछ ।
- बालगृहका बालबालिकालाई उनीहरूको उमेर र अवस्थाअनुसार पुस्तकालयको व्यवस्थापन कार्यमा संलग्न गराउनुपर्दछ ।
- अध्ययन कक्ष र पुस्तकालय छुट्टै व्यवस्था हुन नसकेको खण्डमा एउटै कक्षलाई दुबै प्रयोजनमा उपयोग गर्न सकिन्छ ।

**मापदण्ड : २६ बालबालिकाको शैक्षिक प्रगतिको नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ र बालबालिकाको शैक्षिक विवरण र प्रमाणपत्रहरू अध्यावधिक गरी राख्नुपर्दछ ।**

बालबालिकाको शैक्षिक प्रगति प्रतिवेदनको मूल्याङ्कन गर्दा देहायअनुसारको व्यवस्था मिलाउनुपर्दछ :

क. बालबालिकाको शैक्षिक प्रगतिको नियमित समीक्षा गरी त्यसको अभिलेख राख्ने ।

ख. शैक्षिक प्रगतिमा समस्या देखिएका बालबालिकाका सम्बन्धमा सम्बन्धित शिक्षक तथा आवश्यकताअनुसार मनोविमर्शकर्ताको सल्लाह लिने र तदनुरूप पढाइमा विशेष सहयोगको व्यवस्था मिलाउने । शैक्षिक प्रगतिमा समस्या देखिएका बालबालिकाको हकमा उनीहरूसँग छलफल गरी उपयुक्त समाधान निकाल्नुपर्दछ ।

ग. बालबालिकाको शैक्षिक प्रगति र समस्याको सम्बन्धमा अभिभावकसँग छलफल गर्ने ।

घ. शैक्षिक प्रगति र समस्याको जानकारी निज बालबालिकाको जन्म वा वासस्थानको वा निजलाई भर्नाका लागि सिफारिस गर्ने सम्बन्धित स्थानीय निकायलाई वार्षिक रुपमा दिने ।

ङ. बालबालिकाको शैक्षिक विवरण र प्रमाणपत्रहरू नियमितरूपमा अद्यावधिक गरी व्यक्तिगत विवरणमा समावेश गरिराख्ने ।

च. बालबालिकाले चाहेमा वा परिचय गोप्य राख्नुपर्ने अवस्था भएमा शैक्षिक प्रमाणपत्रमा बालगृहमा रहेको कुरा उल्लेख गर्नुहुँदैन ।

छ. बालबालिकाले बालगृह छाडेर जाँदा त्यस्तो विवरण र प्रमाणपत्रहरू निजलाई उपलब्ध गराउने । बालबालिका बालगृह छाडेर गएपछि पनि बालगृहले कम्तीमा ५ वर्षसम्म शैक्षिक प्रमाणपत्रका प्रतिलिपिहरू सुरक्षित रहने व्यवस्था मिलाउने ।

**मापदण्ड : २७ बालगृहका कर्मचारीले बालबालिकाको अभिभावकको भूमिका पूरा गर्नुपर्दछ ।**

अभिभावकको रूपमा बालगृहका कर्मचारीले देहायअनुसार गर्नु, गराउनुपर्दछ :

क. विद्यालयमा आयोजित कार्यक्रममा अभिभावकका रूपमा भाग लिने । तर सम्बन्धित बालबालिकाले नरुचाएमा कर्मचारीले अभिभावकका रूपमा कार्यक्रममा सहभागी हुन वा परिचय दिन हुँदैन ।

ख. समयसमयमा विद्यालयका बारे बालबालिकाको धारणा बुझ्ने र समस्या देखिएमा समाधान गर्ने ।

ग. अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकाको पढाइबारे कुनै समस्या भएमा त्यसको समाधान गर्ने ।

घ. बालबालिकामा शैक्षिक समस्या देखिएमा शिक्षक, मनोविमर्शकर्ता र अन्य सम्बन्धित व्यक्तिसँग छलफल गर्ने ।

ङ. बालबालिकाका अभिभावकको रूपमा कर्मचारीले पूरा गरेको भूमिकाको लिखित विवरण राख्ने । यसको लागि सामाजिक खोजविन प्रतिवेदनको ढाँचालाई उपयोग गर्न सकिन्छ ।

## ४.३ स्वास्थ्य

**मापदण्ड : २८ बालगृहका बालबालिकाको अनुमतिप्राप्त चिकित्सकद्वारा नियमित स्वास्थ्य परीक्षण गराई आवश्यक उपचारको व्यवस्था मिलाउनुपर्दछ ।**

स्वास्थ्य परीक्षण गराउँदा देहायअनुसार गर्नुपर्दछ :

क. बालगृहमा भर्ना भएपछि कम्तीमा १ महिनाभित्र वा सकेसम्म छिटो बालबालिकाको आँखा, कान, घाँटी, दाँतलगायत पूर्ण स्वास्थ्य परीक्षण गराउने र चिकित्सकले सिफारिस गरेअनुसारको उपचारको व्यवस्था मिलाउने ।

ख. बालबालिकाको उमेर र अवस्थाअनुसार कम्तीमा ३ महिनाको १ पटक नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने ।

ग. बालगृहमा भर्ना हुनुभन्दा पहिलेको स्वास्थ्य विवरण उपलब्ध भएमा चिकित्सकलाई देखाई आवश्यक भएमा औषधिउपचार गरी बालबालिकाको व्यक्तिगत विवरणमा उल्लेख गर्ने ।

घ. बालबालिकालाई कुनै प्रकारको औषधि वा खाना वा अन्य कुनै वस्तुको एलर्जी भएको वा कुनै औषधिको दुष्प्रभाव पर्ने वा परेको थाहा भएमा त्यसको जानकारी चिकित्सकलाई दिने र सो कुरा व्यक्तिगत विवरणमा उल्लेख गर्ने ।

ङ. बालबालिकालाई उपलब्ध सबै रोग प्रतिरोधक खोप/सुइहरू दिने व्यवस्था मिलाउने ।

च. बालगृहमा रहेका सबै बालबालिकाको स्वास्थ्यसम्बन्धी छुट्टछुट्टै फाइल तयार गरी राख्नुपर्नेछ ।

**टिप्पणी**

- बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको तालिका बालबालिका र अरू सरोकारवालाले पनि देख्ने गरी सूचना पाटीमा टाँसेर राख्नुपर्दछ ।
- बालबालिकाको स्वास्थ्य परीक्षण, उपचार र प्रतिरोधक खोप/सुइ दिएको विवरण निजको स्वास्थ्यसम्बन्धी व्यक्तिगत अभिलेखमा उल्लेख गरी सुरक्षित रूपमा राख्ने र चिकित्सक, मनोविमर्शकर्ता वा अभिभावक वा अख्तियार प्राप्त अधिकारीले खोजेको बेलामा उपलब्ध गराउने । निज बालक वा बालिका बालगृहबाट बिदाइ भएर जाँदाका बखत सो फाइल उसलाई उपलब्ध गराउनुपर्दछ ।

**मापदण्ड : २९ बालगृहमा प्राथमिक उपचारको तालिम प्राप्त जनशक्ति, आवश्यक औषधि र उपचार सामग्री हुनुपर्दछ ।**

प्राथमिक उपचारको व्यवस्था देहायअनुसार मिलाउनुपर्दछ :

क. प्राथमिक उपचार र पोषण अनुगमनका सामग्री, औषधि तथा उपकरण राख्ने दराज एवम् बिरामी तथा चिकित्सक बस्ने कुर्सी र बिरामी सुताउने ओछ्यान अटाउने ठाउँको प्रबन्ध भएको कक्षको व्यवस्था गर्ने ।

ख. बालिकाको उपचारका समयमा महिला हेरचाहकर्ता उपस्थित हुने व्यवस्था गर्ने ।

ग. उपचार कक्षमा आवश्यकताअनुसार प्राकृतिक र कृत्रिम प्रकाशद्वारा उज्यालो र अँध्यारो बनाउन सकिने व्यवस्था मिलाउने ।

घ. बालगृहको नजिकमा भएको एम्बुलेन्स सेवा बारेको सूचना र आवश्यक भएको बखत सहयोग प्राप्त गर्ने सम्झौता गरिएको हुनुपर्ने ।

ङ. प्राथमिक उपचार कक्षमा अपाङ्गता भएकालगायत विशेष आवश्यकता भएका समेत सबै बालबालिकाको गोपनियता, सुरक्षा र सहज पहुँच सुनिश्चित हुने व्यवस्था मिलाउने ।

**टिप्पणी**

- प्राथमिक उपचार सामग्री नियमितरूपमा अद्यावधिक बनाई बालगृहका सबै कर्मचारीले सजिलै भेट्टाउन सक्नेगरी राख्नुपर्दछ ।
- बालगृहले प्राथमिक उपचार बाकसमा कुनै हानि नोक्सानी भएको वा कसैले त्यसलाई अनधिकृत रूपमा चलाएको तत्काल थाहा पाउने पद्धति अपनाउनुपर्छ र त्यसो भएको थाहा पाएको २४ घन्टाभित्र त्यो सामग्री हटाएर अर्को राख्ने वा सुधार गर्ने व्यवस्था गर्नुपर्दछ ।
- बालगृहले सामान्यतया प्रचलनमा नभएको वा अर्कै प्रयोजनका लागि खरिद गरिएको औषधि उपहारका रूपमा लिन वा प्रयोग गर्नुहुँदैन ।
- विषजन्य पदार्थ, औषधि, केमिकलहरू बालबालिकाको सजिलै पहुँच नहुने ठाउँमा सुरक्षित गरेर राख्ने ।

**मापदण्ड : ३०	बालबालिकालाई घाउचोट लागेमा वा बिरामी भएमा तुरुन्त उपयुक्त उपचारको व्यवस्था गरिहाल्नुपर्दछ ।**

बालबालिकाको उपचारलाई प्राथमिकता दिने गरी देहायअनुसारको व्यवस्था मिलाउनुपर्दछ :

क. बिरामी भएको वा बिरामी भएको बताउने वा बिरामीको शारीरिक वा मानसिक लक्षण देखिएको बालबालिकाको तत्काल स्वास्थ्य परीक्षण गरी उपचार गराउने र आवश्यकताअनुसार मनोसामाजिक सेवाको व्यवस्था गर्ने ।

ख. कुनै बालबालिकालाई घाउचोट लागेमा तत्काल प्राथमिक उपचार गरी चोटको प्रकृतिअनुसार परीक्षण र उपचारका लागि स्वास्थ्य संस्थामा पुऱ्याउने व्यवस्था गर्ने ।

ग. बालगृहमा कुनै सरुवा रोगको संक्रमण भएको आशंका भएमा तत्काल त्यसको रोकथामको व्यवस्था गर्ने ।

घ. चिकित्सकको सिफारिसअनुसार थप जाँच वा विशेष उपचारको व्यवस्था गर्ने ।

ङ. बालगृहले चिकित्सकले थप उपचारका लागि सिफारिस गर्न सक्ने उपयुक्त स्वास्थ्य संस्थाहरूको सूची तयार गरी सम्भव भएमा त्यस्ता संस्थाहरूसँग सम्झौता गरिराख्ने ।

च. बालबालिकालाई अस्पताल भर्ना गर्नुपर्ने वा लैजान पर्ने भएमा अस्पताल पुऱ्याउने र ल्याउने तथा बिरामीसँग बस्ने उपयुक्त कुरुवाको व्यवस्था मिलाउने ।

**टिप्पणी**

- थप उपचारका लागि अर्को स्वास्थ्य संस्थामा पठाउँदा बालबालिकाको स्वास्थ्यसम्बन्धी विवरण पनि पठाउनुपर्दछ । यसरी विवरण पठाउँदा १ प्रति बालगृहमा सुरक्षित राख्नुपर्दछ ।
- बालबालिकाको उमेर र अवस्था तथा रोग वा घाउचोटको प्रकृतिअनुसार सम्बन्धित बालबालिकालाई आवश्यक र उपयुक्त सूचना दिनुपर्दछ । बिरामी भएमा वा चोटपटक लागेमा बालबालिकाले बालगृहमा कोसँग कहाँ सम्पर्क राख्नुपर्दछ भन्ने जानकारी पनि बालबालिकालाई दिनुपर्दछ ।
- बालबालिकाको परिवार, अभिभावक वा बालबालिकाले इच्छाएको कुनै व्यक्तिले मागेका अवस्थामा र स्वास्थ्य स्थितिको जानकारी दिनुपर्दछ ।

**मापदण्ड : ३१	सबै बालबालिकाको स्वास्थ्य बीमा गर्नुपर्दछ ।**

बालगृहका बालबालिकाको स्वास्थ्य बीमाको प्रबन्ध गर्न देहायअनुसार मिलाउनुपर्दछ :

क. बालगृहका सबै बालबालिकाको स्वास्थ्य बीमा गराउने नीति लिने ।

ख. बिमा गरिएका बालबालिका बालगृहबाट बिदा हुने भएमा निजको वा अभिभावकको इच्छाअनुसार त्यस्तो बीमालाई निरन्तरता दिनसक्ने व्यवस्था मिलाउने ।

ग स्वास्थ्य बीमा गरिएको जानकारी बालबालिका र निजको अभिभावक/संरक्षकलाई दिने । अभिभावक वा संरक्षक नभएको वा नभेटिएको अवस्थामा बालबालिकाको सम्बन्धित गाउँविकास समिति वा नगरपालिकालाई पनि बालक वा बालिकाको स्वास्थ्य बीमाको जानकारी दिने ।

**टिप्पणी**

- भौगोलिक वा अन्य कुनै कारणले स्वास्थ्य बीमाको व्यवस्था व्यवहारिक वा उपयुक्त नभएका अवस्था र स्थानमा आधिकारिक निकायबाट स्वीकृति लिई बालगृहले वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।
- बालगृहमा रहेका बालबालिकाको स्वास्थ्य बीमाको व्यवस्था मिलाउनु सरकारको उत्तरदायित्व हो । बालगृहमा बसोबास गरिरहेका बालबालिकालाई स्वास्थ्योपचारमा छुटको व्यवस्था गर्न सरकारले पहल गर्नुपर्दछ । यसको लागि केन्द्रीय बालकल्याण समितिले सम्बन्धित सरकारी निकाय वा संघसंस्थासँग समन्वय गरी नीतिगत निर्णय गर्नमा पहल गर्नुपर्दछ ।

**मापदण्ड : ३२	बालगृहमा रहेका बालबालिकालाई मानसिक समस्या भएमा मनोविमर्शकर्ताले सिफारिस गरेको स्वास्थ्य संस्थामा उपचार गराउनुपर्दछ ।**

मानसिक समस्याको उपचार गराउँदा देहायअनुसारको व्यवस्था मिलाउनुपर्दछ :

क. मनोविमर्शकर्ताले सिफारिस गरेको स्वास्थ्य संस्थामा लगी उपचार गराउने ।
ख. मानसिक रोगको उपचारमा संलग्न बालबालिका बालगृहबाट बिदा भएपछि पनि उपचार चालू राख्न चिकित्सकले सिफारिस गरेमा बालगृहले निजको परिवारका सदस्य वा उनीहरू नभेटिएका अवस्थामा सम्बन्धित स्थानीय निकायलाई जानकारी दिई त्यसको व्यवस्था मिलाउने ।
ग. त्यस्ता बालबालिकालाई पारिवारिक अवस्थाका कारण उपचारलाई निरन्तरता दिन कठिन भएमा उपचारका लागि आवश्यक सहयोग जुटाउन बालगृहले सहयोग गर्ने ।
घ. त्यस्तो उपचार आवश्यकता होउन्जेल चालू रहने व्यवस्था मिलाउने ।

**मापदण्ड : ३३ बालगृहले कुनै बालबालिका विशेषलाई मात्र लक्षित गरी एच.आई. भी. र एड्स तथा यौनजन्य संक्रमण (Sexually Transmitted Infection) सम्बन्धी परीक्षण गर्नु, गराउनु हुँदैन ।**

एचआईभी र एड्स तथा अन्य संक्रामक यौनरोगको परीक्षणका सम्बन्धमा देहायअनुसार गर्नुपर्दछ :
क. कुनै बालक वा बालिका विशेषलाई लक्षित गरी एचआईभी र एड्स तथा अन्य संक्रामक यौनरोगको परीक्षण नगराउने र विशेष कारणवश गराउनु परेमा उमेर र अवस्थाअनुसार सम्बन्धित बालबालिकालाई जानकारी दिएर निजको सहमतिमा मात्र गर्ने तथा प्राप्त प्रतिवेदन गोप्य रहने व्यवस्था मिलाउने । यसमा विशेषज्ञको राय लिइनुपर्दछ र यसोगर्दा भेदभावविहीनताको सिद्धान्तलाई ध्यान पुर्‍याउने ।
ख. बालगृहका कुनै बालबालिकालाई एचआईभी र एड्स संक्रमण भएको थाहा भएमा गोपनियता कायम राख्ने र त्यस्ता बालबालिकामाथि भेदभावपूर्ण व्यवहार नगर्ने ।
ग. बालगृहका अरू बालबालिकालाई एचआइभी र एड्स तथा यौनजन्य संक्रमण र त्यसबाट जोगिने उपायको जानकारी दिने ।
घ. एच.आई.भी. संक्रमित बालबालिकाका लागि सञ्चालन गरिने बालगृहहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी थप न्यूनतम मापदण्ड अनुसूची १ बमोजिम हुनेछ ।

**टिप्पणी**
- एचआईभी एड्स संक्रमित वा प्रभावित बालबालिकालाई त्यसबारे जानकारी दिनुपर्ने भएमा निजको उमेर र अवस्थामा ध्यान दिनुपर्दछ र अरू बालबालिकालाई संक्रमित बालक वा बालिकाका बारेमा थाहा दिनुहुँदैन ।
- सम्बन्धित बालबालिकामा हिनताबोध उत्पन्न हुन नदिनका लागि मनोविमर्शकर्ताको सेवा उपलब्ध गराउनुपर्दछ ।

**मापदण्ड : ३४ बालगृहमा रहेका बालबालिका सिकिस्त बिरामी भएमा वा निजलाई गम्भीर चोटपटक लागेमा परिवारका सदस्य वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्थालाई उपलब्ध भएसम्म छिटो साधनद्वारा जानकारी दिनुपर्दछ ।**

यस्तो जानकारी दिंदा देहायअनुसार गनुपर्दछ :
क. बालबालिकालाई अस्पतालमा ४८ घन्टाभन्दा बढी राख्नुपर्ने भएमा वा बालगृहभित्रै २४ घण्टा नै कुरुवा बसी उपचार गर्नुपर्ने भएमा बालबालिकाको अवस्था र रोगका बारेमा अभिभावक वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्थालाई जानकारी दिने ।
ख. उपलब्ध सञ्चारको साधनमध्ये छिटो र भरपर्दो साधनको प्रयोग गर्ने र वैकल्पिक उपाय पनि गर्ने ।
ग. अभिभावक पत्ता लाग्न नसकेका अवस्थामा सार्वजनिक सञ्चार माध्यमबाट सूचना दिने ।
घ. सूचना दिएको विवरण बालबालिकाको व्यक्तिगत विवरणमा समावेश गर्ने ।

**मापदण्ड : ३५ बालबालिकाको मृत्युभएमा परिवार, अभिभावक वा बालबालिकाले इच्छाएको व्यक्ति वा संस्था र स्थानीय निकायलाई तत्काल सूचना दिनुपर्दछ ।**

यस्तो सूचना दिंदा देहायअनुसार गर्नुपर्दछ :

क. मृतक बालबालिकाको परिवार वा इच्छाएको व्यक्तिलाई जानकारी दिने र निज सम्पर्कमा नभएको वा सम्पर्क गर्न सकिने अवस्था नभएमा सार्वजनिक सञ्चार माध्यमबाट पनि जानकारी दिने ।

ख. बालबालिका विदेशी भएमा सम्बन्धित देशको दूतावास वा नियोग र संयुक्त राष्ट्रसंघीय बालकोषको नजिकको कार्यालयलाई जानकारी दिने ।

ग. बालबालिकाको मृत्युको कारणसहितको जानकारी स्थानीय प्रहरी, बालगृह रहेको र बालबालिकाको गृह जिल्लाको बालकल्याण समिति, केन्द्रीय बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय निकायलाई दिने ।

घ. अस्पतालले दिएको बालबालिकाको मृत्युको प्रमाणपत्र सुरक्षित राख्ने र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा मृत्युदर्ता गराउने ।

ङ. बालबालिकाको मृत्युको प्रमाणपत्रको प्रतिलिपि निजको अभिभावक, सम्बन्धित स्थानीय निकाय, केन्द्रीय तथा जिल्ला बालकल्याण समिति र स्थानीय प्रहरी कार्यालय र कुनै संस्था वा व्यक्तिको सिफारिसमा निजलाई बालगृहमा भर्ना गरिएको भए तिनलाई समेत मागेका बखत उपलब्ध गराउने ।

**मापदण्ड : ३६ बालबालिकालाई कुनै प्रकारको औषधि वा चिकित्सा विधिको परीक्षण (अनुसन्धान) मा प्रयोग वा संलग्न नगराइने सुनिश्चित गर्नुपर्दछ ।**

बालबालिकालाई अनुसन्धानमा प्रयोग नगरिने सुनिश्चित गर्न देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. बालगृहबाहिरको चिकित्सकले गर्ने परीक्षण र उपचारको जानकारी बालगृहको नियमित चिकित्सकलाई दिने व्यवस्था गर्ने ।

ख. बालबालिकाको उपचारमा संलग्न चिकित्सकलाई बालसंरक्षण कार्ययोजनाका बारेमा जानकारी दिने र सोको पालना गर्ने प्रतिज्ञा-पत्रमा हस्ताक्षर गराउने ।

ग. बालबालिकालाई गरिएको परीक्षण र उपचारको पूर्ण जानकारी उसको व्यक्तिगत विवरणमा समावेश गर्ने ।

घ. विशेषज्ञ चिकित्सकको सिफारिसबिना सामान्य प्रचलनमा नभएको औषधि वा उपचार विधि नअपनाउने कुरा सुनिश्चित गर्ने ।

## ४.४ मनोरञ्जन र खेलकुद

**मापदण्ड : ३७ बालबालिकाले नियमित शारीरिक व्यायाम तथा मनोरञ्जन र सिर्जनात्मक अभ्यास गर्न पाउनुपर्दछ ।**

मनोरञ्जन र खेलकुदको व्यवस्था देहायअनुसार मिलाउनुपर्दछ :

क. बालबालिकाको उमेर र शारीरिक अवस्थाअनुसारका घरभित्र र बाहिर खेलिने एकल र सामूहिक खेल खेल्ने प्रवन्ध गर्ने । त्यसको लागि खेल र मनोरञ्जनका सामग्री तथा खेलौनाको व्यवस्था गर्ने ।

ख. बालक र बालिकाबीच समान अवसरको अनुभूति हुनेगरी खेलकूदको सञ्चालन र खेल सामग्रीको व्यवस्था गर्ने ।

ग. मनोरञ्जन तथा खेलकुदमा सहयोग गर्न तालिम प्राप्त पूर्णकालिक वा आंशिक कर्मचारीको व्यवस्था गर्ने वा त्यसो गर्न नसकिएमा बालगृहका कर्मचारीमध्ये कुनै एकजनालाई यससम्बन्धी आवश्यक तालिमको व्यवस्था गर्ने ।

घ. विशेष आवश्यकता भएका वा अपाङ्गता भएका बालबालिकाले खेलकुद, मनोरञ्जन र सिर्जनात्मक क्रियाकलापमा सहभागी हुने वा मनोरञ्जन प्राप्त गर्ने व्यवस्था गर्ने ।

**टिप्पणी**

- मनोरञ्जन कक्षमा सबै बालबालिकाले आफूखुसी बस्ने, घरभित्र खेलिने खेलहरू खेल्ने र उपलब्ध बाजा वा अन्य यन्त्रको प्रयोग गर्ने मौका पाउनुपर्दछ ।
- उमेर वा शारीरिक अवस्थाका कारण बालगृहका अरू बालबालिकासरह खेल वा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुन नसक्ने बालबालिकाको रुचिअनुसारको एकल वा सामूहिक खेल र मनोरञ्जनका लागि साधनको व्यवस्था गर्नुपर्दछ ।
- मनोरञ्जनका सामग्रीको व्यवस्था गर्दा बालबालिकामा सकारात्मक सोच र सिर्जनशीलताको विकास हुने प्रकारका सामग्रीलाई प्राथमिकता दिनुपर्दछ ।

**मापदण्ड : ३८ बालबालिकालाई बालगृह भित्र र बालगृह बाहिर आयोजना भएको वा हुने खेलकुद, साहित्यिक, सांगीतिक लगायतका सिर्जनात्मक क्रियाकलापमा भाग लिन प्रोत्साहित गर्नुपर्दछ।**

सिर्जनशीलताको विकासका लागि देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. बालबालिकालाई उमेर र अवस्थाअनुसारका आफ्ना सिर्जना सुनाउने, देखाउने वा अभिनय गर्ने अवसर उपलब्ध गराउने ।

ख. प्रतियोगितात्मक वा अप्रतियोगी कार्यक्रमहरू आयोजना गरी त्यसमा सबै बालबालिकालाई भाग लिन प्रोत्साहित गर्ने ।

ग. क्षेत्रीय, भाषिक र साँस्कृतिक विविधतालाई सम्मान गर्न सिकाउने र बालबालिकाले आफ्नो संस्कृति, भाषा, समुदाय वा क्षेत्र विशेषको सामग्री प्रस्तुत गर्न चाहेमा त्यसमा सहयोग र प्रोत्साहित गर्ने ।

घ. बालबालिकाको रुचि र सिर्जनात्मक तथा खेल क्षमताका बारेमा बालगृहमा भर्ना गर्दाको समयमा नै जानकारी लिई त्यसलाई उसको व्यक्तिगत विवरणमा उल्लेख गर्ने ।

ङ. बालगृहमा खेलकूद तथा साहित्यिक, सिर्जनात्मक कार्यक्रमको योजना गर्दा बालबालिकाको क्षमता र रुचि समेतलाई ध्यान दिने ।

च. बालगृहका बालबालिकाको जन्मोत्सव मनाउने र बालगृहको स्थापना दिवस लगायत अन्य दिवस र समारोहहरु मनाउने प्रवन्ध गर्ने ।

च. बालबालिकालाई स्थानीय प्रचलनमा रहेका चाडपर्व, मेला महोत्सव आदिमा परिचित हुने अवसर र सहभागी हुन मौका दिने ।

**टिप्पणी**

- बालगृहका बालबालिकालाई उमेर र शारीरिक अवस्थाअनुसारको खेलकुद र मनोरञ्जनका कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्नुपर्दछ तर कसैलाई पनि निजको रुचि नभएको खेल वा कार्यक्रममा भाग लिन कर गर्नुहुँदैन ।
- खेलकुद वा मनोरञ्जनको कार्यक्रममा सहभागी नभए बापत कुनै बालबालिकाले पाउँदै आएको सुविधा घटाउन वा खोस्न हुँदैन ।
- बालमेला, उत्सव, पर्वहरूमा सहभागी हुन चाहने बालबालिकालाई सुरक्षित रूपमा भाग लिनसक्ने व्यवस्था मिलाउने । बालबालिकालाई चाडपर्व, जातिय परम्पराअनुसारका विबाह, व्रतबन्ध आदिमा समेत सहभागी गराउने व्यवस्था गर्न पहल गर्ने ।

बालगृह बाहिर उपलब्ध सिर्जनात्मक, मनोरञ्जन र खेलकुदका अवसरहरूमा सहभागी गराउन देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. बालबालिकाको मनोरञ्जनका लागि नजिकको सार्वजनिक मनोरञ्जनका सेवा र सुविधाको आवश्यकता प्रयोग गर्ने ।

ख. बनभोज वा त्यस्तै मनोरञ्जन कार्यक्रम आयोजना गरी बालबालिकालाई कम्तीमा वर्षको २ पटक बाल गृहबाहिर खुला ठाउँमा जाने मौका उपलब्ध गराउने ।

**टिप्पणी**

- बालगृह बाहिर गएका अवस्थामा कुनै बालबालिकाले नियास्रो मान्ने वा अस्वाभाविक व्यवहार देखाउने गरेमा मनोविमर्शकर्ताको सल्लाह लिनुपर्दछ ।
- बालिका सहभागी हुने कार्यक्रममा महिला हेरचाहकर्ता पनि सँगै रहने व्यवस्था मिलाउनुपर्दछ ।
- बालबालिकाको मनोरञ्जनका लागि आयोजना गरिने कार्यक्रममा कुनै बालबालिकाको मर्यादामा चोट पुग्ने वा निजले दुर्व्यवहार वा भेदभाव भएको ठान्न सक्ने बोली वा व्यवहार नहुने सुनिश्चित गर्नुपर्दछ ।

**मापदण्ड : ३९ मनोरञ्जन, खेलकुद वा अन्य कार्यक्रममा सहभागी हुँदा बालबालिकालाई दुर्घटना वा अन्य खतराबाट जोगाउन सधैं ध्यान दिनुपर्दछ ।**

खेलकुद वा मनोरञ्जनका समयमा हुनसक्ने दुर्घटना वा खतराका सम्बन्धमा देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. सम्बन्धित कर्मचारीलाई खेलकुद वा मनोरञ्जनका समयमा हुनसक्ने दुर्घटना वा खतराको आकलन गरी व्यवस्था मिलाउन सक्ने अधिकार र तालिम दिने ।
ख. बालबालिका खेलकुद वा मनोरञ्जनका कार्यक्रममा सहभागी हुँदा प्राथमिक उपचारको सामग्री र तालिमप्राप्त जनशक्ति सधैं साथमा हुने व्यवस्था मिलाउने ।
ग. कुनै पनि दुर्घटना वा जोखिमका अवस्थामा बालबालिकाको जीवन रक्षालाई प्राथमिकता दिई उपचार गराउने र तत्काल बालगृह व्यवस्थापनलाई जानकारी दिने ।
घ. दुर्घटना वा अन्य कारणले कानूनी कारबाही गराउनु पर्ने भएमा तत्काल त्यसको जानकारी बालगृहको व्यवस्थापनलाई दिई कारबाही शुरु गर्ने ।

**मापदण्ड : ४० बालबालिकालाई सिनेमा वा भिडियो र टेलिभिजन हेर्न, कम्प्युटर खेल खेल्न र इन्टरनेट प्रयोग गर्न दिंदा उमेर र वैयक्तिक अवस्थाअनुसार उचित संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।**

विद्युतीय मनोरञ्जनको प्रयोगलाई सुरक्षित बनाउन देहायको व्यवस्था मिलाउनुपर्दछ :
क. भिडियो र कम्प्युटर खेल खेल्न वा हेर्न तोकिएको उमेर समूहका बालबालिकालाई तोकिएको समयमा मात्र दिने नियम बनाउने र त्यसलाई कडाइका साथ लागू गराउने ।
ख. बालबालिकाले वयस्कका निम्ति मात्र भनेर वर्गीकरण गरिएको फिल्म, भिडियो हेर्न वा खेल खेल्न नपाउने व्यवस्था कडाइकासाथ लागू गर्ने ।
ग. कम्प्युटर सञ्जाल (नेटवर्किङ) वा इन्टरनेट भएका ठाउँमा बालबालिकाको उचित संरक्षणलाई प्राथमिकता दिई त्यसको प्रयोगको नियम बनाउने ।
घ. विद्युतीय मनोरञ्जक सामग्री प्रयोग गर्दा हुनसक्ने विद्युत्जन्य जोखिमका सम्बन्धमा बालबालिकालाई जानकारी दिने र अपाङ्गता भएका बालबालिकालाई असहज नहुने गरी तर १० वर्षमुनिका बालबालिकाले प्रयोग गर्न नसक्ने गरी प्रवन्ध मिलाउने ।

**मापदण्ड : ४१. बालगृहमा सुविधाजनक मनोरञ्जनकक्ष र खेल मैदानको व्यवस्था हुनुपर्दछ ।**

मनोरञ्जनकक्ष र खेल मैदान देहायअनुसारको हुनुपर्दछ :
क. बालगृहका बालबालिकालाई समूहगत र एकल खेल तथा मनोरञ्जनका लागि चोटपटक लाग्ने खतरा नभएको खुला खेलमैदानको व्यवस्था गर्ने ।
ख. खेल मैदान बालगृहको परिसरभित्रै वा नजिकै हुनुपर्ने ।
ग. खेल मैदान बालबालिकाको उमेर र संख्याअनुसार खेलकुदका लागि पर्याप्त खुला ठाउँ भएको सफा, चोटपटक लाग्ने खतरा नभएको र सकेसम्म हरियो घाँस वा दुबोले ढाकेको तथा वर्षामा हिलो नहुने, पानी नजम्ने चौर हुनुपर्ने ।
घ. खेलमैदान अपाङ्गता भएका र साना बालबालिकाका लागि पनि सहज र उपयुक्त हुनुपर्ने ।
ङ. मनोरञ्जनकक्ष पर्याप्त उज्यालोका लागि प्राकृतिक र कृत्रिम प्रकाश तथा दोहोरो हावा खेल्ने झ्याल हुनुपर्ने । त्यहाँ सबै प्रकारका बालबालिकालागि उपयुक्त र पर्याप्त फर्निचरको व्यवस्था मिलाउने ।

**मापदण्ड : ४२. बालगृहमा बालबालिकासमेतको सहभागितामा मनोरञ्जन तथा खेलकुद कार्ययोजना र कार्यविधि निर्माण गर्नुपर्दछ ।**

मनोरञ्जन तथा खेलकूद कार्ययोजनामा देहायका विषय समावेश हुनुपर्दछ :
क. मनोरञ्जन र खेलकुदका सामग्री, संरचना र समयको व्यवस्था गर्ने ।
ख. बालबालिकालाई खेलकुद र सिर्जनात्मक क्रियाकलापमा सघाउने जनशक्तिको व्यवस्था गर्ने ।
ग. बालगृहका बालबालिकाको मनोरञ्जन र खेलकुदको निम्ति नजिकको समुदायमा उपलब्ध हुने स्रोत, सुविधा र पहुँचको जानकारी दिने र त्यसको प्रयोगको प्रवन्ध गर्ने ।
घ. खेल र मनोरञ्जनका लागि गृहमा उपलब्ध साधन स्रोतको व्यवस्था मिलाउने ।

ङ. खेलकुद, मनोरञ्जन र सिर्जनात्मक क्रियाकलापमा अपाङ्गता भएकालगायत विशेष आवश्यकता भएका बालबालिकाको सहभागिताको व्यवस्था गर्ने ।

**टिप्पणी**

- कुनै निश्चित समय वा दिनमा बालबालिकालाई केही गर्न मन नलागेको अवस्थामा कुनै क्रियाकलापमा भाग लिन कर लगाउनु हुँदैन ।
- कुनै बालबालिकाले खेल, मनोरञ्जन र सिर्जनात्मक गतिविधिमा सधैं अरुचि देखाएमा मनोविमर्श, हेरचाह र बालगृहको प्रशासनमा संलग्न व्यक्तिहरूले छलफल गरी निजको समस्या पहिचान र समाधान गर्नुपर्दछ ।
- बालगृहका बालबालिकाको खेलकुद, सिर्जनात्मक क्रियाकलाप, मनोरञ्जन तथा फुर्सदको समय दैनिक कार्यतालिकामा स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्दछ । यस्तो कार्यतालिका निर्माण गर्दा बालबालिकाको फुर्सद र व्यस्त रहने समय र उमेरमा सन्तुलन कायम गर्नुपर्दछ ।
- फुर्सदको समयका गरिने अतिरिक्त क्रियाकलाप निर्धारण गर्दा बालबालिकाको रुचि र छनौटलाई प्राथमिकता दिनुपर्दछ ।
- बालगृहका बालबालिकालाई स्थानीय समुदायका बालबालिकासँग घुलमिल हुने मौका उपलब्ध गराउन बालगृह र स्थानीय बालक्लब वा सामुदायिक वा विद्यालयका बालबालिकाका बीचमा खेलकुद, मनोरञ्जनका कार्यक्रमहरू आयोजना गर्ने वा त्यस्ता कार्यक्रमहरूमा सहभागी गराउने गर्नुपर्दछ ।

## ४.५ मनोसामाजिक सेवा

**मापदण्ड : ४३ सबै बालबालिकालाई आवश्यकताअनुसार मनोसामाजिक सेवा उपलब्ध गराउनुपर्दछ ।**

***क. मनोसामाजिक सेवा उपलब्ध गराउँदा देहायअनुसार गर्नुपर्दछ :***

१. बालबालिका बालगृहमा भर्ना भएको ७ दिनभित्र मनोविमर्शकर्ताद्वारा वैयक्तिक मूल्यांकन/विश्लेषण गराई आवश्यक मनोसामाजिक सेवा उपलब्ध गराउने र त्यसको नियमित अनुगमन गर्ने ।
२. बालबालिका तनावग्रस्त रहे, नरहेको नियमित सुपरिवेक्षण गरी आवश्यक भएमा बहुविषयक (Multidisciplinary) विशेषज्ञ समूहको राय लिने र विशेषज्ञ समूहले गरेको सिफारिस कार्यान्वयन गर्ने ।
३. दुर्व्यवहार वा दुर्घटनाबाट पीडित बालबालिकालाई उमेर र मानसिक अवस्था अनुरूपको मनोसामाजिक सेवा यथाशीघ्र उपलब्ध गराउने ।
४. मनोविमर्शकर्ताले बालबालिकालाई थप मनोसामाजिक सेवा, उपचार वा मनोचिकित्साको जाँच आवश्यक भएको सिफारिस गरेमा तत्काल त्यसको प्रबन्ध मिलाउने ।
५. बालबालिकाको व्यक्तिगत विवरणमा मनोविमर्शकर्ताले गरेको मूल्यांकन/विश्लेषण र मनोसामाजिक अवस्थाको विवरण समावेश गर्ने ।

***ख. मनोसामाजिक अवस्थाको जानकारीमा देहायको विवरण हुनुपर्दछ :***

१. बालबालिकाको पारिवारिक, सामाजिक, साँस्कृतिक पृष्ठभूमिको विवरण ।
२ दुर्व्यवहार, हिंसा, शोषण, भेदभाव पीडित भएको अवस्थामा घटनाको विवरण र त्यसबाट निजको मानसिक अवस्थामा परेको आघातलगायतका प्रभावको विवरण ।
३. बालबालिकाको अवस्थाको सम्बन्धमा मनोविमर्शकर्ताले गरेको आकलन ।

**टिप्पणी**

- मनोसामाजिक विमर्शका क्रममा भाषा वा सञ्चारको समस्या भएमा दोभाषेको व्यवस्था मिलाउनुपर्दछ ।
- बहुविषयक विशेषज्ञ समूहमा आवश्यक भए अनुरुप बालगृह बाहिरका विज्ञहरूलाई संलग्न गराउनुपर्दछ ।

***ग. मनोसामाजिक सेवाका क्रममा बालबालिकालाई स्टिग्माटाइज (Stigmatized) हुनबाट जोगाउनुपर्दछ।***

**टिप्पणी**

- मनोविमर्शका क्रममा बालबालिकाको पुरानो पीडालाई सम्झी दीर्घकालिन रुपमा थप आघातग्रस्त हुने अवस्था आउन दिनुहुँदैन ।
- बालबालिकाले नचाहेमा कुनै घटना वा अवस्थाको विवरण बताउन कर लगाउनुहुँदैन ।
- बालबालिकालाई मनोसामाजिक सेवा उपलब्ध गराइने ठाउँ, भाषा, वातावरण र शैली बालमैत्री खालको हुनुपर्दछ ।
- मनोसामाजिक सेवा कक्षमा असम्बन्धित व्यक्ति सजिलै जान नसक्ने व्यवस्था हुनुपर्दछ ।
- बालबालिकालाई मनोसामाजिक विमर्शका क्रममा निजले दिएको जानकारी निजको हितमा बाहेक अरू प्रयोजनमा प्रयोग नगरिने विश्वास दिलाउनुपर्दछ ।
- मनोसामाजिक सेवा उपलब्ध गराउने क्रममा बालबालिकाको साँस्कृतिक तथा पारिवारिक पृष्ठभूमिको सम्मान गर्ने र साँस्कृतिक वा पारिवारिक पृष्ठभूमिसँग बाझिने वा सोही आधारमा बालबालिकालाई स्वीकार गर्न कठिन हुने सल्लाह दिनुहुँदैन ।
- बालबालिकाले आफ्नो साँस्कृतिक वा पारिवारिक पृष्ठभूमिका कारण हिनताबोध नगर्ने सुनिश्चित गर्नुपर्दछ ।

**मापदण्ड : ४४ मनोसामाजिक सेवा प्रदान गर्ने क्रममा मनोविमर्शकर्ता र निजको सहयोगीले बालबालिका वा सम्बन्धित कुनै व्यक्तिबाट प्राप्त बालबालिकासम्बन्धी विशेष जानकारी गोप्य राख्नुपर्दछ र संवेगात्मक सहयोग (Emotional Support) वा विमर्शका क्रममा बाहेक कसैसँग पनि त्यसको चर्चा गर्नुहुँदैन ।**

टिप्पणी

- मनोविमर्शकर्ताले बालबालिकासम्बन्धी कुनै गोप्य जानकारी पाएमा बालबालिकाको हितबाहेक अन्य प्रयोजनका लागि निजसँगको सम्पर्क वा संवादमा समेत त्यसको चर्चा गर्नुहुँदैन ।
- बालबालिकाको मनोसामाजिक सेवासम्बन्धी विवरण बालगृह सुपरिवेक्षणको अधिकार पाएको निकाय वा व्यक्तिले उपयुक्त कारण खोलेर मागेमा उपलब्ध गराउनुपर्दछ । यस्तो जानकारी दिंदा बालबालिकाको पहिचान खुलाउनै पर्ने नभएसम्म त्यसलाई गोप्य राख्नुपर्दछ ।
- बालगृहले उपलब्ध गराएको बालबालिकाको मनोसामाजिक सेवासम्बन्धी कुनै पनि विवरण गोप्य राख्ने र निज बालबालिकाविरुद्ध प्रयोग नगर्ने दायित्व त्यस्तो निकाय वा व्यक्तिको भएको लिखित जानकारी दिनुपर्दछ ।
- बालबालिकाको मनोसामाजिक सेवासम्बन्धी विवरण चिकित्सकले उपचारका क्रममा मागेमा उपलब्ध गराउनुपर्दछ ।

**मापदण्ड : ४५ बालबालिकालाई मनोसामाजिक सेवा प्रदान गर्दा निजलाई परिवार र समुदायमा फर्कन मानसिकरूपमा तयार गर्ने उद्देश्य पनि राखिनुपर्दछ ।**

**टिप्पणी**

- मनोसामाजिक सेवा उपलब्ध गराउँदा बालबालिकाको परिवार र समुदायप्रतिको उसको धारणा पत्ता लगाई बालबालिकालाई जीवन र समाजप्रति सकारात्मक भावको विकास गराउनुपर्दछ ।
- कुनै बालक वा बालिकामा परिवार तथा समुदायप्रति नकारात्मक धारणा भएमा त्यसलाई परिवर्तन गराउनु आवश्यक सामाजिकीकरणका उपायहरू अपनाउन गृह व्यवस्थापनलाई मनोविमर्शकर्ताले सुझाव दिनुपर्दछ ।
- बालबालिकालाई सामाजिक र साँस्कृतिक क्रियाकलाप जस्तै चाडपर्व, विबाह, व्रतबन्ध, खेलकूद, पिकनिक आदिमा सहभागी हुने वातावरण बनाउने ।
- बालगृहमा रहेका बालबालिकाको मनोसामाजिक समस्याको कारण परिवारमा रहेको ठहर भएमा त्यस्ता बालबालिकाको परिवारका सदस्यलाई समेत मनोसामाजिक सेवा उपलब्ध गराउने प्रवन्ध गर्नुपर्दछ । यसको लागि बालगृहले आफूसँग उपलब्ध भएको सेवाको उपयोग गरेर वा नजिकमा उपलब्ध सेवामा समन्वय गरिदिएर परिवारलाई सहयोग गर्न सक्दछ । बालबालिकाको पारिवारिक अवस्थाको मूल्यांकन गरी यदि परिवार सक्षम भएमा सेवाको शुल्क लिन सकिन्छ ।

## ५. बालबालिकाको अधिकारको रक्षा एवम् बालसंरक्षणसम्बन्धी व्यवस्था (Promotion of Child Rights and Child Protection Related Provisions)

यो अध्यायमा १८ मापदण्डहरु समावेश भएका छन् जुन यो दस्तावेजको महत्वपूर्ण बिषयवस्तु मध्ये हो । यो अध्यायमा बालअधिकारसम्बन्धी प्रावधानहरु, बालअधिकारको प्रवर्द्धन र संरक्षणसम्बन्धी व्यवस्थाहरु छन् । यस अध्यायमा बालगृहमा बालबालिकाको उजरी र त्यसको सुनुवाइसम्बन्धी संयन्त्र तथा बालगृहमा बालसंरक्षण समितिको गठन एवं तिनको सुदृढिकरण लगायतका व्यवस्थाहरु समेत रहेका छन् । =

### ५.१ अधिकारको रक्षा

**मापदण्ड : ४६ बालगृहका बालबालिकाको व्यक्तिगत अस्तित्व तथा मर्यादाको रक्षा गर्नुपर्दछ ।**

***१. यसकालागि बालगृहले देहायका उपाय अपनाउनुपर्दछ :***

क. बालबालिकाको पहिचान कायम गर्ने जन्मदर्ता, नाता प्रमाणित, परिवारको बसाइसराईलगायतका पारिवारिक कागजपत्र र अन्य प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रजस्ता अभिलेखहरूको खोजी, संकलन र संरक्षण गर्ने ।

ख बालगृहमा रहेका बालबालिकाको पहिचान कायम राख्ने कागजपत्र आवश्यकताअनुसार अख्तियार प्राप्त निकायबाट प्रमाणित गराई सुरक्षित रूपमा राख्ने र बालबालिकाले बालगृह छाडेका बखत निजलाई उपलब्ध गराउने ।

ग. बालबालिकालाई पैतृक सम्पत्तिलगायतमा हक दिलाउन र वैयक्तिक अस्तित्व बोध गराउन निजको पहिचान स्थापित गर्ने मानवीय आधार अर्थात् नातागोता, परिवारका सदस्यहरू, परिवार रहेको समुदाय, नजिकका नातेदार र स्थानीय निकायसँग सम्पर्क स्थापित गराउने ।

घ. बालबालिकालाई नामबाट बोलाउने र बालगृहको अभिलेखमा निजको थर र पारिवारिक सम्बन्ध स्पष्ट हुने उपलब्ध सबै प्रमाणहरू सुरक्षित राख्ने ।

ङ. बेलाबेलामा बालगृहमा रहेका बालबालिकाको सांस्कृतिक पृष्ठभूमि अनुरूपको पोसाक र भोजन उपलब्ध गराई उसलाई निजी पहिचान बोध गराउने ।

च. एउटै आमाबाबुका एकभन्दा बढी सन्तानलाई बालगृहमा राख्नुपर्ने भएमा सकेसम्म एउटै बालगृहमा राख्ने व्यवस्था मिलाउने ।

***२. बालगृहले बालबालिकाको वैयक्तिक मर्यादामा आघात पर्नेगरी कुनै नियम वा उपाय वा विधि प्रयोग नगरिने र नअपनाइने सुनिश्चित गर्न देहायको व्यवस्था गर्नुपर्दछ :***

क. बालगृहमा शारीरिक दण्ड, दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव ठानिने व्यवहार हुन दिनुहुँदैन ।

ख. बालगृहमा रहेका बालबालिकालाई पढाउने वा अन्य कुनै सीप सिकाउने सन्दर्भमा अयर्मादित वा शारीरिक सजाय दिन नहुने जानकारी कर्मचारी र शिक्षकहरूलाई दिने ।

ग. बालगृहको बालसंरक्षण कार्ययोजनाको जानकारी बालगृहले सम्बन्धित विद्यालयलाई पनि दिने ।

घ. बालगृहमा रहेको कुनै बालबालिकालाई कसैले कुनै पनि सन्दर्भमा शारीरिक सजाय दिएको रहेछ भने बालगृहको प्रशासकले तत्काल कारबाही गर्ने ।

ङ. बालबालिकाको व्यक्तिगत सरसामानको निजको जानकारी र सहमतिबेगर खानतलासी लिनुहुँदैन ।

***३. बालगृहले गृहमा रहेका बालिकाहरूको अस्मिता, मर्यादा र आत्मसम्मानको संरक्षण गर्नमा विशेष ध्यान दिन बालगृहले देहायको व्यवस्था गर्नुपर्दछ :***

क. बालिकाको शौचालय वा शयन कक्षमा पुरुषहरूको पहुँच निषेध गर्नुपर्ने ।

ख. बालिकाहरूको हेरचाहका लागि महिला कर्मचारी नियुक्त गर्नुपर्ने ।

ग. बालिकामात्र रहने बालगृहमा हेरचाह गर्ने सबै कर्मचारी महिला हुनुपर्ने ।

घ. बालगृहमा रहेका बालबालिकाका बीचमा परस्परमा मर्यादित र स्नेहपूर्ण सम्बन्ध कायम गराउनुपर्ने ।

**टिप्पणी**

- निजी पहिचान बोध गराउने क्रममा बालबालिकाले लज्जा वा ग्लानिको अनुभव गर्ने व्यवहार गर्नुहुँदैन ।
- बालगृहमा भर्ना गरिएका बालबालिकाको परिवारका बारेमा स्पष्ट ठेगाना थाहा नभएमा त्यस्तो जानकारी प्राप्त गर्न उपलब्ध सबै प्रकारका खोजतलास सेवा लगायत रेडक्रससमार्फत् गरिने खोजी सेवासमेतको सहयोग लिने र त्यसको विवरण बालबालिकाको वैयक्तिक अभिलेखमा समावेश गर्नुपर्दछ ।
- खोजीका विभिन्न उपाय अपनाउँदासमेत आमाबाबु वा पारिवारका सदस्य पत्ता नलागेका अवस्थामा पनि निज बालबालिका गृहमा भर्ना गरिंदाको वा उपलब्ध भएमा त्यसभन्दा पहिलेको तस्विरलगायतका व्यक्तिगत प्रमाण र विवरण सुरक्षित रूपमा राखिदिनुपर्दछ ।
- बालगृहको नाम अतिरञ्जित वा दयनीय अर्थ आउने गरी राख्नुहुँदैन ।

**मापदण्ड : ४७ बालगृहमा रहेका बालबालिकालाई अभिभावक वा नातेदारसँग सम्पर्क गर्ने सुविधा दिने र परिवारको सुखदुःखमा सहभागी हुने अवसर उपलब्ध गराउनुपर्दछ ।**

***१. बालबालिकालाई अभिभावक वा नातेदारसँग सम्पर्क वा सञ्चारको व्यवस्था मिलाउँदा देहायबमोजिम गर्नुगराउनुपर्दछ :***

क. उमेर र अवस्थाअनुसार सक्षम बालबालिकालाई आमाबाबु वा अभिभावकसँग प्रत्यक्ष भेटघाट गरी वा टेलिफोन लगायतका सञ्चारका माध्यममार्फत् आफैं कुरा गर्न प्रोत्साहित गर्ने ।

ख. बालबालिकालाई बालगृह बाहिरका नातेदारसँग नियमित पत्राचार गर्न प्रोत्साहित गर्ने ।

ग. बालगृहको प्रकृतिअनुसार भेटघाट र टेलिफोन सम्पर्कका लागि उनीहरुको अध्ययनलगायतका कार्यमा बाधा नपर्ने गरी बालगृहले भेटघाटको व्यवस्था गर्ने ।

***२. बालबालिकालाई परिवारको सुखदुःखमा सहभागी गराउन देहायका व्यवस्था मिलाउनुपर्दछ :***

क. परिवारका सदस्य वा नजिकका नातेदार सिकिस्त बिरामी भएमा वा गम्भीर घाइते भएमा वा मृत्यु भएमा बालबालिकाको उमेर र अवस्थाअनुसार यथाशीघ्र जानकारी दिने ।

ख. त्यसरी जानकारी पाएपछि बालबालिकाले चाहेमा सम्भव भएसम्म सिकिस्त बिरामी नातेदारको मुख हेर्ने वा नातेदारको अन्त्येष्टि संस्कारमा सहभागी हुने अवसर मिलाइदिने ।

**टिप्पणी**

- बालबालिकाले परिवारका सदस्यलगायत अरू कसैसँग कुरा गर्न नचाहेमा कर लगाउनुहुँदैन । तर चिकित्सक, मनोविमर्शकर्ता र कानुनी सल्लाहकारसँगको कुराकानीको हकमा यो नियम लागू हुँदैन ।
- बालगृहका कर्मचारी वा बाहिरको व्यक्तिले बालबालिकाको चिठीपत्र खोलेर पढ्ने वा टेलिफोनको वार्तालाप सुन्ने गर्नुहुँदैन ।
- परिवारका कुनै वा सबै सदस्यसँग भेट गर्दा बालबालिकाको हितमा नहुने भन्ने बालगृह व्यवस्थापनलाई लागेमा वा बालबालिकाले भेट गर्न नचाहेमा त्यस्तो व्यक्ति वा परिवारका सदस्यसँग भेटघाट गर्नबाट रोक्नुपर्दछ ।
- परिवारका कुनै एक वा सबै सदस्यसँग भेटघाटमा रोक लगाउने निर्णय गरेको कारणबाट बालबालिकामा मनोसामाजिक समस्या पैदा भएमा त्यसको निराकरणका लागि मनोविमर्शकर्ताको सेवा र सल्लाह उपलब्ध गराउनपर्दछ । यसरी भेटघाटमा रोक लगाउनु पर्नाको कारणबारे बालबालिकालाई उसले बुझ्ने गरी बताइदिनुपर्दछ र त्यसबारे उसको व्यक्तिगत विवरण अभिलेखमा उल्लेख गरिराख्नुपर्दछ ।

**मापदण्ड : ४८ बालबालिकाको व्यक्तिगत मर्यादामा प्रतिकूल प्रभाव पार्ने कुनै श्रव्य, दृश्य वा पाठ्यसामग्री उत्पादन र प्रचारप्रसार हुन नपाउने सुनिश्चित गर्नुपर्दछ ।**

बालबालिकालाई अश्लील वा अमर्यादित प्रचारबाट जोगाउन देहायअनुसार गर्नुपर्दछ :

क. बालगृहमा रहेका बालबालिकाको सहमतिबिना बालगृहको प्रयोजनका लागि पनि तस्विर नखिच्ने ।

ख. बालबालिकाको उच्चतम हित विपरीत हुने गरी निजहरुको तस्विर सार्वजनिक नगर्ने वा प्रचारप्रसार नगर्ने ।

ग. सञ्चारमाध्यम वा अरू कसैको व्यावसायिक लाभका लागि बालगृहका बालबालिकाको तस्विर वा स्वर वा चित्रको प्रयोग हुनबाट जोगाउने ।

घ. बालगृहबाहिरको कसैले बालबालिकाको तस्विर खिच्ने वा स्वर रेकर्ड गर्ने वा चित्र बनाउने वा अन्य प्रकारको पहिचान प्रकट हुने सामग्री अंकन तथा उत्पादन गर्न खोजेमा निज बालक वा बालिका र बालगृह व्यवस्थापनको स्वीकृति लिन अनिवार्य गर्ने र एउटा प्रयोजनका लागि अंकन गरिएको सामग्री बिनास्वीकृति अर्को प्रयोजनमा प्रयोग नहुने सुनिश्चित गर्ने ।

ङ. बालबालिकाको व्यक्तिगत विवरण, घटना व्यवस्थापन, बिदाइ/पुनर्मिलन योजना, वैयक्तिक बालसंरक्षण योजनालगायतका कागजपत्र गोप्य र सुरक्षितरूपमा राख्ने र तिनमा आधिकारिक व्यक्तिको मात्र पहुँच हुने निश्चित गर्ने ।

च. बालबालिका र हेरचाहकर्तालाई बालबालिकाको गोपनीयताको अधिकार र गोपनीयता भंग हुने खतरा तथा त्यसबाट पर्ने प्रभावका बारेमा जानकारी दिने ।

**टिप्पणी**

- बालगृहमा रहेकी बालिका बालबच्चाको आमा भएमा आमाबाबु र सन्तान के कस्तो कारणले जन्मेको भन्ने विषयमा पूर्ण गोपनीयता कायम गर्नुपर्दछ ।
- बालगृहका कर्मचारीले गोपनीयता भंग गरेमा सजाय गर्ने व्यवस्था हुनुपर्दछ ।
- बालगृहका कर्मचारीले कुनै बालबालिकाको यौनजन्य वा अन्य कुनै व्यक्तिगत घटना, शारीरिक वा मानसिक असामान्यता, असामान्य स्वभाव वा आचरणका सम्बन्धमा थाहा पाएमा त्यस्तो जानकारी सार्वजनिक गर्ने, तस्विर खिच्ने, निज बालबालिकालाई त्यस विषयमा कुरा गरेर लज्जित तुल्याउने, धम्क्याउने, तर्साउने गर्नुहुँदैन तर त्यस प्रकारको असामान्य व्यवहारको बारेमा बालगृह व्यवस्थापकलाई त्यसको जानकारी दिई उनीहरुको उपचार वा मनोविमर्शलगायतको कार्यमा आवश्यक सहयोग पुर्‍याउनुपर्दछ ।
- बालगृहले त्यस्तो जानकारी प्राप्त भएपछि तत्काल आवश्यक उपचार वा मनोविमर्शको व्यवस्था मिलाई बालबालिकालाई समस्याबाट मुक्त पार्न सहयोग गर्नुपर्दछ ।
- बालगृहमा रहेका सबै बालबालिकालाई अरु कुनै बालक वा बालिका लज्जित हुनुपर्ने वा ग्लानि हुने लगायतका व्यवहार गर्न नहुने र त्यसो गरेमा कारबाही हुने जानकारी दिनुपर्दछ ।
- १० वर्षमुनिका बालबालिकाका हकमा तस्विर खिच्न दिने वा नदिने भन्ने निर्णय निज बालक वा बालिकासँग छलफल गरी बालगृहको प्रमुखले गर्नुपर्दछ ।

**मापदण्ड : ४९ शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जनलगायतका क्रियाकलापको तर्जुमालगायत बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने वा उनीहरुमाथि प्रभाव पर्ने कुनै नीति वा कार्यक्रम तर्जुमा गर्दा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।**

यसको लागि देहायबमोजिम गर्नुपर्दछ :

क. बालगृहभित्र वा बाहिर हुने कुनै शिक्षा, स्वास्थ्य, मनोरञ्जनलगायतका क्रियाकलापमा बालबालिकालाई सहभागी गराउँदा निजले बुझ्ने भाषा र शब्दमा सबै जानकारी दिई यस्तो क्रियाकलापमा संलग्न हुन वा नहुन उसको सहमति प्राप्त गर्ने ।

ख. निज बालबालिकालाई दिएको त्यस्तो जानकारी र प्राप्त सहमतिको बारेमा वैयक्तिक विवरणमा उल्लेख गर्ने ।

ग. बालगृहमा देहायका क्रियाकलापमा बालबालिकालाई अनिवार्यरूपमा सहभागी गराउनुपर्दछ :

१. बालसंरक्षण कार्ययोजनाको तर्जुमा गर्दा र यससम्बन्धी निर्णय लिँदा,
२. बालक वा बालिकाको विकाससम्बन्धी र उसको बिदाइ/पुनर्मिलनसम्बन्धी योजना बनाउँदा र त्यसको कार्यान्वयन गर्दा,
३. बालगृहको व्यवस्थापनसम्बन्धी कार्ययोजना र कार्यविधि निर्माण गर्दा र त्यसको कार्यान्वयन गर्दा ।
४. बालगृह भित्र र बाहिर आयोजना हुने र सञ्चालन गरिने खेलकूद र मनोरञ्जनसम्बन्धी कार्ययोजना र कार्यक्रम निर्माण गर्दा ।
५. बालगृहमा खानाको साप्ताहिक सूची निर्माण गर्दा ।

**टिप्पणी**

- बालबालिकासँगको छलफलबाट प्राप्त सुझाव र सल्लाहलाई बालगृह व्यवस्थापनले मान्यता दिने, त्यसको कार्यान्वयनको लागि पहल गर्ने तथा त्यसको नियमितरुपमा अनुगमन तथा फलोअप गर्नुपर्दछ ।
- बालसहभागिताका कुनै क्षेत्र वा क्रियाकलापमा कुनै कारणवश बालबालिकालाई सहभागी गर्न नसकिने मनासिबको कारण भएमा बालगृहले त्यसको लिखित विवरण राख्नुपर्दछ ।
- बालबालिकासँगको छलफलबाट प्राप्त सुझाव र सल्लाह बालगृहको योजनामा समावेश गर्न नसकिने कुनै कारण भए त्यसलाई स्पष्ट खोली बालबालिकालाई सोको जानकारी दिनुपर्दछ ।
- बालबालिकाको हितका लागि आवश्यक भएमा स्वास्थ्य उपचार, चिकित्सा सेवा वा मनोसामाजिक सेवा उपलव्ध गराउँदा निज बालक वा बालिकाको सहमति नभए पनि उसको उच्चतम हितलाई ध्यानमा राखी त्यसमा उसलाई संलग्न गराउन सकिनेछ ।
- बालबालिकाको उमेर, शारीरिक वा मानसिक अवस्थाका कारण कुनै गतिविधिमा सहभागी हुँदा निजको र अरू बालबालिकाको हितप्रतिकूल हुने देखिएमा भने उचित कारण खुलाई कुनै गतिविधिमा भाग लिनबाट कुनै बालक वा बालिकालाई रोक्न सकिनेछ ।
- यसरी रोक लगाउनु परेमा त्यसको कारणसमेत खुलाई त्यससम्बन्धी जानकारी बालबालिकाको व्यक्तिगत विवरणमा उल्लेख गर्नुपर्दछ ।

**मापदण्ड : ५० बालबालिकाले मागेमा निजलाई बालगृहमा राखिनुको कारणको जानकारी दिनुपर्दछ ।**

बालगृहले यसो गर्दा :

क. बालबालिकाको मानसिक अवस्थामा प्रतिकूल प्रभाव नपर्ने गरी दिनुपर्दछ ।

ख. बालबालिकामा निजलाई वा अर्को कुनै साथीलाई बालगृहका सञ्चालक/ व्यवस्थापक/ सरकार वा दातृसंस्था वा व्यक्ति कसैको दया हेरचाह गरिएको भ्रम उत्पन्न हुन दिनुहुँदैन ।

ग. विशेष हेरचाहको आवश्यकता भएका अवस्थामा बालगृहमा रहन पाउने सबै बालबालिकाको अधिकार हो भन्ने जानकारी दिएर बालबालिकामा स्वाभिमान र आत्मविश्वास जगाउने प्रयास गर्नुपर्ने ।

घ. बालबालिकालाई यौन व्यवसाय, बेचबिखन, बालबिज्याइँमा ऊ वा उसको परिवारको कुनै सदस्यको संलग्नता वा अन्य यस्तै कुनै नकारात्मक पृष्ठभूमिका सम्बन्धमा जानकारी गराउँदा विशेष दक्षता हासिल गरेका व्यवसायिक व्यक्तिको सहयोग लिन सकिन्छ । साथै यस्तो सूचना थाहा पाएका कारण उसमा उत्पन्न हुन सक्ने कुनै पनि प्रकारको ग्लानि, कुण्ठा र हिनताबोधबाट पूर्ण रूपमा मुक्त हुन निज बालक वा बालिकालाई आवश्यक सहयोग गर्नुपर्ने ।

**मापदण्ड : ५१ बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न वाध्य बनाउने वा लोभ्याउने वा उक्साउने गर्नु, गराउनुहुँदैन ।**

यसको लागि बालगृहले :

क. बालबालिकालाई धार्मिक क्रियाकलापमा वा धार्मिक शिक्षा, विमर्श र उपदेशमा भाग लिने वा नलिने निर्णय गर्ने स्वतन्त्रता दिनुपर्ने ।

ख. कुनै धर्म वा आस्थाको अनुसरण गरे वा नगरेबापत बालबालिकालाई विशेष सुविधा वा उपहार दिने वा नदिने गर्नुहुँदैन ।

ग. बालबालिकालाई निजको धार्मिक आस्था वा निष्ठामा परिवर्तन गर्न वा उसको साँस्कृतिक रूपमा अस्वीकार्य धार्मिक वा साँस्कृतिक अभ्यास गराउनुहुँदैन ।

घ. आफ्ना सेवाहरू बालबालिका कुनै आस्था विशेषको भए मात्र उपलब्ध गराउने शर्त राख्नुहुँदैन ।

ङ. बालबालिकालाई आआफ्नो धार्मिक वा आद्यात्मिक जीवन र आस्थाको निर्वाध अभ्यास गर्न दिनुपर्ने ।

च. बालबालिकाले चाहेमा निज बालबालिकाको जन्म भएको परिवारले पालना गर्दै आएको धर्म वा आस्थाको बारेमा पत्ता लगाउन सहयोग गर्नुपर्ने ।

**मापदण्ड : ५२ बालगृहका बालबालिकामाथि लिङ्ग, जातजाति, सम्प्रदाय, वर्ण, धर्म, शारीरिक अवस्था आदिका आधारमा कुनै पनि प्रकारको भेदभाव नहुने सुनिश्चित गर्नुपर्दछ ।**

भेदभाव नहुने सुनिश्चित गर्न देहायअनुसार गर्नुपर्दछ :

क. बालगृह व्यवस्थापनले शिक्षा, स्वास्थ्य, मनोरञ्जन, भोजन, आवास आदि सेवा र सुविधामा सबै बालबालिकालाई समान व्यवहार भए नभएको अवलोकन गर्ने र यदि कसैमाथि भेदभावपूर्ण व्यवहार भएको पाइएमा तत्काल सुधार गर्ने तथा त्यस्तो व्यवहार गर्ने उपर तुरुन्त छानविन र कारबाहीको प्रक्रिया अगाडि बढाउने ।

ख. कुनै बालबालिकामाथि भेदभाव भएको सूचना आएमा वा उजुरी परेमा त्यसको छानबिनको प्रक्रिया तत्काल शुरु गर्ने र आवश्यकता अनुसार कारबाही अगाडि बढाउने ।

ग. बालगृहको कुनै कर्मचारी, पदाधिकारी वा अरू कसैले जानीजानी भेदभाव गरेको थाहा भएमा त्यसमा तत्काल कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने ।

**मापदण्ड : ५३ यौनदुर्व्यवहार र बेचबिखन पीडित, कानुनसँग विवादमा परेका वा अन्य अमर्यादित मानिने कार्यस्थलबाट उद्धार गरिएका बालबालिकाको व्यक्तिगत पहिचान गोप्य राख्नुपर्दछ ।**

यससम्बन्धमा देहायका उपायहरु अवलम्बन गर्न सकिन्छ :

क. समाजमा अमर्यादित मानिने र जोखिमपूर्ण स्थानबाट उद्धार गरिएका बालबालिकाको अनुहार वा अन्य कुनै पहिचान सार्वजनिक नहोओस् भन्नाको लागि कानुनी अख्तियार भएकाबाहेक अरू कसैसमक्ष प्रकट हुनबाट जोगाउने गरी गोपनियता सुनिश्चित गर्नुपर्ने ।

ख. उमेर पुगेका बालबालिकाको चाहना र सुसूचित सहमतिबिना निजहरुको पृष्ठभूमि सार्वजनिक गर्नुहुँदैन ।

ग. कानूनी कारबाही, मनोसामाजिक सेवा र उपचारका क्रममा आवश्यक ठानिएको अवस्थामा बाहेक कुनै पनि बालबालिकाको पृष्ठभूमि र परिचय सार्वजनिक नहुने कुराको प्रत्याभूति गरिनुपर्ने ।

घ. उद्धार गरिएका बालबालिकाको वास्तविक परिचय र पहिचान सञ्चार माध्यममा सार्वजनिक हुनबाट जोगाई उसको गोपनियताको अधिकार सुनिश्चित गर्नुपर्ने ।

**मापदण्ड : ५४ बालगृहका बालबालिकालाई उपहार दिनुपूर्व बालगृह व्यवस्थापनको स्वीकृति लिनुपर्दछ ।**

उपहार लिनेदिने व्यवस्था देहायअनुसार मिलाउनुपर्दछ :

क. बालगृहका बालबालिकालाई उपहार दिन चाहनेले उपहारको किसिम र कारण खुलाई व्यवस्थापनको स्वीकृति लिनुपर्ने व्यवस्था गर्ने । यसरी उपहार दिंदा सबै बालबालिकाका भागमा कुनै न कुनै उपहार पुग्नेछ भन्ने कुरामा हेक्का राखिनुपर्ने ।

ख. बालबालिकालाई अस्वाभाविक माया, स्नेह वा संलग्नता देखाउन नहुने जानकारी सम्बद्ध व्यक्तिलाई दिने ।

ग. बालगृहका बालबालिकालाई कसैले दिएको उपहार मूल्यवान भएमा गृह व्यवस्थापनले त्यसको संरक्षण गर्ने व्यवस्था मिलाउने ।

**टिप्पणी**

- कुनै उपहारका कारण बालबालिकाको स्वभाव र सुरक्षामा प्रतिकूल प्रभाव पर्ने देखिएमा वा त्यसको कारण अरू बालबालिकामा हिनभावना उत्पन्न हुने देखिएमा बालगृह व्यवस्थापनले कारण खुलाई उपहार दिनबाट रोक लगाउन सक्नेछ ।
- यसरी रोक लगाउनु परेमा त्यसो गर्नुपर्नाको कारण खोली सम्बद्ध व्यक्ति र बालबालिकालाई त्यसको जानकारी दिनुपर्दछ ।
- बालबालिकालाई उपहार लिन कुनै पनि किसिमबाट लोभ देखाउने वा वाध्य बनाउने गर्नुहुँदैन ।

## ५.२ बालसंरक्षण

**मापदण्ड : ५५ बालगृहले बालसंरक्षण कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।**

बालसंरक्षण कार्ययोजनामा देहायको विषय समावेश गर्नुपर्दछ :

१. बालबालिकालाई दुर्व्यवहार, शोषण, हिंसा, तिरस्कार र भेदभावपूर्ण व्यवहारबाट संरक्षण गर्ने उपाय अपनाउने ।
२. बालबालिकामाथि दुर्व्यवहार, शोषण, हिंसा, तिरस्कार र भेदभावपूर्ण व्यवहार भएमा वा उनीहरुमाथि क्रुर वा अमानवीय व्यवहार भएमा वा शारीरिक सजाय दिएमा शून्य सहनशीलताको अवधारणाअनुसार कारबाही गरिने ।
३. कुनै पनि बालक वा बालिकालाई कुनै पनि कुराको आधारमा उसका परिवारका सदस्यहरु वा बाबु, आमा वा अभिभावक र नजिकका नातेदारसँग भेटघाटमा रोक लगाउन नपाइने ।
४. बालबालिकाको स्वास्थ्य या मनोसामाजिक हेरचाहसँग सम्बन्धित व्यवसायीहरु तथा सरकारी निकायका आधिकारिक प्रतिनिधिहरुलाई बालगृह प्रवेश तथा बालक वा बालिकासँग भेटघाटमा रोक लगाउन नपाईने ।
५. बालसंरक्षण कार्ययोजनाको कार्यान्वयको विस्तृत कार्यविधि । यसमा आवश्यकतानुसार पीडित बनाइएका बालबालिकाको उद्धार गर्ने, उनीहरुलाई आवश्यक उपचार र कानूनी सहायता प्रदान गर्ने समेतमा के कसरी कार्य गर्ने र त्यसको लागि को जिम्मेवार हुने लगायतको प्रावधान र कार्यविधि प्रस्ट भएको हुनुपर्ने ।
६. बालसंरक्षण कार्ययोजनाको बारेमा प्रचारप्रसार गर्ने तथा यसबारेमा सम्बन्धित सबैमा जानकारी दिने विधि र प्रक्रियाहरू व्यवस्थित गरिने ।
७. बालसंरक्षण कार्ययोजनाको कार्यान्वयन एवं यसले परिलक्षित गरे अनुरुपको व्यवहारका लागि संस्थाका पदाधिकारी, कर्मचारी र स्वयंसेवक तथा अन्य सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धिको स्पस्ट योजना बनाउने ।
८. बालसंरक्षण कार्ययोजनाको कार्यान्वयनको अनुगमनको लागि संस्थागत संयन्त्र र प्रक्रिया तय गर्ने ।

**टिप्पणी**

- बालसंरक्षण कार्ययोजना निर्माण गर्दा बालगृहको प्रकृतिअनुसार हुनसक्ने दुर्व्यवहार, शोषण, हिंसा, तिरस्कार र भेदभावपूर्ण व्यवहारबाट संरक्षण गर्ने उपाय समावेश गर्न विशेष ध्यान दिनुपर्दछ ।
- बालसंरक्षण कार्ययोजना सबैले पालना गर्ने वाध्यकारी नियमका रूपमा रहने जानकारी सम्बन्धित पदाधिकारी, कर्मचारी तथा सरोकारवाला सबैलाई दिनुपर्दछ ।
- बालसंरक्षण कार्ययोजना तर्जुमा गर्दा बालगृहका कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी र उमेर अवस्थाअनुसार बालगृहमा रहेका बालबालिकालाई सहभागी गराउनुपर्छ । बालसंरक्षण कार्ययोजनामा समावेश गरिएको आचारसंहिता सबैको लागि लागू हुने हुनुपर्दछ ।
- बालगृहले संस्थागत तहमा बालसंरक्षण कार्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्दछ ।
- बालगृहले समय समयमा आफ्नो गृहका सबै पदाधिकारी, कर्मचारी र अन्य सरोकारवाला सबैलाई बालबालिकाविरुद्ध हुन सक्ने हिंसा, दुर्व्यवहार, शोषण र भेदभावका बारेमा र त्यसबाट सुरक्षित रहन उनीहरुको अधिकारको संरक्षणका उपायका बारेमा छलफल, अन्तरक्रिया तथा तालिम सञ्चालन गरेर सबैलाई सजग गराउनुपर्दछ ।
- बालगृह व्यवस्थापन/सञ्चालनमा संलग्न पदाधिकारी र कर्मचारी, बालगृहमा आंशिक वा पूर्णकालीन सेवा प्रदान गर्ने व्यक्ति तथा नियमित वा आकस्मिक रूपमा आउने आगन्तुकलगायत सरोकारवाला सबैलाई संस्थाको बालसंरक्षण कार्ययोजनाको जानकारी गराई पालना गर्ने प्रतिज्ञापत्रमा हस्ताक्षर गराउनुपर्दछ ।
- बालसंरक्षण कार्ययोजनालाई बालगृहमा सञ्चालन गरिने सबै प्रकारका तालिम कार्यक्रमहरूमा अनिवार्य रुपमा समावेश गर्नुपर्दछ ।
- बालगृहले संस्थामा व्यवस्थापन प्रमुखसमेत सदस्य रहने गरी कम्तीमा १ जना महिला सदस्य पर्ने गरी ३ सदस्य भएको बालसंरक्षण समिति गठन गर्नुपर्दछ । यस्तो समितिमा उमेर र अवस्था अनुसार बालगृहमा रहेका बालबालिका वा बालगृहमा सञ्चालन भएको बालक्लबको समेत प्रतिनिधित्व गराउन सकिनेछ ।
- बालसंरक्षण कार्ययोजना बनाउने क्रममा विषयगत ज्ञान, प्राविधिक सहयोग आवश्यक भएमा बालगृहले केन्द्रीय र जिल्ला बालकल्याण समितिसमक्ष अनुरोध गर्न सक्दछ । यसरी अनुरोध भै सहयोग माग भएमा सहयोगको प्रवन्ध गर्नु केन्द्रीय र जिल्ला बालकल्याण समितिको कर्तव्य हुनेछ ।

**मापदण्ड : ५६ बालगृहका बालबालिकामाथि (बालगृह भित्र र बाहिर) हुने यौनदुर्व्यवहार, शोषण, हिंसा, भेदभावजस्ता बालअधिकार हननका घटना तथा कार्यमा शून्य सहनशीलताको अभ्यास हुनुपर्दछ ।**

***१. शून्य सहनशीलताको अभ्यास सुनिश्चित गर्न देहायबमोजिम गर्नुपर्दछ :***

क. बालगृहभित्र वा बाहिर बालगृहका बालबालिकामाथि कुनै पनि प्रकारको दुर्व्यवहार, शोषण, हिंसा, भेदभावका घटना भएमा त्यसमा संलग्न व्यक्तिमाथि हुने कारबाहीको प्रक्रिया र बालगृहका तर्फबाट हुनसक्ने सजाय जस्ता विषयमा निर्देशिका बनाई लागू गर्ने ।

ख. बालगृहमा रहेका बालबालिकामाथि बालगृहभित्र वा बाहिर हिंसा, दुर्व्यवहार, भेदभाव, शोषणका घटना भएमा वा बालगृहका कुनै बालबालिका वा कर्मचारीको व्यवहारबाट त्यस्ता कार्य हुनसक्ने आशंका भएमा बालगृहको प्रमुख वा बालगृहमा रहेको बालसंरक्षण समितिलाई तत्काल जानकारी दिनु बालगृहका कर्मचारी, पदाधिकारी, स्वयंसेवक सबैको कर्तव्य हुने कुरा किटान गर्ने ।

ग. बालगृहमा रहेका बालबालिकामाथि बालगृहभित्र वा बाहिर भएको हिंसा, दुर्व्यवहार, भेदभाव र शोषणका घटनालाई जानीजानी बेवास्ता गरेमा बालसंरक्षण कार्ययोजनाको उल्लंघन गरेसरह कारबाही हुने व्यवस्था मिलाउने ।

घ. बालबालिकामाथि भएको हिंसा, दुर्व्यवहार, भेदभाव र शोषणका घटनामा बालगृहको प्रशासक/व्यवस्थापक संलग्न भएको थाहा भएमा वा आशंका भएमा त्यसको जानकारी यथाशीघ्र बालसंरक्षण समिति वा बालगृहको व्यवस्थापन समितिको अध्यक्ष र सुपरिवेक्षण गर्ने निकाय (यसमा जिल्ला प्रशासन कार्यालय र केन्द्रीय तथा जिल्ला बालकल्याणसमेत पर्दछन्) लाई दिने सबैको कर्तव्य हुने किटान गर्ने ।

ङ. यस्तो जानकारी प्राप्त हुनासाथ सम्बन्धित तहबाट घटनाको छानबिन र कारबाही प्रक्रिया तत्काल थालनी हुने सुनिश्चित गर्ने ।

***२. बालगृहबाहिर बालबालिकामाथि हुनसक्ने दुर्व्यवहार, शोषण, हिंसा र भेदभावको घटनाबाट उनीहरुको संरक्षणको व्यवस्था मिलाउन देहायबमोजिम गर्नुपर्दछ :***

क. बालगृहका कर्मचारी वा पदाधिकारीले बालबालिकामाथि कसैले दुर्व्यवहार, शोषण, हिंसा र भेदभाव गरेको देखेमा तत्काल हस्तक्षेप गरी बालगृहको व्यवस्थापनलाई जानकारी दिने र दोषीविरुद्ध कानूनी कारबाहीको प्रक्रिया आरम्भ गर्ने ।

ख. त्यस्तो व्यवहार वा घटनाबाट पीडित बालबालिकालाई आवश्यक उपचार मनोसामाजिक सेवाको व्यवस्था तत्काल मिलाउने ।

ग. बालगृहसँगसम्बद्ध व्यक्तिले बालगृहका बालबालिकालाई बालगृहबाहिर दुर्व्यवहार, शोषण, हिंसा र भेदभाव गरेको थाहा भएमा तत्काल सम्बन्धित व्यक्तिलाई निलम्बन गरी कारबाहीको प्रक्रिया थालनी गर्ने ।

घ. बालबालिका काम विशेष वा चाडपर्वमा परिवार भएको ठाउँमा वा अन्यत्र जाँदा संरक्षणको व्यवस्था मिलाउने र परिवार तथा अन्य सरोकारवालालाई खबर गर्ने वा जिम्मा दिने स्पष्ट लिखित विधि र प्रक्रिया बनाउने ।

ङ. बालबालिका विद्यालयबाहेक बालगृह परिसरबाट बाहिर जाँदा हेरचाहकर्ता निजको साथमा हुनुपर्ने र बालिकाहरू बाहिर जाँदा महिला हेरचाहकर्ता साथमा जाने ।

च. बालबालिका स्वीकृति लिएर वा नलिई बालगृहबाहिर गएका घटनाको विवरण निजको वैयक्तिक अभिलेखमा उल्लेख गर्ने ।

**टिप्पणी**

- बालगृहको कुनै कर्मचारी वा पदाधिकारी बालगृहमा संलग्न हुनुभन्दा पहिले नै बालयौनदूराचारलगायत बालअधिकार हनन्का मामिलामा दोषी प्रमाणित भएको थाहा भएमा निजलाई बालगृहको जिम्मेवारीबाट तत्काल हटाई आवश्यकताअनुसार अरू कारबाही अगाडि बढाउनुपर्दछ ।

**मापदण्ड : ५७ बालगृहको परिसरमा बालगृहका पदाधिकारी, कर्मचारी, आगन्तुक, बालबालिकालगायत कसैबाट पनि लागूपदार्थ, चुरोटसुर्ती र मदिराको सेवन वा प्रयोग नहुने सुनिश्चित गर्नुपर्दछ ।**

यसका लागि देहायको व्यवस्था मिलाउनुपर्दछ :

क. बालबालिका वा आगन्तुक कसैले त्यस्ता निषेधित पदार्थ सेवन वा प्रयोग गरेको भेटिएमा तत्कालै सम्झाइबुझाई गरी त्यस्तो कार्य रोक्ने ।

ख. बालगृहका कर्मचारी वा बालबालिकाले त्यस्तो पदार्थ प्रयोग वा सेवन गरेमा त्यसको लिखित जानकारी निजको व्यक्तिगत विवरणमा पनि समावेश गर्ने ।

ग. बालगृहको कर्मचारी वा बालबालिकाले बालगृहको परिसरभित्र वा बाहिर लागूपदार्थ, चुरोट, सुर्ती वा मदिराको सेवन गरेकोमा सम्झाइबुझाई गर्दा पनि नमानेमा तेस्रो पटकमा निजउपर संस्थाको कार्यविधि निर्देशिकाअनुसार कारबाही गर्ने ।

घ. ३ पटक सम्झाउँदा पनि बालगृहका कर्मचारी वा बालबालिकाले अटेर गरी लागूपदार्थ, चुरोट सुर्ती वा मदिराको सेवन चालू राखेमा निजलाई उपचार र मनोविमर्शकर्ताको सेवा उपलब्ध गराउने ।

ङ. आगन्तुक वा भेटघाटका लागि आउने कसैले अटेर गरी पटकपटक बालगृह परिसरभित्र लागूपदार्थ, चुरोट, सुर्ती वा मदिराको सेवन गरेमा निजलाई बालगृह परिसरमा प्रवेश गर्न रोक लगाउने ।

च. बालगृहको परिसरबाहिरबाट मदिरा वा लागूपदार्थ सेवन गरी बालगृहभित्र प्रवेश गर्न रोक लगाउने र कर्मचारी, पदाधिकारी वा बालबालिकाले त्यस्तो कार्य गरेमा बालगृह परिसरभित्रै गरिएको सरह कारबाही गर्ने ।

**मापदण्ड : ५८ बालबालिकालाई जोखिमपूर्ण प्रतियोगिता वा क्रियाकलापमा भाग लिन दुरुत्साहित नगरिने सुनिश्चित गर्नुपर्दछ ।**

यसका लागि देहायको ववस्था गर्नुपर्दछ :

क. बालबालिका सहभागी हुने खेल वा मनोरञ्जनका प्रतियोगिता वा अन्य कार्यक्रममा दुर्घटनालगायतको शारीरिक तथा मानसिक जोखिमको आकलन गर्ने ।

ख. जोखिमपूर्ण खेल वा मनोरञ्जनका प्रतियोगिता वा अन्य कार्यक्रममा बालबालिकालाई सहभागी हुन दुरुत्साहित नगर्ने र नगराउने ।

ग. बालबालिका सहभागी हुने खेल वा मनोरञ्जनका प्रतियोगिता वा अन्य कार्यक्रम जोखिमपूर्ण हुने देखिएमा सहभागी नगराउने र त्यसको विवरण लिखित रूपमा राख्ने ।

**मापदण्ड : ५९ प्रत्येक बालबालिकाको व्यक्तिगत बालसंरक्षण योजना बनाउनुपर्दछ ।**

बालसंरक्षण योजना बनाउँदा देहायअनुसार गर्नुपर्दछ :

क. बालबालिका बालगृहमा भर्ना भएको १५ दिनभित्र बालसंरक्षण योजना तयार गर्ने ।

ख. बालबालिकालाई विशेष संरक्षणको आवश्यकता रहेको महसुस हुँदासम्म हरेक ३०-३० दिनमा बालसंरक्षण योजनामा पुनरावलोकन गरी समायोजन गर्ने ।

ग. बालसंरक्षण योजना बनाउँदा आवश्यकताअनुसार मनोविमर्शकर्ता, सुरक्षा विशेषज्ञ, कानूनविद र बालगृहका हेरचाहकर्ता कर्मचारी तथा शिक्षकसमेतलाई संलग्न गराउने ।

टिप्पणी

- बालसंरक्षण योजना बालबालिकालाई विशेष संरक्षणको आवश्यकता परेको अवस्था वा घटनाको प्रकृति र जोखिमको मात्राको मूल्यांकनमा आधारित हुनुपर्दछ ।
- हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव पीडित वा कानूनसँग विवादमा परेका बालबालिकाको संरक्षण योजना बनाउँदा सुरक्षाको विषयमा विशेष ध्यान दिनुपर्दछ ।

**मापदण्ड : ६० बालबालिका वा बालगृहको निरीक्षण वा अवलोकनका लागि आउने गृहबाहिरको व्यक्तिलाई बालगृहका प्रशासकको अनुमति र सुपरिवेक्षणमा मात्र पहुँच उपलब्ध गराउनुपर्दछ ।**

यसको लागि :

क. आधिकारिक निकायका व्यक्तिलाई निरीक्षण वा सुपरिवेक्षणका क्रममा बालगृहमा रहेका बालबालिकासँग भेटघाट गर्नु परेमा उनीहरूको वैयक्तिक मर्यादा र गोपनीयताको रक्षा गर्नुपर्ने कुरामा ख्याल गराउनुपर्ने ।

ख. बालगृहमा रहेका कुनै बालबालिका वा निजका हकमा अरू कसैले दिएको उजुरी वा मुद्दाका सम्बन्धमा छानबिन गर्नुपर्ने भएमा आधिकारिक निकायका प्रतिनिधिलाई बालगृहमा प्रवेश गर्नका लागि अनुमतिको आवश्यक पर्ने छैन तर साथमा हतियार लैजान वा सैनिक वा प्रहरीको बर्दीमा जान र बालबालिकाको ध्यान भङ्ग हुने गरी प्रवेश गर्नुहुँदैन ।

## ५.३ उजुरी र सुनुवाइ

**मापदण्ड : ६१ बालबालिकामाथि हिंसा, दुर्व्यवहार, शोषण र भेदभावजस्ता व्यवहार भएमा लिखित वा मौखिक उजुरी गर्नसक्ने व्यवस्था हुनुपर्दछ ।**

***१. बालगृहले उजुरी र त्यसमाथि हुने कारबाही खुलेको लिखित कार्यविधि बनाई कार्यान्वयन गर्ने । यसको लागि :***

क. उजुरी गर्दा अपनाउनु पर्ने प्रक्रिया, उजुरीको सुनुवाइ, निर्णय कार्यान्वयन, जानकारी दिने र पुनरावेदन गर्ने म्याद, कार्यविधि तथा निकायका बारेमा स्पष्ट खुलेको उजुरी र सुनुवाइसम्बन्धी कार्यविधि बनाउने ।

ख. यस्तो कार्यविधि बालगृहको सूचना पाटीमा टाँस्ने र बालबालिकालगायत सबै सरोकारवालालाई जानकारी दिने प्रक्रियासहितको निश्चित कार्यतालिका बनाउने ।

ग. बालबालिकालाई बालगृहमा भर्ना हुने बित्तिकै उजुरी गर्ने ठाउँ र उजुरी सुन्ने व्यक्तिका सम्बन्धमा जानकारी दिने ।

घ. उजुरी र गुनासो गर्ने कार्यविधिको जानकारी दिएपछि निज बालबालिकाको उमेर र अवस्थाअनुसार आफूले जानकारी पाएको जनाउन हस्ताक्षर गराई निजको व्यक्तिगत विवरणमा समावेश गर्ने ।

ङ. उजुरी र कारबाहीको कार्यविधिका बारेमा बालबालिकालगायत सरोकारवाला सबैलाई जानकारी दिएको लिखित विवरण सुपरीवेक्षण गर्ने निकायका प्रतिनिधिले मागेका बखत प्रस्तुत गर्ने ।

च. यस्तो उजुरी गर्दा बालबालिकाले परिवारका सदस्य, कानुन व्यवसायी वा मानवअधिकारकर्मी वा आफ्नो विश्वासपात्र अरू कसैको सहयोग लिन पाउने व्यवस्था मिलाउने ।

छ. बालगृहका कर्मचारी, पदाधिकारी, स्वयंसेवक, बालबालिकालगायतका सरोकारवालाका लागि आयोजना गरिने तालिम, अभिमुखीकरण कार्यक्रमआदिमा उजुरीसम्बन्धी कार्यविधि समावेश गर्ने ।

ज. आकस्मिक अवस्थामा सहयोग माग गर्नसक्ने प्रचलित अन्य व्यवस्थाहरू (हेल्प लाइन) का सम्बन्धमा बालबालिका र कर्मचारीलाई जानकारी दिने र यस्तो जानकारी सूचना पाटीमा पनि टाँस्ने ।

***२. उजुरी वा गुनासो प्राप्त भएपछि देहायअनुसार गर्नुपर्दछ :***

क. पीडित बालबालिकामाथि भएको घटनाको प्रकृतिका आधारमा प्रहरी वा अन्य सम्बन्धित निकायलाई जानकारी गराई आवश्यक कानूनी कारबाहीको प्रक्रिया आरम्भ गर्ने ।

ख. यस्तो कारबाहीको अनुगमन गर्ने र आवश्यक सहायता प्रदान गर्ने ।

ग. गम्भीर प्रकृतिको घटनाका सम्बन्धमा प्राप्त उजुरीमाथि तत्काल आवश्यक कारबाही अगाडि बढाउन मुलरुपमा बालगृहको प्रमुख प्रशासक/ व्यवस्थापक दायित्व हुने किटान गर्ने । यससम्बन्धमा बालसंरक्षण समितिले आवश्यक सहयोग पुर्‍याउन सक्दछ ।

घ बालबालिका वा निजका हकमा अरू कसैले गरेको उजुरीमा भएको कारबाहीका सम्बन्धमा उजुरीकर्तालाई तत्काल जानकारी दिने ।

**<u>टिप्पणी</u>**

- बालगृहका प्रमुखविरुद्ध उजुरी गर्नु परेमा व्यवस्थापन समिति र सुपरिवेक्षणको दायित्व भएको निकायमा गर्न सकिने जानकारी बालबालिकालाई दिई र त्यस्तो निकायका बारेमा टेलिफोन नम्बरसहितको जानकारी सूचना पाटीमा पनि टाँस्ने व्यवस्था मिलाउनुपर्दछ ।
- बालबालिकामाथि दुर्व्यवहार, शोषण, हिंसा र भेदभाव भएको जानकारी लिखित, मौखिक वा अन्य जुनसुकै उपायद्वारा प्राप्त भए पनि त्यसको बेवास्ता गर्नहुँदैन ।
- बालबालिका वा निजका हकमा अरू कसैले दिएको उजुरी वा जानकारीको लिखित विवरण गृहको व्यवस्थापक/ प्रशासकले राख्नुपर्दछ र व्यवस्थापन समितिसमक्ष प्राप्त उजुरी र तिनमा भएको कारबाहीको विवरण कम्तीमा तीन महिनाको एक

पटक पेश गर्नुपर्दछ ।

- कारबाहीमा चित्त नबुझेमा पुनरावेदन गर्ने निकायका बारेमा पनि उजुरीकर्तालाई जानकारी दिई त्यसको लिखित विवरण राख्नुपर्दछ । उजुरी पेटिका बालगृहको प्रमुखले नियमितरूपमा खोल्ने व्यवस्था हुनुपर्दछ ।
- उजुरी पेटिका अपाङ्गता भएका लगायत सबै बालबालिकाले सजिलै भेटाउने ठाउँमा राख्नुपर्दछ ।
- भाषा वा सञ्चारको समस्याका कारण कुनै बालबालिकाले स्पष्टसँग आफ्नो गुनासो वा उजुरी गर्न नसकेमा बालगृहले दोभाषेको व्यवस्था गरिदिनुपर्दछ ।
- सुझाव पेटिकामा उजुरी गरिएको पत्र भेटिएमा त्यसउपर आधिकारिक उजुरीसरह कारबाही गर्नुपर्दछ ।
- बालसंरक्षणसम्बन्धी उजुरीको सुनुवाई गर्नको लागि बालगृहमा बालसंरक्षण समितिको गठन गरी त्यसलाई क्रियाशिल गराउनुपर्दछ ।
- गम्भीर प्रकृतिका दूर्व्यवहार, शोषणको घटना घटेको अवस्थामा बालगृहले बाह्य सहयोग समेत लिनुपर्दछ र यसको जानकारी अनिवार्यरुपमा सुपरिवेक्षणको दायित्व भएको निकायमा लिखित रुपमा खवर गर्नुपर्दछ ।
- यस मापदण्डमा उल्लेख भएका प्रावधानहरुलाई बालगृहले तयर गर्ने बालसंरक्षण कार्ययोजनामा समावेश गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

**मापदण्ड : ६२ बालबालिका वा निजका हकमा अरू कसैले गरेको उजुरी गोप्य रहने र उजुरीकर्तासँग प्रतिशोध नलिइने सुनिश्चित गर्नुपर्दछ ।**

प्रतिशोध नलिने सुनिश्चित गर्न देहायको व्यवस्था गर्नुपर्दछ :

क. बालगृहका कर्मचारी र पदाधिकारीलाई दिने तालिममा उजुरीलाई सहजतापूर्वक स्वीकार गर्नुपर्ने विषय समावेश गर्ने ।

ख. उजुरी गरिएको कर्मचारी र उजुरी गर्ने बालबालिकाबीचको सम्बन्ध र कर्मचारीले गर्ने व्यवहारको सुपरिवेक्षण गरी लिखित विवरण राख्ने ।

ग. उजुरीको प्रतिशोध लिइएको गुनासो आएमा वा बालगृह व्यवस्थापनले त्यस प्रकारको प्रमाण भेटेमा कर्मचारीलाई निलम्वनमा राखी कारबाही गर्ने व्यवस्था मिलाउने ।

**मापदण्ड : ६३ बालगृहको सुपरिवेक्षण र अनुगमनको अधिकारप्राप्त व्यक्ति वा निकायले चाहेका बखत बालगृहमा परेको उजुरी र भएको कारबाहीको जानकारी दिनुपर्दछ ।**

क. बालगृह सुपरिवेक्षणको अधिकार पाएको निकाय जस्तै मन्त्रालय, केन्द्रीय तथा जिल्ला बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, समाजकल्याण परिषद तथा यी कार्यालयहरुबाट अख्तियार प्रात्यायोजन गरिएका व्यक्तिले उपयुक्त कारण खोलेर उजुरी र कारबाहीको जानकारी मागेमा उपलब्ध गराउनुपर्दछ तर यस्तो जानकारी दिंदा बालबालिकाको पहिचान खुलाउनै पर्ने नभएसम्म गोप्य राख्नुपर्ने ।

ख. बालगृहले उपलब्ध गराएको बालबालिकासम्बन्धी विवरण गोप्य राख्ने र निज बालबालिकाविरुद्ध प्रयोग नगर्ने दायित्व त्यस्तो निकाय वा व्यक्तिको भएको लिखित जानकारी दिनुपर्ने ।

## ६. बालगृह सञ्चालनको न्यूनतम शर्त र बालगृहको व्यवस्थापन, स्रोत तथा मानव संशाधन (Pre-Requsit for Running a Child Care Home and its Management, Financial and Human Resources)

यो अध्यायमा ८ मापदण्डहरू छन् जसले बालगृहको बालगृह सञ्चालनको न्यूनतम शर्त र बालगृह व्यवस्थपन समितिको योग्यता तथा आवश्यकताहरूमा केन्द्रित छ । यस अध्यायमा बालगृहमा स्वयंसेवी, इन्टर्न तथा तालिमेहरूको व्यवस्था र तिनको जिम्मेवारीका सम्बन्धमा व्यवस्था भएका छन् । यस अध्यायमा समेटिएका मापदण्डहरूले बालगृहका कर्मचारीहरूको बालमैत्री आचरण एवम् धारणा, संवेदनशीलताबारे उल्लेख गरिएको छ । यहाँ उल्लेख भएका मापदण्डहरूले बालगृहको उचित व्यवस्थापनको लागि नीति, नियम बनाउने तथा त्यहाँ कार्यरत व्यवस्थापन समिति र कर्मचारीको विविधता, विशेषज्ञता र कार्यक्षेत्रको बारेमा निर्दिष्ट पार्नुपर्दछ भनेको छ । =

**मापदण्ड : ६४ आवासीय बालगृह सञ्चालन गर्न आवश्यक न्यूनतम शर्त र पूर्वाधारहरू ।**

कुनै पनि संघसंस्थाले प्रचलित कानुनको अधिनमा नेपाल सरकारबाट अनुमति लिई बालगृह सञ्चालन देहायका संरचनागत र व्यवस्थापकीय पक्षहरू पूरा गरेको हुनुपर्दछ :

क) बालगृहको संरचना (Infrastructure) : कम्तिमा १० जना बालबालिकालाई आश्रय दिन सक्ने क्षमता र सुविधा नभई कुनै बालगृह सञ्चालन गर्न पाइने छैन र अनुमति प्रदान गर्ने निकायले पनि अनुमति दिन हुँदैन ।

ख) संस्थाको विधानमा नै बालगृह सञ्चालनसम्बन्धी व्यहोरा उल्लेख गरिनुपर्ने : बालगृह सञ्चालन गर्न चाहने संस्थाले आफ्नो संस्था दर्ता गर्दाका वखतमा नै संस्थाको विधानमा बालगृह सञ्चालन गर्ने कुरा स्पष्ट उल्लेख भएको हुनुपर्दछ ।

ग) प्रचलित ऐन नियमअनुसार संस्था दर्ता नगरी बालगृह सञ्चालन गर्नु हुँदैन । बालगृह सञ्चालन गर्नुपूर्व काठमाडौं उपत्यकामा केन्द्रीय बालकल्याण समिति र महिला तथा बालबालिका विभाग बाट तथा अन्य जिल्लामा जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयबाट समेत अनुमति लिनुपर्नेछ ।

**मापदण्ड : ६५ बालगृहमा बालअधिकार हननको अभियोग नलागेको र शुद्ध आचरण भएको व्यक्ति मात्र पदाधिकारी, कर्मचारी वा स्वयंसेवक हुनसक्ने व्यवस्था मिलाउनुपर्दछ ।**

यसका लागि देहायको व्यवस्था मिलाउनुपर्दछ :

*१.* बालगृह खोल्दा

क. संस्थाका पदाधिकारी बालदुर्व्यवहार, शोषण, हिंसा र भेदभावलगायत बालअधिकार हनन् गरेको अभियोग नलागेको, कारबाही वा सजाय नभएका व्यक्तिहरू रहेको कुरा सुनिश्चित गरिनुपर्दछ । यसको लागि संस्थाका पदाधिकारीहरूले आफू कुनै अभियोग नलागेको र सजाय नपाएको व्यक्ति हुँ भनी लिखतमा सहीछाप गर्नुपर्दछ ।

ख. संस्था खोल्दाको अवस्थामा सबै पदाधिकारी तथा सदस्यहरूले बालसंरक्षणसम्बन्धी आचार संहितामा आफ्नो प्रतिवद्धता जनाई सहीछाप गर्नुपर्दछ ।

ग. संस्था दर्ता गर्ने निकाय तथा त्यससम्बन्धमा रायसुझाव दिने जिल्ला बालकल्याण समितिलगायतका निकायले संस्थाका पदाधिकारीहरूको आचरणको सम्बन्धमा पनि आवश्यक खोजबिन गरेर सिफारिस वा दर्ताको प्रक्रिया अगाडि बढाउनु कर्तव्य हुनेछ ।

***२. कर्मचारी र पदाधिकारी नियुक्त वा निर्वाचित गर्दा :***

क. कर्मचारी र पदाधिकारी नियुक्त वा निर्वाचित हुने व्यक्ति बालदुर्व्यवहार, शोषण, हिंसा र भेदभावलगायत बालअधिकार हनन् गरेको अभियोग नलागेको, कारबाही वा सजाय नभएको र लागूपदार्थ सेवन नगर्ने हुनुपर्ने र उसले नियुक्त हुनुपूर्व नै आफू बालदुर्व्यवहार, शोषण, हिंसा र भेदभावको अभियोग नलागेको, कारबाही वा सजाय नभएको र लागूपदार्थ सेवन नगर्ने (बालगृहभित्र र बालगृहबाहिर समेत) व्यक्ति हुँ र अव आइन्दा पनि गर्ने छैन भनी सोही व्यहोराको लिखतमा सहीछाप गर्नुपर्दछ ।

ख. त्यस्तो लिखित विवरणमा शंका लागेमा वा भ्रुठो विवरण दिएको भनी उजुरी परेमा उपयुक्त प्रक्रियाद्वारा छानबिन गर्ने, गराउने र निजले दिएको विवरण भ्रुठो भएको पुष्टि भएमा निजलाई तत्काल पदबाट हटाई अन्य कारबाही गर्ने, गराउने ।

ग. बालगृहमा कर्मचारी भर्ना गर्दा वा बढुवा गर्दा बालअधिकारको पूर्ण सम्मान र पालना गर्ने प्रतिज्ञापत्रमा हस्ताक्षर गराउने ।

घ. बालगृहमा व्यवस्थापन तहको कर्मचारीमा नियुक्त हुन वा पदाधिकारी निर्वाचित हुन बालबालिकाका क्षेत्रमा कम्तीमा २ (दुई) वर्ष काम गरेको अनुभवी व्यक्ति वा बालबालिकासँग प्रत्यक्ष सम्बन्धित विषयमा शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्ने कुरा सुनिश्चित गर्ने ।

***३. स्वयंसेवक, इन्टर्न र तालिमेलाई काममा लगाउँदा :***

क. स्वयंसेवकका रूपमा काम गर्ने कानूनी अधिकार भएको र बालदुर्व्यवहार, शोषण, हिंसा र भेदभावलगायतको बालअधिकार हनन् गरेको अभियोग नलागेको, कारबाही वा सजाय नभएको र लागूपदार्थ सेवन नगर्ने व्यक्तिलाई मात्रै बालगृहको जिम्मेवार कर्मचारीको सुपरिवेक्षणमा काममा लगाउने । तर स्वयंसेवकलाई बालगृहका नियमित कर्मचारीको सट्टामा जिम्मेवारी दिएर काममा लगाउन र कर्मचारीलाई तोकिएको जिम्मेवारी स्वयंसेवकलाई सुम्पन हुँदैन ।

ख. स्वयंसेवकसँग बालगृहको नीति नियम पालन गर्ने लिखित मञ्जुरीनामा लिने ।

ग. स्वयंसेवकका रूपमा गृहमा काम गर्दा बालअधिकार हननका घटना वा कुनै बालबालिकामाथि दुर्व्यवहार, हिंसा, शोषण र भेदभावको घटना भएको देखेमा वा थाहा भएमा बालगृहको व्यवस्थापकलाई तत्काल त्यसको जानकारी दिने कर्तव्य हुने ।

घ. नेपाली नागरिक बाहेक अरुले बालगृहमा स्वयंसेवक भई सेवा गर्न चाहेमा अनिवार्य रुपमा सम्बन्धित सरकारी निकायबाट निश्चित अवधि खुलाई अनुमति वा स्वीकृति लिनुपर्दछ । र, यसरी स्वीकृति लिएर बालगृहमा राखिएका गैरनेपाली स्वयंसेवकलाई बालगृहमा नै बस्न अनुमति दिइने छैन ।

***४. प्रशासनिक वा बालबालिकाका हेरचाहका लागि कार्यरत वा नयाँ भर्ना गरिने व्यक्ति बालअधिकारप्रति संवेदनशील भएको सुनिश्चित गर्न देहायको व्यवस्था मिलाउनुपर्दछ :***

क. बालगृहमा कर्मचारी नियुक्त गर्दा लिइने मौखिक र लिखित परीक्षामा बालअधिकार र बालबालिकासँग गर्नुपर्ने व्यवहारका विषयमा निजको व्यक्तिगत धारणा थाहा हुने गरी देहायका विषयहरू समेत समेटी प्रश्नहरू सोध्ने :
   क) बालबालिकामाथि हुने दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव ।
   ख) बालअधिकारसम्बन्धी महासन्धिहरू, राष्ट्रिय कानूनी प्रावधानहरू, आचारसंहिता, बालसंरक्षण कार्ययोजनाका व्यवस्थाहरू ।
   ग) बालगृहको विशेष आवश्यकता र बालगृहमा बालबालिकासँग काम गर्दा गर्नुपर्ने, गर्न नहुने व्यवहारहरू ।

ख. निजको बालबालिकासँग अन्तर्क्रिया तथा सहकार्य गर्नसक्ने क्षमता र रुचि आदिको प्रवृत्ति परीक्षण (Aptitude Test) गर्ने ।

ग. बालगृहका कर्मचारी बालअधिकारप्रति संवेदनशील भएमा प्रोत्साहित र नभएमा कारबाही गर्ने व्यवस्था मिलाउने ।

**मापदण्ड : ६६ बालगृहमा सञ्चालन विधि तथा प्रक्रिया स्पष्ट खुलेको निर्देशिका र नियमावली तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ ।**

निर्देशिकामा कम्तीमा देहायका विषय समावेश हुनुपर्दछ :

१. कर्मचारी भर्ना र बढुवाको प्रक्रिया र सेवा र सुविधाका शर्तहरू,
२. कर्मचारी र पदाधिकारीको काम, कर्तव्य, भूमिका, उत्तरदायित्व, अनुशासन र आचारसंहितासम्बन्धी व्यवस्था,
३. बालबालिकासँग गर्नुपर्ने काम र गर्न हुने वा नहुने व्यवहारको सूची तथा गर्न नहुने व्यवहार गरेमा हुने सजायको प्रकार र प्रक्रिया ।

**टिप्पणी**

- कर्मचारीको सेवा र शर्तहरू तय गर्दा प्रचलित कानूनमा नियमित कर्मचारीले पाउने सुविधा वा बालगृहमा त्यसअघि खाइपाई आएको न्यूनतम सुविधा घटाउन र बालअधिकारको सम्मानका अतिरिक्त अन्य शर्तहरू थप गर्नुहुँदैन ।
- बालगृहका निर्देशिका र नियमावली बालबालिका वा सुपरिवेक्षणका लागि तोकिएको निकाय, बालगृहका बालबालिका र कर्मचारीलाई निशुल्क र अरू कसैले मागेमा लाग्ने शुल्क लिएर उपलब्ध गराउनुपर्दछ ।
- बालगृहको नियमावली र निर्देशिका बनाउँदा वा संशोधन परिमार्जन गर्दा उमेरअनुसार बालबालिकालाई र कर्मचारीलाई पनि सहभागी गराउनुपर्दछ ।

**मापदण्ड : ६७ बालगृहका कर्मचारीलाई गृहको आधारभूत मान्यता र सिद्धान्त, बालबालिकाको संरक्षण तथा बालअधिकारका विषयमा सेवा प्रवेश र सेवाकालीन तालिम दिनुपर्छ ।**

यस्तो तालिममा कम्तीमा देहायको विषय समावेश हुनुपर्दछ :

क. वैयक्तिक घटना/विवरण लेखन र व्यवस्थापन ।

ख. बालगृहको आधारभूत मान्यता, बालसंरक्षण कार्ययोजना, कर्मचारीको आचार संहिता, कारबाहीको प्रक्रिया र परिणाम, बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, अवहेलना र शोषणका घटनामा हुने कारबाही ।

ग. बालबालिकासँग गर्ने व्यवहार, आकस्मिक अवस्था आइपरेमा गर्नुपर्ने व्यवहार, प्राथमिक उपचार तथा उद्धार, मनोसामाजिक सेवाको महत्व र आवश्यकताको जानकारी, सूचना र सञ्चारकौशल, समुदायसँगको व्यवहार तथा प्रेषण ।

घ. बालअधिकार र यससँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्र र तिनका सिद्धान्त तथा प्रावधानहरू ।

ङ. बालबालिकाको व्यक्तिगत मर्यादाको सम्मान गर्नुपर्ने र निजको गोपनियताको अधिकार उल्लंघन गरिएमा हुने सजाय ।

च. उजुरी व्यवस्थापन ।

**टिप्पणी**

- बालगृहमा काम गर्ने कर्मचारीलाई सेवा प्रवेश र सेवाकालीन तालिम दिने कार्यतालिका बनाउनुपर्दछ ।
- कर्मचारीले पाएको तालिमको विवरण निजको व्यक्तिगत विवरणमा पनि उल्लेख गरी राख्नुपर्दछ ।
- यस्तो तालिम बालगृहभित्र दिन नसके बाहिरको व्यक्ति वा संस्थाको सहयोगमा आयोजना गर्नुपर्दछ ।
- तालिमपछि कर्मचारीको व्यवहारमा भएको परिवर्तनको सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन कर्मचारीको व्यक्तिगत विवरण फाइलमा समावेश गर्नुपर्दछ ।
- यस्तो प्रतिवेदन कर्मचारीको बढुवा, प्रोत्साहन वा नसिहत र बर्खास्तजस्ता कारबाहीको आधार र त्यससम्बन्धी विवरण उल्लेख भएको हुनुपर्दछ ।
- कर्मचारीहरूसँग बालबालिकाको भावनात्मक सम्बन्धसमेत विकास हुने हुनाले उनीहरूलाई गृहको सेवामा रहन प्रेरित गर्न आवश्यक वृत्ति विकास, सुविधा, आकर्षण र पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

**मापदण्ड : ६८ बालबालिकाले मापदण्डमा उल्लेखभएअनुसारको संरक्षण, हेरचाह, सेवा र सुविधा पाउने गरी हेरचाहकर्ता र प्रशासनिक कर्मचारी नियुक्त गर्नुपर्छ ।**

***क. बालगृहमा कम्तीमा देहायको संख्यामा कर्मचारी हुनुपर्छ :***

| | | | |
|---|---|---|---|
| १. | हेरचाहकर्ता महिला (Care giver) | २ जना | पूर्णकालीन |
| २. | शिक्षक/शिक्षिका | १ जना | पूर्णकालीन |
| ३. | परिचारक/परिचारिका | १ जना | पूर्णकालीन |
| ४. | व्यवस्थापक | १ जना | पूर्णकालीन |
| ४ | मनोविमर्शकर्ता | १ जना | पूर्णकालीन/आंशिक |
| ५. | स्वास्थ्यकर्मी | १ जना | पूर्णकालीन/आंशिक |

| | | | |
|---|---|---|---|
| ६. | खेल/मनोरञ्जन सहयोगी | १ जना | पूर्णकालीन/आंशिक |
| ७. | सामाजिक कार्यकर्ता | १ जना | पूर्णकालीन/आंशिक |

**टिप्पणी**

- ३ वर्षसम्मका प्रत्येक ५ जना बालबालिकाका लागि कम्तीमा १ जना हेरचाहकर्ता हुनुपर्दछ।
- ३ देखि ८ वर्षसम्मका बालबालिकाका लागि ८ जनामा १ जना र ८ देखि १० वर्षसम्मका १० जना बालबालिकाका लागि कम्तीमा १ जना हेरचाहकर्ता हुनुपर्दछ।
- बालिकामात्रका लागि सञ्चालित गृहमा सबै कर्मचारी महिला हुनुपर्दछ।
- बालगृहमा प्रशासक/ व्यवस्थापकका रूपमा काम गर्ने व्यक्ति बालगृह सञ्चालनमा उपयुक्त तालिम तथा अनुभव प्राप्त गरेको पूर्णकालीन कर्मचारी हुनुपर्दछ।
- परिवारमा रहेका बालबालिकालाई जसरी नै बालगृहमा रहेका बालबालिकालाई पनि नजिकबाट भरोसा गर्न सक्ने व्यक्तिहरू चाहिने भएकोले बालगृहमा अनावश्यक रुपमा कर्मचारी (खासगरी हेरचाहमा संलग्न) को फेरबदललाई निरुत्साहित गर्नुपर्दछ।
- बालगृहमा बालबालिकाको संख्या थप भएमा गृह प्रमुख बाहेक त्यहाँ कार्यरत कर्मचारीको व्यवस्था सोही अनुपातमा वृद्धि गरिनुपर्दछ।

**मापदण्ड : ६९ बालगृहका कर्मचारीको नियमित र आकस्मिक अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्दछ।**

अनुगमन/निरीक्षणपछि देहायबमोजिम गर्नुपर्दछ :

क. सुपरिवेक्षणका क्रममा कर्मचारीले बालगृहको अनुशासन, बालबालिकाको मर्यादा वा अन्य अनुचित कार्य गरेको वा पुरस्कार योग्य राम्रो काम गरेको भेटिएमा गृहको प्रमुख प्रशासक/व्यवस्थापकलाई तत्काल जानकारी दिने।

ख. सुरपरिवेक्षणका क्रममा देखिएका त्रुटि हटाउनका लागि सुपरिवेक्षकले सल्लाह सुझाव दिने र तीन पटक सोही त्रुटि दोहोरिएमा वा कुनै कर्मचारीमा गम्भीर प्रकारका कमजोरी भेटिएमा कारबाहीको सिफारिससहित गृहको व्यवस्थापनलाई जानकारी दिने।

ग. सुपरिवेक्षकले गरेको सिफारिसमा तत्काल छानबिन गरी निर्देशिकामा उल्लेख भएअनुसारको कारबाही गर्ने।

घ सुपरिवेक्षणमा देखिएका समस्या र समाधानका लागि दिइएको सल्लाह, सुझाव तथा कारबाहीको अभिलेख राख्ने।

**मापदण्ड : ७० बालगृहमा बालबालिकाको आवश्यकता, प्रगति र समस्याका सम्बन्धमा नियमित छलफल गर्नुपर्दछ।**

बालगृहमा छलफल र संवादको व्यवस्था मिलाउँदा देहायअनुसार गर्नुपर्दछ :

क. व्यवस्थापक, कर्मचारी र बालबालिकाका बीचमा नियमित छलफलको कार्यतालिका बनाई कार्यान्वयन गर्ने।

ख. कर्मचारीले त्यहाँ संरक्षित बालबालिका बारे वा अरू कुनै सम्बन्धित विषयमा छलफल गर्न चाहेमा व्यवस्थापकसमक्ष निजको सहज पहुँच हुने व्यवस्था मिलाउने।

ग. बालबालिकाका अभिभावक वा संरक्षक र व्यवस्थापनका बीचमा सामूहिक र व्यक्तिगत भेटघाटको निश्चित कार्यतालिका बनाई कार्यान्वयन गर्ने।

घ. यस्तो छलफलको मितिसहितको विवरण लिखित रूपमा राख्ने।

**मापदण्ड : ७१ बालगृहको व्यवस्थापन/सञ्चालन समितिमा बालगृहमा कार्यरत कर्मचारी, बालअधिकारकर्मी, स्थानीय निकाय र विषय विज्ञहरूको प्रतिनिधित्व हुनुपर्दछ।**

व्यवस्थापन/सञ्चालन समितिमा देहायअनुसारको संस्था वा समूहको प्रतिनिधित्व हुनुपर्दछ :

क. बालगृहमा काम गर्ने कर्मचारी।

ख. बालअधिकारका लागि कार्यरत संस्थाहरू विशेषगरी समुदायमा पुनःस्थापना गराउने शिक्षा, तालिम वा सेवा उपलब्ध गराउने संस्था।

ग. शिक्षा, सञ्चार, स्वास्थ्य, मनोसामाजिक विमर्श आदि विषयका विशेषज्ञ ।
घ. स्थानीय निकायका जनप्रतिनिधि ।
ङ बालगृहका बालबालिकाको उमेर र अवस्थाअनुसार उनीहरूको सहभागिता ।

**मापदण्ड : ७२ बालगृहमा बालबालिका भर्ना गर्नुभन्दा पहिले नै न्यूनतम मापदण्डअनुसारको सेवा र सुविधा कम्तीमा ३ वर्षसम्म उपलब्ध हुने आर्थिक स्रोत सुनिश्चित गर्नुपर्दछ ।**

आर्थिक स्रोतको सुनिश्चिततताका लागि देहायमध्ये १ वा १ भन्दा बढी अवस्था पूरा गर्नुपर्छ :

क. बालगृहमा रहेका बालबालिकाको संख्याका अनुपातमा ३ वर्ष बालगृह सञ्चालन गर्न लाग्ने खर्च बराबरको नगद बैंकमा मौज्दात रहेको ।
ख. ५ वर्षभन्दा पहिलेदेखि सञ्चालनमा रहेको र अचल सम्पत्तिलगायत बालगृहका नाममा सम्पत्ति भएको बालगृहका हकमा कम्तीमा १ वर्षका लागि अनुदान वा सहयोग उपलब्ध हुने प्रत्याभूति पत्र ।
ग हानी नोक्सानी वा हिनामिना गर्न नमिल्ने गरी बालगृहका नाममा कुनै स्थायी आर्थिक स्रोत, अक्षय कोष, धितो वा अन्य प्रत्याभूतिपत्र ।

**टिप्पणी**

- यस्तो मौज्दात रकम नमासिने प्रत्याभूतिको निम्ति बालगृह सञ्चालनको अनुमति दिने वा सुपरिवेक्षण गर्ने प्रशासनिक दायित्व भएको निकायले आवश्यक प्रशासनिक व्यवस्था मिलाउनुपर्दछ ।
- सञ्चालन खर्च जुटाउन नसकेमा बालगृहमा रहेका बालबालिकाको संख्याका अनुपातमा १ वर्षका लागि लाग्ने सञ्चालन खर्च बालगृह सञ्चालनका लागि अनुमति माग्ने वा व्यवस्थापनमा संलग्न हुनेले निजी सम्पत्तिबाट भर्नुपर्नेछ ।
- बालगृह सञ्चालन समितिका सदस्यहरूले अन्य स्रोतबाट बालगृह सञ्चालन खर्च जुटाउन नसकेका अवस्थामा त्यसको आर्थिक दायित्व बेहोर्ने लिखित मञ्जुरीनामा पेश गर्नुपर्दछ ।

**मापदण्ड : ७३ बालगृहले कुनै पनि स्वदेशी वा विदेशी व्यक्ति वा दातृसंस्था वा निकायबाट नगद वा जिन्सी सहयोग लिँदा अनुमति लिनुपर्दछ ।**

कुनै पनि संघसंस्थाद्वारा सञ्चालित बालगृहले आफ्नो आर्थिक स्रोतको अभिवृद्धिका लागि कुनै पनि स्वदेशी वा विदेशी व्यक्ति, संस्था वा निकायबाट नगद वा जिन्सी वा अन्य कुनै पनि रुपमा आर्थिक वा भौतिक सहयोग लिँदा प्रचलित कानुनअनुसार नेपाल सरकारको तोकिएको निकायबाट स्वीकृत लिनुपर्दछ । र, त्यसरी सहयोग लिएको जानकारी केन्द्रमा महिला तथा बालबालिका विभाग र केन्द्रीय बालकल्याण समिति र जिल्लामा जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयलाई जानकारी गराउनु सम्बन्धित संस्था वा बालगृहको कर्तव्य हुनेछ ।

## ७. बालबालिकाको बिदाई/ पुनर्एकीकरण वा पुनर्मिलन योजना (Children's Departure and Reintegration or Reunification Plan)

यो अध्यायमा पाँच मापदण्डहरू समावेश भएका छन् जुन बालगृहमा रहेका हरेक बालबालिकाको लागि गृहबाट विदाई योजनासँग सम्बन्धित छन्। बालगृहले विदाई गरिसकेपछि पनि कम्तिमा ५ वर्षसम्म हरेक बालबालिकाको विवरण तथा सूचनाहरू सुरक्षित रुपमा राख्नुपर्दछ । यस्ता विवरणहरू निज बालक वा बालिका विदाई भएर गैसकेपछि निजको बालअधिकारको संरक्षण र उच्चतम हितका लागि निजका अविभावकहरूलाई आवश्यक पर्न सक्नेछ । यस अध्यायले परिवार वा समुदायमा पुनर्मिलन भैसकेका बालबालिकाको गतिविधि र अवस्थाको नियमित अनुगमन र सम्पर्क गर्नुपर्ने व्यवस्थालाई समेत जोड दिन्छ । बालबालिकाको उच्चतम हितलाई सुनिश्चित गर्नका लागि निज बालक वा बालिका परिवार वा समुदायमा गैसकेपछिको नयाँ वातावरणमा घुलमिल हुन सकेका छन् कि छैनन् र राम्ररी रहन/बस्न सकेका छन् कि छैनन् भनी अनुगमन गर्न नियमित रुपमा सम्पर्क गरिरहनु आवश्यक हुन्छ । यस अवस्थामा बालगृहले सम्बन्धित जिल्लाका बालकल्याण समिति, गैरसरकारी संस्थाहरू तथा सामुदायिक संस्थाहरूबाट सहयोग लिन सक्नेछ । साथै, यस अवस्थामा बालकको बालगृहबाट बिदाई भई परिवारमा पुनर्मिलन वा समुदायमा पुनर्स्थापनाको प्रक्रियालाई सरलतापुर्वक सम्पन्न गर्नका लागि समाजसेवीको मद्दत लिन समेत सकिनेछ ।

### मापदण्ड : ७४ बालगृहमा भर्ना भएका प्रत्येक बालबालिकाको वैयक्तिक विशेषता र आवश्यकताअनुसारको बिदाई/पुनर्मिलन योजना तयार गर्नुपर्छ ।

बालगृहमा भर्ना भएका प्रत्येक बालबालिकाको वैयक्तिक विशेषता र आवश्यकता भएअनुसार परिवार तथा समाजमा पुर्नमिलन/ पुर्नस्थापना गर्ने प्रक्रियालाई पहिलो प्राथमिकता दिई उसको विदाइको योजना तयार गर्नुपर्दछ । यसरी बिदाई/पुनर्मिलन योजना बनाउँदा देहायअनुसार गर्नुपर्दछ :

क. सम्बन्धित विषयका विशेषज्ञहरूले गरेको निज बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक क्षमता, पारिवारिक अवस्था, परिवार वा समुदायको अवधारणा आदिको मूल्याङ्कनका आधारमा बिदाई/पुनर्मिलन योजना तर्जुमा गर्ने । यस्तो योजनामा निम्न विषयहरू सुनिश्चित गरिएको हुनुपर्दछ :

१. विदाई वा पुनस्थापना पछि सो बालक वा बालिकामाथि दुर्व्यवहार, लाञ्छना, शोषण र भेदभावको जोखिम न्यून रहेको ।
२. उसका आधारभूत अधिकार र आवश्यकताको परिपूर्तिका लागि स्रोत, साधन र सम्भावना उपलव्ध भएको र आवश्यक परेको खण्डमा सहयोगको विकल्पहरू उपलब्ध भएको ।
३. उसलाई परिवार तथा समाजमा सम्मानपूर्ण स्थान प्राप्त हुने ।
४. आधारभूत अधिकारको पूर्ण उपभोगको अवस्था विद्यमान रहेको ।
५. उसको उमेर र अवस्थाअनुसार वयस्क जीवनका लागि आजीविका र रोजगारको विकल्प रहेको ।
६. निजको पुर्ख्यौली सम्पत्ति भए त्यसमा उसको हक कायम हुने अवस्था रहेको ।
७. निजको परिवार भए सोको अवस्था सामान्यतया स्वीकार्य स्थितिमा रहेको र उसलाई परिवारबाट कुनै खालको जोखिमको सामना गर्नुपर्ने आशंका नठानिएको ।
८. विदाई/पुनर्मिलन योजना कार्यान्वयन गर्न आवश्यक आर्थिक तथा अन्य सहयोग एवम् स्रोतको आकलन गरिएको ।

ख सम्बन्धित बालबालिकालाई निजको उमेर र अवस्थाअनुसार योजना तर्जुमाका क्रममा सहभागी गराउने ।

ग. सम्भव भएसम्म बालबालिकाका अभिभावक वा परिवारका अन्य सदस्यलाई पनि बिदाई/पुनर्मिलन योजना बनाउँदा नैसहभागी गराउने ।

घ. कुनै बालबालिका अभिभावक र परिवार नभएको वा फेला नपरेको अवस्थामा वा स्थानीय निकायले सो बालक वा बालिकालाई भर्ना गर्न सिफारिस गरेको भएमा त्यस क्षेत्रमा कार्यरत सामाजिक संघसंस्था र स्थानीय निकायका प्रतिनिधिलाई बिदाई/पुनर्मिलन योजनामा सहभागी गराउने र त्यस्ता निकायहरूलाई योजनाको कार्यान्वयनको नियमित अनुगमनका लागि समेत अनुरोध गर्ने ।

**टिप्पणी**

- बालगृहले बिदाई/पुनर्मिलन योजनाका विभिन्न चरणहरूमा आफूले गर्नुपर्ने कार्य तथा पालना गर्नुपर्ने दायित्व स्पष्ट खुलाउनुपर्दछ ।
- बिदाई/पुनर्मिलन योजनामा बालबालिकालाई परिवार वा परिवार नभएका अवस्थामा समुदायमा फर्केर मर्यादित जीवन यापन गर्न सम्बन्धित सरोकारवालाको तहमा अभिमुखीकरण गर्ने र आवश्यक सीप तथा ज्ञान दिने । यसको लागि योजनामा तालिकावद्ध कार्यक्रम पहिचान गरी उल्लेख गरिएको हुनुपर्दछ ।
- बालबालिकालाई आवश्यक अन्य सामाजिक सेवा तथा सुविधा उपलब्ध गराउने कार्यमा सकेसम्म निजको परिवार रहेको ठाउँका सामाजिक संघसंस्थाहरूलाई संलग्न गराउनुपर्दछ । साथै बालगृहले बालबालिका परिवार वा समुदायमा फर्केपछि निजको अवस्थाको अनुगमन तथा आवश्यक सहयोग उपलब्ध गराउन समेत स्थानीय सामाजिक संघसंस्थाको सहयोग लिनुपर्दछ ।
- बालगृहबाट बिदाइपछि सहयोग जुटाउने सामाजिक संघसंस्था वा व्यक्तिको पहिचान भएका अवस्थामा निज बालक वा बालिकालाई त्यस्ता व्यक्ति वा संस्थासँग सम्पर्क स्थापित गरिदिनुपर्दछ ।
- बिदाई/पुनर्मिलन योजना बनाउने समयमा उमेर वा अवस्थाका कारण सम्बन्धित बालबालिका सहभागी हुन नसकेको भए निज सहभागी हुनसक्ने उमेर वा अवस्थामा पुग्ने बित्तिकै उसलाई त्यसको बारेमा जानकारी दिने तथा त्यस योजनालाई उसको विचार सहित परिमार्जन गर्ने कार्यमा सहभागी गराउनुपर्दछ ।
- बालगृहले त्यहाँबाट बिदाई भएर निस्किएका वा पुनर्स्थापित बालबालिकाको सूचि केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समिति र सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्नेछ । त्यसो भएमा सरकारको तर्फबाट त्यस्ता बालबालिकालाई यथोचित सहयोगको व्यवस्था गर्न सकिने हुन्छ । त्यसैगरी बालबालिकाको परिवारलाई दिइनुपर्ने सहयोग दिन, बालबालिकालाई घरसम्म पुर्‍याउन सरकारी निकायबाट मद्दत गर्न सहयोग पुग्नेछ । यसले सरकारका तर्फबाट बालक वा बालिकाको अवस्थाको नियमित अनुगमन गर्न तथा भविष्यमा बालगृहका बालबालिकालाई सामाजिक सुरक्षाको योजना बनाउन तथा विशेष सहुलियतको व्यवस्था गर्न समेत मद्दत पुग्दछ ।

**मापदण्ड :७५ बालबालिकालाई उमेर, रुचि र क्षमताअनुसारको रोजगारमूलक सीप सिक्ने अवसर उपलब्ध गराउनुपर्दछ ।**

यसोगर्दा :

क. बालबालिकालाई सिकाइने सीप सकेसम्म बालबालिकाको समुदायमा रोजगार उपलब्ध हुनसक्ने प्रकारको हुनुपर्दछ ।

ख. कुनै पनि बालबालिकालाई बालगृहको लाभ वा सुविधाका लागि कुनै निश्चित सीप सिक्नका लागि वाध्य बनाउनुहुँदैन ।

ग. बालबालिकालाई तालिमका नाममा बालगृहले आर्जन गर्ने गरी श्रम गराउनुहुँदैन र बालबालिकाले श्रम गरेर कुनै आर्जन गरेको अवस्थामा त्यस्तो आम्दानी निज बालबालिकालाई नै प्रदान गर्नुपर्छ ।

घ. रोजगारमूलक सीप सिकाउने क्रममा बालबालिकाको शिक्षा, मनोरञ्जन र आराममा प्रतिकूल प्रभाव पार्नुहुँदैन ।

ङ. १४ वर्ष नपुगेका बालबालिकालाई शारीरिक श्रम पर्ने सीपसम्बन्धी तालिममा सहभागी गराउनुहुँदैन ।

**मापदण्ड : ७६ परिवार वा समुदायमा फर्केका बालबालिकाको जीवन शैली, आचरण तथा परिवार तथा समुदायसँगको सम्बन्धको अनुगमन गर्ने र आवश्यकताअनुसार सहयोग जुटाउने प्रबन्ध मिलाउनुपर्दछ ।**

यस्तो प्रबन्ध मिलाउँदा देहायअनुसार गर्नुपर्दछ :

क. परिवार वा समाजमा फर्केको बालबालिकाको अवस्थाको कम्तीमा ३ वर्षसम्म नियमित अनुगमन गर्ने ।

ख. बालबालिकाको उमेर वा अवस्थाअनुसार आयमूलक रोजगारमा लाग्न सक्ने अवस्था नभएमा र निजको अभिभावक वा परिवारले आवश्यक भरणपोषण र शिक्षादीक्षाको व्यवस्था गर्न नसक्ने देखिएमा बालगृहले त्यस्ता बालबालिकाको भरणपोषण र शिक्षादीक्षाको प्रबन्ध मिलाउन परिवारलाई सहयोग गर्ने, गराउने ।

ग. परिवार वा समुदायमा फर्केको बालबालिका आफैं वा निजको परिवार वा समुदाय निजका आधारभूत आवश्यकता पूरा गर्न सक्षम भएको सुनिश्चित नहुँदासम्म यस्तो अनुगमन र सहयोग जारी रहने व्यवस्था मिलाउने ।

घ. बालगृहमा रहेका बालबालिका परिवार वा समुदायमा फर्केपछि निजलाई आयमूलक रोजगार प्राप्त गर्न बालगृहले सहयोग उपलब्ध गराउने ।

ङ. बालगृहले रोजगारको सम्भावना पहिचान गरी त्यस्ता प्रतिष्ठान वा बालबालिकालाई रोजगारका लागि सहयोग गर्नसक्ने संस्था वा व्यक्तिहरूको सूची तयार गर्ने ।

च. बालबालिकाले तालिम लिन थालेपछि नै सम्भाव्य रोजगार स्थलको पहिचान गर्ने काम शुरु गर्ने ।

छ. तालिम लिने क्रममा पूर्व-सेवाकालीन तालिम (On The Job Training) को व्यवस्था मिलाउने । यसको लागि युवालाई लक्षित कार्यक्रम गर्ने सरकारी निकाय तथा अन्य गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य तथा सम्पर्क गर्न सकिन्छ । जिल्ला बालकल्याण समितिले आवासीय बालगृहबाट अनुरोध भै आएमा जिल्लामा समन्वयमा सहयोग पुर्‍याउनुपर्दछ ।

**टिप्पणी**

- बालबालिकाको बिदाई/ पुनर्मिलन योजनासम्बन्धी विवरणमा तालिमको विवरण र रोजगारको सम्भावनाको सूची पनि समावेश हुनुपर्दछ ।
- बालगृहमा रहेका बालबालिकाले सीप वा प्रतिभा प्रदर्शन गरी आर्जन गरेको आयको निश्चित प्रतिशत रकम निजलाई फुटकर खर्चका लागि दिएर बाँकी रकम निज बालबालिका बालगृहबाट बिदाई हुँदा उपलब्ध गराउने गरी बालगृहले राखिदिनुपर्दछ र बालबालिकाको व्यक्तिगत विवरणमा यस्तो रकमबारे पनि उल्लेख गर्नुपर्दछ ।
- साथै बालगृहले बालबालिकाको भविष्यका लागि संकलन गरेको रकम बालगृहबाट बिदाई हुने अवस्थामा उपलब्ध गराउनुपर्दछ ।
- बालबालिकालाई १४ वर्षको उमेर नपुगी पारिश्रमिक आउने गरी तालिम वा पूर्वसेवाकालीन तालिममा लगाउनुहुँदैन ।

**मापदण्ड : ७७ बालगृहबाट विदाइ गर्दा बालबालिकालाई शैक्षिक र स्वास्थ्य विवरण, कानुनी कागजपत्र, निजका नाममा वचत भएको रकम र अन्य वैयक्तिक सरसमान र आवश्यक सहयोग उपलब्ध गराउनुपर्दछ ।**

**टिप्पणी**

- बालगृहले बिदा हुने बालबालिकालाई बालगृहबाट निजको परिवार वा समुदायसम्म पुग्नका लागि लाग्ने बाटो खर्च दिनु वा दिलाउनुपर्दछ ।
- परिवार वा समुदायमा पुग्ने बित्तिकै बालबालिकाको दैनिक आवश्यकता पूरा गर्न कठिनाइ पर्ने भएमा त्यसका लागि बालगृहले सहयोगको व्यवस्था मिलाउनुपर्दछ ।
- बालबालिका बालगृहबाट बिदा भइसकेको बालबालिकाको पनि वैयक्तिक विवरण, घटना व्यवस्थापनको अभिलेखलगायतका बालबालिकासँग सम्बद्ध सबै कागजपत्रका प्रतिहरू बालगृहले कम्तीमा १० वर्षसम्म गोप्य र सुरक्षितरूपमा राख्नुपर्दछ ।

**मापदण्ड : ७८ बालबालिकालाई गृहबाट बिदाइ गर्नुपूर्व निजको परिवार र समुदायलाई बालबालिकाको अधिकार र सुरक्षाका विषयमा अभिमुखीकरण गर्नुपर्दछ ।**

समुदाय र परिवारको अभिमुखीकरणका लागि देहायको व्यवस्था गर्नुपर्दछ :

क. यस्तो तालिममा बालअधिकार र परिवार वा समुदायको दायित्वका अतिरिक्त परिवार वा समुदायमा गएका बालबालिकाले अपमान वा असुरक्षाको महसुस गरेमा निजलाई बालगृहमा फर्कने विकल्प रहेको जानकारी पनि दिने ।

ख. बालगृहबाट बिदा भएका बालबालिकाको विकास र संरक्षणका लागि आवश्यक परेको खण्डमा बालगृहले उपलब्ध गराउने वा गराउन सक्ने सहयोगको जानकारी पनि बालबालिका र निजको परिवारलाई दिने ।

ग. बालबालिकासँग नियमित सम्पर्कका लागि ठेगाना अद्यावधिक गरिराख्ने ।

## ८. बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रक्रियाहरू
## (Mechanism and Procedure for Monitoring of Residential Child Care Homes)

### ८.१ पृष्ठभूमि र औचित्य

यस अनुगमन संयन्त्रको औचित्य देहाय बमोजिम हुनेछ :

- पारिवारिक संरक्षणविहीन बालबालिकालाई संस्थागत संरक्षण प्रदान गर्न वैकल्पिक हेरचाहका निम्ति सञ्चालन भईरहेका बालगृहहरूलाई व्यवस्थित गर्नु, तिनीहरुको क्षमता बढाउनु र सुदृढ गर्नु,
- बालगृहहरुलाई राज्यको तर्फबाट पुर्‍याइनुपर्ने सहयोगको पहिचान गर्नु तथा सहयोगलाई व्यवस्थित गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्नु,
- बालगृहमा रहेका बालबालिकाको हक अधिकार सुनिश्चित गर्न तथा उनीहरुमाथि हुनसक्ने अधिकार हनन्को स्थितिलाई समयमा नै सम्बोधन गर्नु, गराउनु,
- बालबालिकामाथि हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, हिंसा, हेलचेक्राइँ र भेदभावका जोखिमलाई न्यूनीकरण गर्न तथा पीडित बनाइएका बालबालिकालाई स्वास्थ्य सेवा, मनोसामाजिक स्याहार एवं पुनर्लाभ तथा कानूनी उपचार गर्न, गराउन पहल गर्नु ।

राज्य बालबालिकाको मानवअधिकार सुनिश्चित गर्न गराउन प्राथमिकरुपमा जिम्मेवार निकाय भएकोले राज्यको तर्फबाट गरिने निरन्तर अनुगमनले समग्ररुपमा--१) सरकारी निकाय तथा सामाजिक संघसंस्थाको तर्फबाट सञ्चालनमा रहेका बालगृहहरूको प्रभावकारिता बढाउन र २) बालगृहको संरक्षणमा रहेका बालबालिकाका हक अधिकार एवम् सेवा र सुविधाको निर्वाध प्रत्याभुति हुने वातावरणको सिर्जना गर्न सहयोग पुर्‍याउँदछ ।

### ८.२ उद्देश्यहरू

यस अनुगमन संयन्त्र अन्तर्गत गरिने बालगृहको अनुगमनले मुलभूत रुपमा देहायका उद्देश्यहरु राखेको छ :

- बालगृहहरूको नियमित रुपमा प्रभावकारी, स्थलगत (सूचित र आकस्मिक) अनुगमन गर्ने ।
- बालगृहलाई व्यवस्थित, मर्यादित, बालसुलभ र बालअधिकारको आधारभूत सिद्धान्त एवम् प्रावधान अनुरुप सञ्चालन गर्न सघाउ पुऱ्याउने,
- सञ्चालनमा रहेका बालगृहहरूले कानूनी उत्तरदायित्व पूरा गरेको कुरा सुनिश्चित गर्ने र यदि कमी भएको अवस्थामा समय सीमा तोकेर सो पूरा गर्न प्रोत्साहन र सहयोग गर्ने,
- बालगृह सञ्चालन र व्यवस्थापनको मापदण्ड कार्यान्वयन गरी बालबालिकाको मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न बालगृहहरूलाई आवश्यक निर्देशन, परामर्श र सुझाव दिने तथा आवश्यकताअनुसार तालिम र क्षमता अभिवृद्धिको अवसर दिने,
- बालगृह सञ्चालन र व्यवस्थापनको मापदण्डका साथै बालबालिकासम्बन्धी प्रचलित कानून, नियम र निर्देशिकाले निश्चित गरेका अधिकार, र उत्तरदायित्वबारे बालगृहहरूलाई अभिमुखीकरण गर्ने,
- बालबालिकाको मानवअधिकार हनन्को अवस्था तथा दूर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेलचेक्राइँको जोखिमलाई न्यूनीकरण गर्ने र पीडित बनाइएका तथा आधारभूत आवश्यकताबाट बञ्चित बालबालिकाको तत्काल उद्धार, स्वास्थ्यलाभ, मनोसामाजिक पुनस्थापना तथा कानुनी उपचारको प्रवन्ध गर्ने, गराउने र दोषीलाई कानुनको दायरामा ल्याउने,
- बालगृह सञ्चालन र व्यवस्थापनको मापदण्ड विपरीत सञ्चालित बालगृहलाई कारबाही गर्न, गराउन अख्तियार प्राप्त निकायसमक्ष सिफारिस गर्ने,
- बालगृहसम्बन्धी सूचना तथा जानकारीको संकलन, अभिलेखीकरण र अद्यावधिक गर्ने ।

### ८.३ बालगृह अनुगमनको संस्थागत संरचना

### ८.३.१ केन्द्रीयतहको अनुगमन संरचना

केन्द्रीय तहमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग, केन्द्रीय बालकल्याण समितिसमेतसँग समन्वय गरी कार्य गर्ने गरी देहाय बमोजिमका सदस्य रहेको एक उच्चस्तरीय बालगृह अनुगमन समिति रहनेछ :

| | | |
|---|---|---|
| १) | कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति | संयोजक |
| २) | प्रतिनिधि (उपसचिवस्तर), गृह मन्त्रालय | सदस्य |
| ३) | प्रतिनिधि (उपसचिवस्तर), शिक्षा मन्त्रालय | सदस्य |
| ४) | प्रतिनिधि (उपसचिवस्तर), महिला तथा बालबालिका विभाग | सदस्य |
| ५) | प्रतिनिधि, महिला तथा बालबालिका सेवा केन्द्र, प्रहरी प्रधान कार्यालय | सदस्य |
| ६) | प्रतिनिधि, समाजकल्याण परिषद | सदस्य |
| ७) | प्रतिनिधि, बालबालिकाका निम्ति गैह्रसरकारी संस्थाहरुको महासंघ (सिएनएफएन) | सदस्य |
| ८) | प्रतिनिधि, सिनेट वा बालगृह सञ्चालन गरिरहेका सामाजिक संस्थाहरू मध्येबाट सिनेटले मनोनित | सदस्य |
| ९) | केन्द्रीय बालकल्याण समितिको सम्बन्धित शाखाको अधिकृतस्तरको कर्मचारी | सदस्य सचिव |

*नोटः एसओएसको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।*

### ८.३.२ जिल्लातहको अनुगमन संरचना

केन्द्रीय तहको उच्चस्तरीय बालगृह अनुगमन समितिको मार्गनिर्देशनमा जिल्लातहमा बालगृह अनुगमन कार्यलाई व्यवस्थित गर्नेगरी आवश्यकताअनुसर महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको निर्णयबाट देहायका सदस्य रहनेगरी जिल्ला तहमा एक बालगृह अनुगमन समिति रहनेछ :

| | | |
|---|---|---|
| १) | जिल्ला प्रशासन कार्यालयको सहायक प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला विकास समिति | सदस्य |
| ३) | प्रतिनिधि, (अधिकृतस्तर), जिल्ला शिक्षा कार्यालय | सदस्य |
| ४) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ५) | जिल्ला बालकल्याण अधिकारी | सदस्य |
| ६) | प्रतिनिधि, जिल्लामा बालअधिकारका क्षेत्रमा कार्यरत गैससमध्येबाट जिल्ला बालकल्याण समितिले मनोनित गरेको एकजना व्यक्ति | सदस्य |
| ७) | बालअधिकार अधिकृत र सो नभएमा जिल्ला बालकल्याण समितिका सक्रिय सदस्यमध्येबाट जिल्ला बालकल्याण समितिले तोकेको व्यक्ति | सदस्य सचिव |

*नोटः जिल्ला सदरमुकाम भएको नगरपालिका वा गाउँविकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा कार्यकारी अधिकार भएको कमचारीलाई समितिमा आमन्त्रित सदस्यका रुपमा राख्न सकिनेछ ।*

केन्द्रीय तथा जिल्लातहका बालगृह अनुगमन समितिले आवश्यकताअनुसार विषयगत उपसमिति वा कार्यदल गठन गरी यस संयन्त्रमा उल्लेख भएका औचित्य एवम् उद्देश्यहरू परिपूर्तिका लागि आफ्नो कार्यविधिलाई व्यवस्थित गर्न सक्नेछन् ।

### ८.४ बालगृह अनुगमन समितिको मार्गदर्शक सिद्धान्त र आधारभूत मान्यताहरू

केन्द्रीय तथा जिल्लातहका बालगृह अनुगमन समितिको आफ्नो कार्यका सन्दर्भमा देहायका मार्गदर्शक सिद्धान्त र आधारभूत मान्यताहरू अवलम्बन गर्नेछन् :

- समितिले बालअधिकारसम्बन्धी महासन्धि १९८९ का सिद्धान्त र भावनालाई अंगिकार गर्नेछ । हरेक तहमा अनुगमन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्नेछ र बालबालिकाको बाँच्न पाउने, संरक्षण पाउने, विकास गर्न पाउने एवम् सहभागी हुन पाउने अधिकारको सम्मान गरिने कुरालाई कदर गर्नेछ ।
- नेपालको संविधान तथा कानुनले निर्दिष्ट गरेका व्यवस्थाहरूको पूर्ण पालनाका साथै अख्तियारवाला निकायहरूद्वारा जारी गरिएका नीति निर्देशनको पालना गर्नेछ र सबैबाट यसो गरिनुपर्दछ भन्ने मान्यता राख्दछ ।
- बालअधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी प्रचलित कानून तथा अन्तर्राष्ट्रिय दस्तावेजले दिएको अधिकारभित्र रहेर बालगृहको अनुगमन पूर्ण व्यवसायिक दक्षताका साथ गर्नेछ ।
- बालगृह अनुगमन गर्दा मुख्य रुपमा नेपाल सरकारबाट स्वीकृत यस मापदण्डका आधारमा अनुगमन सूचकहरू निर्धारण गरी व्यवस्थित रुपमा अनुगमन कार्यलाई अगाडि बढाउनेछ ।
- बालगृह अनुगमनका क्रममा त्यहाँ संरक्षित बालबालिका अत्यन्त जोखिमी अवस्थामा भएको पाइएमा अथवा शोषण, दुर्व्यबहार, भेदभाव, हेलाँ र हेलचेक्राइँलगायत बालबालिकाको मानवअधिकार उलंघनका गम्भीर घटना घटेको पाइएमा वा त्यससम्बन्धी उच्च जोखिम देखिएमा त्यस्तो जोखिमबाट बालबालिकालाई तुरुन्त मुक्त गरी संरक्षण दिन प्रक्रिया बमोजिम कारबाही अगाडि बढाउन यथाशिघ्र केन्द्रीय तथा जिल्ला बालकल्याण समिति तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलगायतका निकायमा सिफारिस गर्नेछ ।

## ८.५ बालगृह अनुगमनका सामान्य कार्यविधि र प्रक्रियाहरू

बालगृह अनुगमन समितिहरूले बालगृहहरूको अनुगमनका निम्ति आफैं कार्यविधि र प्रक्रियाहरू निर्धारण गरी अनुगमन कार्यलाई व्यवस्थित गर्दा (बुँदा नं ८.४ हेर्नुहोस्) देहाय बमोजिमका आधारभूत पक्षहरूलाई कार्यविधि र प्रक्रियाको अंशको रुपमा स्वीकार गर्नेछन् :

- बालगृहको अनुगमन गर्न जाने टोली बनाउँदा टोलीमा कम्तीमा १ जना महिलाको उपस्थिति अनिवार्य गर्नेछन्,
- बालगृहको अनुगमन गर्दा निम्न विषयहरूलाई प्राथमिकता दिइनेछ :
  - बालगृहको कानुनी हैसियतः दर्ता भए नभएको, नियमित लेखा परीक्षण तथा नवीकरण गरे नगरेको,
  - बालगृहमा बालगृह यस मापदण्ड बमोजिमको आधारभूत सेवा र सुविधा उपलब्ध भए नभएको,
  - बालअधिकार हनन् तथा बालसंरक्षणसम्बन्धी जोखिम (जस्तै दुर्व्यवहार, हिंसा, शोषण, भेदभाव, हेलचेक्राइँ आदि) अवस्थाको आँकलन,
  - समग्र बालबालिकाको अवस्था तथा उनीहरूप्रति गरिने व्यवहार, कर्मचारी तथा अन्य सम्बन्धित व्यक्तिहरुको दक्षता,
  - स्थलगत अनुगमनका क्रममा आवश्यकताअनुसार त्यहाँ संरक्षित बालबालिकासँग बेग्लै भेटेर छलफलसमेत गरी उनीहरूको भावना बुझ्ने, आदि ।
- स्थलगत अनुगमनका क्रममा आवश्यक देखिएमा बालबालिकाको उद्दार गर्ने एवम् सम्बन्धित व्यक्ति तथा बालगृहहरूलाई सचेत गराउने तथा कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।
- समितिले नियमित रूपमा आफ्नो क्षेत्रभित्रका सबै बालगृहमा अपर्झट वा पूर्व जानकारी दिएर अनुगमन गर्नेछ । तर प्राथमिकताका आधारमा अव्यवस्थित भएका भनिएका बालगृहहरूका साथै सञ्चार माध्यममा प्रकाशित भएका तथा उजुरी परेका बालगृहहरूको अनुगमन पहिले गरिनेछ ।
- समितिले आफ्नो क्षेत्रभित्रका बालगृहरूमा कुनै पनि समयमा अनुगमन गर्न आउन सक्ने भएको हुँदा आवश्यक कागजपत्रहरू दुरुस्त राख्न र सम्बन्धित कर्मचारीहरूलाई सुचित गर्नका साथै टोलीको अनुगमन कार्यमा सघाउ पुऱ्याउनका निम्ति सम्पूर्ण बालगृहहरूलाई सार्वजनिक सूचनाद्वारा पूर्व सूचित गरिनेछ ।
- यस मापदण्डलाई आधार मान्दै बालबालिकासम्बन्धी ऐन २०४८, बालगृहका निम्ति तयार बालसंरक्षण कार्ययोजना आदि समेतको भावनालाई समेटी अनुगमनका प्रयोजनका निमित्त बालगृहहरूको अवस्थासम्बन्धी आधारभूत चेकलिस्ट निर्माण गरिनेछ ।

- समिति वा यस अन्तर्गतको उपसमिति वा कार्यदलले गरेको बालगृहको हरेक अनुगमनपश्चात् लिखित प्रतिवेदन तयार गरिनेछ र सो अनुगमनका आधारमा सम्बन्धित बालगृहका सम्बन्धमा चालिनुपर्ने कारबाही अघि बढाउन सम्बन्धित निकायमा सिफारिस गरी पठाइनेछ ।
- समितिले अनुगमनमा संलग्न व्यक्तिहरूका निमित्त आचारसंहिता निर्माण गरी लागु गर्ने, गराउनेछ ।
- समितिले अनुगमनकर्तालाई तालिम र क्षमता अभिवृद्धि, मापदण्डको बारेमा अभिमुखिकरण, तथ्याङ्क संकलन विधिका सम्बन्धमा तथा बालअधिकारसम्बन्धी तालिमको प्रवन्ध गर्न समन्वय गर्नेछ ।
- समितिले भविष्यमा यस्तै प्रकृतिको संयन्त्रले के कसरी कार्य गर्नुपर्दछ भन्ने सम्बन्धमा कार्यविधि, प्रक्रिया, योजना, काम, कर्त्तव्य र अधिकार समयानुकुल अनुभव, सिकाइ र आवश्यकता आदिको अभिलेखीकरण गर्ने र सम्बन्धित निकायमा आवश्यक कार्य गर्न सिफारिस गर्नेछ,
- समितिले कुनै बालगृहलाई नियम बिपरीत कार्य गरेमा वा कुनै कारणबस कारबाही गर्नुपरेमा कारबाहीपश्चात् त्यहाँ रहेका बालबालिकालाई अन्यत्र सार्नु पर्ने सम्भाव्य अवस्थामा सहयोग पुर्‍याउन सक्ने बालगृहहरूको लिष्ट तयार गरी राख्नुपर्दछ र त्यसको लागि आवश्यक स्रोतको व्यवस्थाका लागि समेत सम्बन्धित निकायसँग मिलेर कार्य गर्नुपर्नेछ,
- बालगृहको अनुगमनमा सुरक्षा निकायका प्रतिनिधिहरूलाई समावेस गरिंदा उनीहरूलाई बिनाबर्दी जानेछन् भन्ने कुरा र अनुगमनमा जाँदा ठूलो हुल गएर अनावश्यकरुपमा बालबालिकालाई तथा बालगृहको वातावरणलाई आतकित पारिने छैन भन्ने कुरामा ख्याल पुर्‍याइनेछ ।

## ८.६ अनुगमन प्रतिवेदन, त्यसमाथि छलफल र कार्यान्वयन

अनुगमन टोलीले प्रत्येक अनुगमनपश्चात् अनुगमन समिति र केन्द्रीय बालकल्याण समिति वा जिल्ला बालकल्याण समितिमा अनिवार्य रुपमा लिखित प्रतिवेदन पेश गर्नुपर्नेछ । यसरी समितिले पेश गरेको प्रतिवेदन माथि मूल अनुगमन समिति र केन्द्रीय बालकल्याण समिति वा जिल्ला बालकल्याण समितिमा छलफल गरिनेछ । यस्तो छलफलमा अन्य कुराहरूको अतिरिक्त अनुगमन टोलीले आफ्नो प्रतिवेदनमा सिफारिस गरेका कुराहरू र त्यसमा थप गर्नुपर्ने सिफारिसहरू र तिनको कार्यान्वयनका लागि आवश्यक र उपयुक्त बिधिको बारेमा समेत उचित निर्णय लिई अख्तियार प्राप्त निकायसमक्ष पेश गरिनेछ । यसरी पेश हुन आएको कुरामा आवश्यक कारबाही गर्नु त्यस्ता निकायको कर्तव्य हुनेछ । यसको लागि केन्द्रीय बालकल्याण समिति वा जिल्ला बालकल्याण समिति तथा अन्य निकायले आवश्यक आर्थिक, भौतिक, मानवीय स्रोतको व्यवस्था गर्ने तथा स्रोतको उचित व्यवस्थापन गर्नुपर्दछ । बालगृहसम्बन्धी कुनै पनि निर्णय लिईदा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिइनेछ ।

## ८.७ समितिको सचिवालय

समितिले सचिवालय केन्द्रीय तथा जिल्ला बालकल्याण समितिमा रहनेछ । समितिले सोही निकायको मातहत रहने गरी अनुगमन अधिकृत र आवश्यकताअनुसार समितिको कामलाई सघाउ पुर्‍याउने कर्मचारीहरू नियुक्त गर्न अनुरोध गर्न सक्नेछ ।

## ८.८ खारेजी र बचाउ :

(१) "बालगृह सञ्चालन तथा व्यववस्थापनका लागि न्यूनतम मापदण्ड, २०६०" खारेज गरिएको छ र हालसम्म सो मापदण्डअनुसार भएगरेका काम कारबाहीहरू यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्ड लागु गर्दा कुनै समस्या देखिएमा वा मापदण्डमा कुनै कुरा नपुग वा बढी भएको पाइएमा मापदण्डको मूलभूत आशयमा फरक नपर्ने गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले मन्त्रीस्तरबाट निर्णय गरी आवश्यक थपघट गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूचि-१
(मापदण्ड ३३ संग सम्बन्धित)

# एच.आई.भी. संक्रमित बालबालिकाका लागि बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी न्यूनतम मापदण्ड, कार्यविधि निर्देशिका २०६९

**प्रस्तावना :**

एच. आई. भी. संक्रमित बालबालिकालाई बालगृहमा राखेर संस्थागत स्याहार र संरक्षण प्रदान गर्दा उनीहरूका आधारभूत बालअधिकार र मौलिक हकको उपभोगलाई सहज बनाउन एवम् उनीहरूमाथि हुनसक्ने भेदभाव, शोषण, दुर्व्यवहार, बहिस्कार र लाञ्छनाबाट बचाउन तथा उनीहरूको वैयक्तिक विकासका लागि अवसर सुनिश्चित गर्न बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि थप मापदण्ड आवश्यक भएकाले बालबालिकासम्बन्धी ऐन २०४८ र सोको नियमावली २०५१ को अधिनमा रही नेपाल सरकारको "बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि मापदण्ड- २०६९" को अभिन्न अङ्गको रूपमा नेपाल सरकारले यो न्यूनतम मापदण्ड, कार्यविधि निर्देशिका लागू गरेको हो ।

## मापदण्ड १ : आवास र परिवेश

१. एच.आई.भी. संक्रमित बालबालिकाका निमित्त संस्थागत स्याहार र संरक्षण प्रदान गर्ने उद्देश्यले बालगृह सञ्चालन गर्न चाहने सञ्चालकहरूले संस्था दर्ता गर्दाका वखतमा नै लक्षित समूह स्पष्ट रूपमा तोक्नुपर्नेछ र निर्धारित मापदण्डको अधिनमा रही बालगृह सञ्चालन र व्यवस्थापन गर्नुपर्नेछ । सोको जानकारी सम्बन्धित जिल्लाको जिल्ला बालकल्याण समितिलाई दिनुपर्नेछ ।

**टिप्पणी :**
पारिवारिक संरक्षणविहीन बालबालिकाका लागि आवासीय सेवा सुविधा प्रदान गर्ने उद्देश्यले सञ्चालित बालगृहभित्र एच.आई.भी. संक्रमित बालबालिकासमेत भएमा त्यस्ता बालगृहहरूको हकमा लक्षित समूह तोक्नु पर्नेछैन । तर एच.आई.भी. संक्रमित बालबालिकालाई यस मापदण्डअनुरुप सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

२. एच.आई.भी. संक्रमित बालबालिकाका लागि संस्थागत स्याहार र संरक्षण प्रदान गर्ने उद्देश्यले बालगृह सञ्चालनको अनुमति लिँदाका बखतमा कम्तिमा ३ वर्षसम्म सुचारु रूपमा सञ्चालन गर्नसक्ने आर्थिक अवस्थाको विश्वसनीय विवरण र श्रोत पेश गर्नुपर्नेछ ।

३. बालगृह सञ्चालनका लागि पारदर्शी आर्थिक कार्यविधि तयार गरी प्रचलित कानूनको प्रतिकूल नहुने गरी लागू गर्नुपर्नेछ ।

४. बालगृहले आफ्नो स्थायित्वका लागि अक्षय कोषको व्यवस्था गर्नुपर्नेछ ।

५. बालगृहका कर्मचारीहरूलाई एच.आई.भी. संक्रमितहरूको स्वास्थ उपचार, सूचनाको गोप्यता, विशेष हेरचाह तथा व्यवहारसम्बन्धमा कार्य प्रारम्भ गर्दाका बखतमा र वार्षिक रूपमा अनिवार्य तालिमको व्यवस्था गरिनुपर्दछ ।

६. एच. आई भी. संक्रमित बालबालिका रहेको बालगृहमा कम्तिमा एक जना नर्सिङ्ग/मेडिकल क्षेत्रको कर्मचारी तथा एक जना पोषण विशेषज्ञ र एक जना दक्ष परामर्शदाताको अनिवार्य व्यवस्था हुनुपर्नेछ ।

७. एच. आई भी. संक्रमित बालबालिकाप्रति गरिने भेदभावजन्य व्यवहारलाई निषेध गरेको कानूनी व्यवस्थाका बारे कामदार, कर्मचारी वा सञ्चालक/व्यवस्थापकलाई जानकारी हुनुपर्दछ र यससम्बन्धमा आवधिकरूपमा पुनर्ताजगी तालीमको व्यवस्था गरिनुपर्दछ।

८. बालगृहका कर्मचारीहरूलाई एच.आई भी. संक्रमित बालबालिकाका लागि प्रदान गरिने सेवा वा सुविधा जस्तैः आवास, सरसफाइ, पौष्टिक आहार, नियमित स्वास्थ्यपरीक्षणलगायत स्वास्थ्यसँगसम्बन्धित विषयहरूको जानकारी गराउनुपर्दछ।

९. बालगृहका कर्मचारीहरूका लागि एच.आई.भी. संक्रमित बालबालिकालाई रोग सर्ने कारण, माध्यम र अपनाउनु पर्ने सावधानी एवम् एक-अर्कामा गरिने व्यवहारलगायत एच.आई.भी. र एड्ससँग सम्बन्धित शिक्षा र एन्टिरेट्रोभाईरल (एआरभी) औषधि खुवाउने समय तालिकाबारेमा आधारभूत जानकारी दिईनुपर्दछ ।

१०. एच.आई.भी. संक्रमित बालबालिकाको सयनकक्ष दोहोरो वायुप्रसारण (Cross Ventilation) भएको हुनुपर्नेछ।

**मापदण्ड २ : स्वास्थ्य**

१. एच. आइ. भी. संक्रमित बालबालिकालाई अवसरबादी संक्रमण हुने खतरा बढी हुनेहुँदा सोबाट बच्न बालचिकित्सक वा सम्बन्धित विशेषज्ञको सिफारिस, रेखदेख र सल्लाहअनुसार नियमित स्वास्थ्य परीक्षण गर्नु गराउनुपर्नेछ।

२. एच. आइ. भी. संक्रमित बालबालिकालाई स्वास्थ्य प्रयोगशालामा नियमित परीक्षण गराई चिकित्सकको सल्लाहअनुसार खोप सेवा उपलब्ध गराउनुपर्नेछ।

३. एच. आइ. भी. संक्रमित बालबालिकालाई बढी मात्रामा घाउ खटिरा आउने, झाडा पाखाला लाग्ने जस्ता संक्रमण हुनेहुँदा रोगको अवस्थाअनुसार आवश्यक उपचारको व्यवस्था गरी नियमितरूपमा एआरभी औषधि तोकिएको मात्रामा सेवन गराउनुपर्नेछ।

४. एच. आइ. भी. संक्रमित बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र वौद्धिक अभिवृद्धि तथा विकासका लागि उनीहरूमाथि हुन सक्ने भेदभावपूर्ण अवस्थालाई पूर्णरुपमा अन्त्य गरी उनीहरूलाई नियमित औषधि सेवन गर्न र आत्म-सम्मान जगाउनका निम्ति मानसिकरूपमा तयार गरी बालगृहमा स्वस्थ र सम्मानपूर्ण वातावरण श्रृजना गर्न एक दक्ष परामर्शदाताको व्यवस्था गर्नुपर्नेछ।

५. बालचिकित्सक वा सम्बन्धित विशेषज्ञ चिकित्सकको सल्लाह र सुझावअनुसार तोकिएको समयमा एच.आई.भी. संक्रमित बालबालिकाको रोगको अवस्था र जटिलताको आधारमा समूह विभाजन गरी जटिल अवस्थामा रहेका बालबालिकालाई विशेषरूपमा स्याहार र उपचार गर्नुपर्दछ।

६. बालगृहमा आपतकालिन समयमा उपचार गर्ने सामग्री (अक्सिजन, न्युविलाईजर) र एम्बुलेन्सको अनिवार्य व्यवस्था हुनुपर्नेछ।

७. बालगृहबाट छोटो अवधिका लागि अविभावक वा संरक्षकले बालबालिकालाई घरमा लैजान चाहेमा वा स्वयं बालबालिका जान चाहेमा निज बालबालिकाले दैनिक सेवन गर्ने औषधिको मात्रा नछुट्ने गरी खुवाउने विधिसमेत अभिभावक/संरक्षकलाई बुझाई आवश्यक मात्रामा औषधि दिएर पठाउनुपर्नेछ।

**मापदण्ड ३ : शिक्षा तथा व्यक्तित्व विकास**

१. आधारभूत शिक्षा सबै बालबालिकाको अधिकार भएकाले एच.आई.भी. संक्रमित बालबालिकाको हकमा पनि उनीहरूको उमेर र स्वास्थ्यको अवस्थालाई ध्यानमा राखी सहज र सौहार्दपूर्ण वातावरणमा पठन-पाठन गर्न पाउने अधिकार सुनिश्चित गर्न अनिवार्यरूपमा गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्था गरिनुपर्दछ।

२.	एच.आई.भी. संक्रमित बालबालिकाको उमेर १२ वर्ष पुगेपछि एच.आई.भी., एड्स, प्रजनन् स्वास्थ्य तथा अवसरवादी रोगहरू र त्यसको उपचार तथा रोकथाम एवम् बालअधिकारका बारेमा आधारभूत शिक्षा दिईनुपर्दछ ।
३.	एच.आई.भी. संक्रमित बालबालिकालाई उनीहरूको लिङ्ग, चेतना, चाख, र स्वास्थ्यको अवस्थालाई ख्याल गरी व्यावसायिक शिक्षा तथा जीवन निर्वाहको सीप उपलब्ध गराउनुपर्दछ ।
४.	एच.अई.भी. संक्रमित बालबालिकालाई जीवनप्रतिको सकारात्मक सोचको विकास गराउनका लागि नैतिक मूल्य र मान्यतामा आधारित शिक्षा प्रदान गर्नुपर्दछ ।

५.	एच.आई.भी. संक्रमित बालबालिकाको व्यक्तित्व बिकाश, मानसिक सन्तुष्टि र चेतना अभिवृद्धिका लागि समय-समयमा, सम्बन्धित स्थान र निकायमा अवलोकन भ्रमणका साथै तालीम, सेमिनार, गोष्ठी र कार्यशालाजस्ता कार्यक्रमहरूमा सहभागी गराई ज्ञान, सीप, अनुभव र एक-आपसमा सञ्चारको आदान-प्रदान गर्ने वातावरण सिर्जना गर्नुपर्नेछ ।
६.	एच.आई.भी. संक्रमित बालबालिकालाई तनावग्रस्त अवस्थाबाट मुक्त गर्न र शारीरिक एवम् मनोवैज्ञानिक रूपमा तन्दुरुस्त राख्न निजको उमेर र स्वास्थ्यको अवस्था अनुरुप खेलकूद (जस्तैः दौड, फुटबल, भलिबल, व्याडमिन्टन, चेस, क्यारेमबोर्ड, बुद्धिचाल आदि) को व्यवस्था मिलाउनुपर्दछ ।
७.	खेलकूद तथा मनोरञ्जनको व्यवस्था गर्दा कोठा बाहिर अर्थात् खेल मैदानमा खेलिने खेलमा मात्र सिमित नराखी कोठाभित्र समूहगत र एकलरूपमा खेलिने खेलको समेत व्यवस्था मिलाउनुपर्नेछ ।
८.	एच.आई.भी. संक्रमित बालकालिकाको नियमित शारीरिक व्यायाम, खेलकूद, साहित्यिक, साँस्कृतिक तथा सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रतियोगितात्मक कार्यक्रमहरूको आयोजना गरी बालबालिकाको राय र चाहनाअनुसार तालिमका अवसर उपलब्ध गराउँदै क्षमता अभिवृद्धि र विकास गर्ने अवसर प्रदान गर्नुपर्दछ ।

**मापदण्ड ४ : पोषण**

१.	एच.आई.भी. संक्रमित बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि पौष्टिक आहार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तयार गरिएको पोषण मापदण्डअनुसारको हुनुपर्नेछ ।
२.	एच.आई.भी. संक्रमित बालबालिकालाई पौष्टिक तत्वहरु जस्तैः प्रोटिन, कार्बोहाईड्रेड, चिल्लो पदार्थ र भिटामिन तथा खनीज पदार्थहरू सो उमेरका सामान्य बालबालिकाभन्दा बढी आवश्यक पर्ने भएकाले दैनिक भोजनमा उल्लेखित पदार्थहरू पाईने खाना र मौसमअनुसारको फलफूलको व्यवस्था गर्नुपर्नेछ ।
३.	एच.आई.भी. संक्रमित बालबालिकाका लागि कम्तिमा दिनको तीन पटक खाना र दुई पटक खाजाको अनिवार्य व्यवस्था गरिनुपर्दछ ।
४.	एच.आई.भी. संक्रमित बालबालिकाको स्याहार तथा हेरचाह गर्ने व्यक्तिलाई आफ्नो र बालबालिकाको सरसफाई र पोषणसम्बन्धी आधारभूत ज्ञान र प्रयोगात्मक सीप प्रदान गर्न आवश्यक तालिमको व्यवस्था गरिनुपर्दछ ।

**मापदण्ड ५ : विविध**

१.	एच. आई भी. संक्रमित बालबालिकालाई सामाजिक रूपमा घुलमिल तथा समावेशी बन्न प्रोत्सातिह गर्ने नीति अवलम्बन गरिनुपर्दछ ।
२.	एच. आई भी. संक्रमित बालबालिकाको बारेमा समाजमा गलत धारणा बन्न नदिन सूचनाको गोप्यता राखिनुपर्ने नियमलाई अनिवार्यरूपमा सम्मान गरिनुपर्दछ ।

३. बालगृहभित्र बालबालिकालाई शारीरिक तथा मानसिकरूपले रमाईलो तथा आनन्द प्रदान गर्ने खालको वातावरणको प्रत्याभूति गर्नुपर्दछ ।

४. एच.आई.भी. संक्रमित बालबालिकालाई जीवनप्रति सकारात्मक भई बाँच्ने कुरामा मद्दत गर्न नियमितरूपमा मनोसामाजिक तथा मनोविमर्श सेवा प्रदान गरिनुपर्दछ ।

५. एच. आई भी. संक्रमित बालबालिकालाई कुनै पनि काममा लगाउँदा बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले निषेध गरेको जोखिमपूर्ण काममा लगाउन पाईनेछैन ।

६. कानुनी विवादमा परेका एच.आई.भी. संक्रमित बालबालिकाको मुद्दा बालअदालत वा बालइजलासबाट हेरिने सुनिश्चित गरिनुपर्दछ । कानूनी प्रक्रियाको शुरुदेखि अन्त्यसम्म उसलाई एच.आई.भी. संक्रमित भएकै आधारमा कुनै पनि व्यक्ति वा प्रक्रियाले भेदभाव गरिने छैन भन्ने कुरा सुनिश्चित गरिनुपर्दछ ।

७. एच.आई.भी. संक्रमित बालबालिकाको मुद्दाको विवरण प्रचलित कानुनमा व्यवस्था भएअनुसार गोप्य राखिनुपर्दछ ।

८. एच.आई.भी. संक्रमित बालबालिकाप्रति दूर्व्यवहार, हिंसा, शोषण, भेदभाव तथा शारीरिक एवम् मानसिक यातना हुनुहुँदैन र त्यस्तै अन्य गलत कार्यहरूमा लगाउन पाईनेछैन ।

९. बालगृहले त्यहाँ काम गर्ने कर्मचारीहरूलाई लागू हुने गरी बालसंरक्षण तथा बालमैत्री व्यवहारसम्बन्धी आचार-संहिता लागू गर्नुपर्नेछ । त्यस्तो आचार-संहिता सम्बन्धित जिल्लाको जिल्ला बालकल्याण समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

१०. एच.आई.भी. संक्रमित बालबालिका बालगृहमा भर्ना हुन आएमा वा ल्याईएमा त्यस्ता बालबालिकालाई बालगृहको क्षमताले भ्याएसम्म प्राथमिकता साथ भर्ना लिनुपर्नेछ । कुनै पनि बालगृहले बालबालिका एच.आई.भी. संक्रमित वा प्रभावित भएकै आधारमा भर्ना हुनबाट वञ्चित गर्नुहुँदैन ।

११. एच.आई.भी. संक्रमित बालबालिकालाई बालगृहबाट बिदाई गर्दा उनीहरूको जीवन निर्वाहका लागि बालगृहले स्व-रोजगार तथा रोजगारीको वातावरण तयार गर्नुपर्नेछ । यसका लागि बालगृहले त्यस प्रकारको सेवा उपलब्ध गराउने सरकारी निकाय तथा गैरसरकारी संस्थासँग समन्वय गरी निज वा निजको परिवारलाई सेवा उपलब्ध गराउन सक्नेछ ।

१२. बालगृहबाट संक्रमित बालबालिकालाई घरपरिवारमा वा समुदायमा पठाएपछि बालगृहले कम्तिमा पनि २ वर्षसम्म नियमित अनुगमन (Follow up) को व्यवस्था मिलाउनुपर्नेछ र अनुगमन कार्यको अभिलेख सुरक्षित राख्नुपर्नेछ ।

१३. एच.आई.भी. संक्रमित बालबालिका बालगृमा रहँदा उनीहरूको स्याहार तथा हेरचाह गर्न आवश्यक पर्ने जनशक्ति सम्भव भएसम्म उनीहरूकै अभिभावकमध्येबाट व्यवस्था गर्नुपर्नेछ । त्यस्ता अभिभावकहरू पनि एच.आई.भी. संक्रमित भएको खण्डमा उनीहरूको औषधि उपचार, सन्तुलित आहार र लत्ता-कपडाको व्यवस्था पनि बालगृहले मिलाउनुपर्नेछ ।

१४. नेपाल सरकारको सम्बन्धित निकाय एवम् केद्रीय तथा जिल्ला बालकल्याण समितिले समय समयमा दिएको निर्देशनको पालना गर्नु सबै बालगृहहरूको कर्तव्य हुनेछ ।

अनुसूची - २
(मापदण्ड ५५ संग सम्बन्धित)

# बालसंरक्षण कार्ययोजनाको रूपरेखा

**प्रस्तावना**

संस्थाको भूमिका, प्रस्तावना र उद्देश्यबाट मुख्य मुख्य बुँदाहरु लिने ।
बालबालिकालाई दुर्व्यवहार, हिंसा, शोषण र भेदभावजस्ता जोखिमबाट संरक्षण गर्न यस संस्थाको उद्देश्य, कर्तव्य, दायित्व र प्रतिवद्धता भएकाले,
(.... ... सरोकारवाला र बालबालिकासमेतसँग परामर्श गरी) यो बालसंरक्षण कार्ययोजना जारी गरिएको छ ।

यो यो बालसंरक्षण कार्ययोजनाको पालना गर्नु ...यस संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बद्ध पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

**१. कार्ययोजना**

**१.१ उद्देश्य :**

- संस्थामा संलग्न सबै पदाधिकारी तथा कर्मचारी, स्वयंसेवकहरूलाई बालसंरक्षणका विषयमा जानकारी दिई कार्यक्रममा सहभागी बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण र भेदभावबाट संरक्षण गर्नु यस कार्ययोजनाको उद्देश्य रहेको छ ।
- यो कार्ययोजना आचारसंहिताका रूपमा संस्थाका सबै सदस्यहरू, कर्मचारीहरू, स्वयंसेवकहरू, परामर्शदाताहरु जो विशेषगरी बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्दछन् र बालबालिकाका साथमा विदेश भ्रमणमा जानेहरू सबैमाथि लागू हुन्छ ।
- यस कार्ययोजनामा उल्लेख भएका आचारसंहिताको उल्लंघन गरेमा त्यसलाई विधान र कर्मचारी सेवाशत विपरीत कार्य गरेको मानिनेछ र त्यसमा यही कार्ययोजना कार्यान्वनयनका लागि बनेको कार्यविधिअनुसार कारबाही गरिनेछ ।

१.२. **....बालसंरक्षण कार्ययोजना**

- बालबालिकालाई कुटपिट गर्न वा शारीरिक वा मानसिक चोट पुऱ्याउन वा दुर्व्यवहार गर्नुहुँदैन ।
- बालबालिकासँग शारीरिक वा यौनसम्बन्ध राख्नुहुँदैन ।
- बालबालिकालाई कुनै काम वा बोलीबाट दुर्व्यवहार गर्न वा दुर्व्यवहारको जोखिममा पार्नुहुँदैन ।
- बालदुर्व्यवहारका मामिलालाई अतिरञ्जित वा उपेक्षित तुल्याउनुहुँदैन ।
- बालबालिकालाई अभद्र, अनुचित र आक्रामक शब्दको प्रयोग गर्ने, सल्लाह वा सुझाव दिने गर्नुहुँदैन ।
- ख्यालख्यालमा पनि बालबालिकालाई अभद्र इसारा वा बोली प्रयोग गर्नुहुँदैन ।
- जाति, संस्कृति, उमेर, लिङ्ग, शारीरिक अवस्था, धर्म, क्षेत्र, यौनिकता वा राजकार्ययोजनाक आस्थाका आधारमा बालबालिकालाई भेदभाव हुने शब्द प्रयोग गर्ने वा व्यवहार गर्ने गर्नुहुँदैन ।
- सामान्यता वालवालिकालाई मोटरमा एक्लै लिएर डुल्न जानुहुँदेन ।
- बालबालिकालाई अस्वाभाविक र अनुपयुक्त मानिने तरिकाले अँगालो मार्ने, म्वाइ खाने, धाप मार्ने, सुमसुम्याउने वा समात्ने गर्नुहुँदैन ।
- बालबालिकाले इच्छा नदेखाएमा उसँग हात मिलाउनेलगायतका व्यवहार गर्न कर गर्नु र त्यसमा आफू अगाडि सर्नहुँदैन ।
- बालबालिकामाथि आफ्नै दौंतरीहरूबाट पनि दुर्व्यवहार हुनसक्ने जोखिमप्रति सजग रहनुपर्छ ।
- आफूले जति नै सदाशय राखे पनि अरूले आफ्नो व्यवहारको अपव्याख्या गर्न सक्छन् भन्ने सधैं ख्याल राख्नुपर्छ ।
- कुनै पनि व्यक्तिले आफूले बालबालिकाप्रति दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव गरे पनि आफ्नो व्यक्तिगत प्रतिष्ठाले कारबाहीबाट जोगाउँछ भनेर कहिल्यै ठान्नुहुँदेन ।

- बालबालिकाप्रति दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव गरे पनि कारबाही हुने परिस्थितिमा आफू परिंदैन भनेर कहिल्यै ढुक्क हुनुहुँदैन ।
- संस्थाका पदाधिकारी, कर्मचारी, स्वयंसेवी र बालबालिकाले दण्ड, सुधार वा अनुशासन कुनै बहाना वा अवस्थामा बालबालिकामाथि कुनै पनि प्रकारको यातना, क्रुर, अमानवीय वा तिरस्कारपूर्ण व्यवहार गर्न, गराउन वा सहन हुँदैन ।
- दुर्व्यवहार, शोषण, हिंसा, भेदभावजस्ता व्यवहार भएमा त्यसको विरोध र प्रतिरोध गर्नुपर्दछ र तत्काल सुपरिवेक्षक व्यक्ति वा निकायलाई जानकारी गराउनुपर्दछ ।
- बालसंरक्षण कार्ययोजना, नियम र आचारसंहिताको उल्लंघन भएको विश्वास वा हुने शंका भएमा समस्या समाधान गर्ने दायित्व र अधिकार भएको जिम्मेवार निकाय वा तहलाई तत्काल जानकारी गराउनुपर्दछ । त्यस्तो दायित्व आफ्नै रहेछ भने आवश्यक कारबाहीका लागि पहल गर्नुपर्छ ।
- सबैले बालबालिकाको गोपनीयताको अधिकारको सम्मान गर्नुपर्दछ र खासगरी कर्तव्य पालनका सिलसिलामा जानकारीमा आएको बालबालिका र उनीहरूको परिवारसँग सरोकार राख्ने कुनै पनि तथ्य प्रकाशमा ल्याउनुहुँदैन ।
- बालबालिकासँग सकारात्मक, स्नेहपूर्ण र आपसी सम्मानपूर्ण व्यवहार अनुरुपको सम्बन्ध राख्नुपर्छ ।
- बालबालिकाको मृत्यु, दुर्घटना, आत्महत्या, पलायन, वा बालबालिकामाथि दुर्व्यवहारजस्ता घटना भएको थाहा पाउने बित्तिकै व्यवस्थापनलाई सूचना दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।
- कसैले पनि बालबालिकालाई धम्की दिने, श्रम र यौनशोषण गर्ने, कुटपीट गर्ने शारीरिक वा मौखिक दुर्व्यवहार गर्ने गर्नुहुँदैन । अरू कसैले त्यस्तो व्यवहार गरेको देखेमा प्रतिवाद गर्नुपर्छ र आवश्यक कारबाही गर्नु, गराउनुपर्छ ।
- बालबालिकाको सर्वोत्तम हितका निमित्त सधैं तत्पर हुनुपर्छ र कुनै पनि अवस्थामा जानीजानी बालबालिकामाथि क्षति पुग्ने काम गर्नुहुँदैन ।

## २. **बालसंरक्षण कार्यविधि :**

....संस्था प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न संघसंस्था र व्यक्तिहरूका लागि तर्जुमा गरेको बालसंरक्षण कार्ययोजना लागू गर्न निम्न बमोजिमको कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

२.१. ...को बालसंरक्षण कार्ययोजनाको कार्यान्वयनको अनुगमनका लागि बालअधिकारकर्मी, दीक्षित समाजिक कार्य गर्ने व्यक्ति (Social Worker) शास्त्री, कानुनविद्, मनोसामाजिक विशेषज्ञ र ....संस्थाका प्रतिनिधि रहेको अनुगमन समिति गठन गरिनेछ । अनुगमन समितिले आफ्नो कार्यविधि आफैं तय गर्नेछ । अनुगमन समितिले कारबाहीको सिफारिस गर्दा घटनाको प्रकृति र गम्भीरताका आधारमा गर्नुपर्नेछ ।

२.२. ....का सबै पदाधिकारी, कर्मचारी, सदस्य तथा साझेदार संघसंस्थाका प्रतिनिधि, साधारण सदस्यहरूले बालसंरक्षण कार्ययोजना पालना गर्ने प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्नुपर्नेछ । यो कार्ययोजना लागू भएपछि सदस्य बन्न चाहने वा नियुक्त हुने कर्मचारीले पनि त्यस्तो प्रतिज्ञापत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।

२.३. ...पदाधिकारी वा कर्मचारीमाथि बालसंरक्षण कार्ययोजनाविपरीत कार्य गरेको आरोप लागेमा अनुमगन समितिले छानबिन गरी कारबाहीको सिफारिससहितको प्रतिवेदन ...का अध्यक्षलाई दिनेछ । छानबिनबाट सफाइ नपाउँदासम्म त्यस्तो आरोप लागेको व्यक्ति आफ्नो पदबाट निलम्बित हुनेछ । अध्यक्षले यस्तो प्रतिवेदन प्राप्त भएको बढीमा १ साताभित्र कार्यान्वयन गराउनुपर्नेछ ।

२.४ बालसंरक्षण कार्ययोजनाको उल्लंघन गरेको ठहर भएमा त्यस्तो व्यक्ति स्वतः पदमुक्त हुनेछ र भविष्यमा संस्थाको कुनै पनि पदका लागि अयोग्य भएको मानिनेछ ।

२.५ बालसंरक्षण कार्ययोजनाको उल्लंघन गर्ने पदाधिकारी वा कर्मचारीले गरेको घटनाको गम्भीरता र प्रकृतिअनुसार कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

२.६ बालसंरक्षण कार्ययोजनाको कार्यान्वयनको अनुमगन सामान्यतया संस्थाका पदाधिकारीले गर्नेछन् । अनुगमनको कार्यविधि र सूचकांकको अनुगमन समितिको सिफारिसमा संस्थाको कार्यसमितिले तय गर्नेछ ।

२.७. ...का सदस्य संस्थाका पदाधिकारी वा साधारण सदस्यले बालसंरक्षण कार्ययोजनाविपरीत कार्य गरेको ठहर भएमा निजलाई सदस्यताबाट हटाइनेछ ।

२.८ .....सँग कारोबार गर्ने बैंक, व्यापारिक प्रतिष्ठान वा अन्य कुनै संस्था वा व्यक्तिले पनि बालसंरक्षण कार्ययोजना पालना गर्नुपर्नेछ । त्यस्तो प्रतिष्ठान वा व्यक्तिले बालसंरक्षण कार्ययोजनाविपरीत कार्य गरेको प्रमाणित भएमा वा अनुगमन समितिले प्रतिवेदन दिएमा त्यस्ता व्यक्ति वा संस्थासँग ....ले कुनै कारोबार गर्नेछैन ।

२.९ बालसंरक्षण कार्ययोजना अनुगमन समितिले संस्थाका कार्यक्रमहरू, सदस्य संस्था र व्यक्तिहरूका संस्था र कारखाना तथा संस्थासँग कारोवार गर्ने व्यक्ति र संस्थाहरूको निरीक्षण/अध्ययन गरी सुझाव र सिफारिससहितको वार्षिक अनुगमन प्रतिवेदन संस्थाका अध्यक्षलाई बुझाउनुपर्नेछ । अनुगमन समितिको सहयोगका लागि आवश्यक सक्षम कर्मचारी संस्थाले खटाउनेछ ।

## ३. बालसंरक्षण कार्ययोजनाको प्रचारप्रसार

यस बालसंरक्षण कार्ययोजनाको बारेमा सरोकारवाला सबैलाई जानकारी दिन चरणबद्ध रूपमा तालिमको आयोजना गर्नुपर्छ । यसलाई यस कार्ययोजनाको अभिन्न अङ्गको रुपमा लिइनुपर्दछ । यसलाई बालसंरक्षण कार्ययोजनाको कार्यविधिमा नै उल्लेख गर्नुपर्छ ।

बालसंरक्षण कार्ययोजनाको अन्तिम मस्यौदा तयार भएपछि निम्नअनुसारको कार्यक्रमहरू आयोजना गर्नुपर्दछ :

३.१ संस्थाका पदाधिकारी र कर्मचारीहरू, सहयोग र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने संस्थाका पदाधिकारी र कर्मचारीहरू तथा साधारण सदस्य र बालबालिकाका लागि परिचय र अभिमुखीकरण गोष्ठी ।

३.२ बालसंरक्षण कार्ययोजनालाई पुस्तिकाका रूपमा छपाउने र फ्लेक्स बोर्डमा चित्रित गरी पाठ्यसामग्री प्रकाशन र प्रचार गर्ने ।

**अनुसूचि ३**
(मापदण्ड : ५ को देहाय संग सम्बन्धित)

# आवासीय बालगृहको प्रतिवेदन ढाँचा
(Format for Child Care Home)

त्रैमासिक अनुगमन प्रतिवेदन
Quarterly Monitoring Report

(१) बालबालिकाको जनसांख्यिक जानकारी (यदि नयाँ भर्ना भएका छन् भने)
Demographic Profile of the Child (if Newly admitted)

(२) बालबालिकाको स्वास्थ्य
Health of the Child

(a) Height उचाइ
(b) Weight तौल
(c) Immunization (Child under 9 months) (खोप (९ वर्ष मुनिका बालबालिका)
(d) General checkup of other children (A detailed report book to be maintained and signed by Dr) सबै बालबालिकाको सामान्य स्वास्थ्य परीक्षण (विस्तृत प्रतिवेदन अभिलेख किताब तयार गर्नुपर्नेछ र डाक्टरले हस्ताक्षर गर्नुपर्नेछ ।)

(३) स्थुल अङ्गको विकास
Motor skill Development

(४) भाषा विकास
Language Development

(५) सामाजिक विकास
Social Development

(६) अन्य विशिष्ट सूचनाहरु (जस्तै अस्पताल भर्ना, वंशाणुगत रोग, आदि)
Other specific information (eg hospitalized, hereditary disease, HIV/AIDS, rabies etc. )